# पहिलो अध्याय
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक अमर त्यागीका कविता कृतिहरूको अध्ययन रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३. विषय परिचय

नेपाली साहित्यका उल्लेख्य व्यक्तित्व अमर त्यागीको जन्म वि.स. २०२५ भाद्रमा सगरमाथा अञ्चल, ओखलढुङ्गा जिल्ला, यसमा मझुवामा भएको हो । उनका पिता रणवहादुर श्रेष्ठ र माता स्व. लक्ष्मी श्रेष्ठ हुन् । मझुवाकै श्री गणेश प्रा.वि. बाट शिक्षा आरम्भ गरेका त्यागीले सिद्धेश्वर संस्कृत मा.वि., कलैयाबाट प्रवेशिका, श्री रामराजा क्याम्पस, कलैया, बाराबाट प्रमाणपत्र तह, श्री ठाकुरराम क्याम्पस, वीरगन्जबाट स्नातक र श्री वीरेन्द्र बहुमुखी क्याम्पस, चितवनबाट स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी हाल नेपाल संस्कृत विश्वविद्यालयबाट नेपाली गजलमा शृङ्गार विषयमा विद्यावारिधि गरिरहेका छन् ।

कक्षा तीनमा अध्ययनरत रहँदा गाउँ पञ्चायतको सभामा विकास शीर्षकको कविता रचना गरेर सुनाउँदा तत्कालीन प्रधानपञ्चबाट दस रूपैयाँ बक्सिस पाएका त्यागी त्यस बेलादेखि नै कविता रचनामा प्रवृत्त भएका हुन् र उनको प्रथम रचना २०४० साल भाद्र ४ गतेको गोरखापत्रमा गोठाला-गोठाली शीर्षक कविता प्रकाशित भएको हो । कविता, गजल, कथा, निबन्ध, समालोचना, हाइकु, ताङ्काका साथै सूत्र कविता, सूत्रकथा, सूत्र निबन्धका समेत रचनाकार त्यागीका अनेकौं रचनाहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित छन्, भने बाँसुरीमा आँसुको गीत गजलकृति (२०५७), अक्षरहरूको देश कविताकृति (२०५८) र अनुभूतिको जुलुस सूत्र कविताकृति (२०६०) र

अभियुक्त ईश्वर ताङ्काकृति (२०६२) पुस्तककार कृतिका रूपमा प्रकाशित छन् । उनी प्रतीक कथा पुरस्कार (२०४५), अस्तित्व साहित्य सम्मान (२०५८), वीसाप काव्य पुरस्कार (२०५९) नारायणी वाङ्मय पुरस्कार (२०६०), सूत्रस्रष्टा सम्मान (२०६१), राष्ट्रिय वाङ्मय सम्मान (२०६२), गजल गौरव सम्मान (२०६२) बाट पुरस्कृत-सम्मानित छन् भने रणलक्ष्मी राष्ट्रिय प्रतिभा पुरस्कारका संस्थापक, गजल गुँड नेपालका अध्यक्ष, देवकोटा स्मृति सभा,बाराका महा-सचिव, नेपाल आख्यान समाज बारा-पर्साका महासचिव, नेपाल गजल प्रतिष्ठानका महा-सचिव, बारा वाङ्मय परिषद् र हास्यव्यङ्ग्य समाज, बाराका सचिव, भोजपुरी वाङ्मय प्रतिष्ठान, पर्साका सदस्य, नेपाल भोजपुरी प्रतिष्ठान बाराका सल्लाहकार, नेपाल हाइकु महा-सङ्घका महा-सचिव, नेपाल कोरिया साहित्य समाजका सदस्य एवम् मूर्च्छना गजल पत्रिका, जनहित-ज्योति र प्रज्ञान साहित्यिक पत्रिकाका सम्पादक समेत रहेका छन् । उनले अन्य एक दर्जन जति स्थानीय नवोदित र अग्रजका कृतिहरूका समेत सम्पादन गरेका छन्

विभिन्न विद्यालय र महा विद्यालयहरूमा अध्यापन-प्राध्यापक कार्यको माध्यमबाट शिक्षा प्रदान गर्दै लामो समयदेखि भाषा साहित्य क्षेत्रमा समर्पित रहँदै आएका अमर त्यागी वर्तमान पुस्ताका एक प्रखर स्रष्टाका रूपमा स्थापित छन् । साथै नेपाली काव्य क्षेत्रमा उनको योगदान प्रशंसनीय रहेको छ ।

समसामयिक नेपाली काव्यक्षेत्रका यथार्थवादी सर्जक अमर त्यागीको कविता प्रकाशित कृतिहरूको विभिन्न कोणवाट अध्ययन र विश्लेषण यस शोध पत्रमा गरिएको छ ।

### १.४. शोधसमस्या

प्रगतिवादी तथा प्रयोगवादी धारका सर्जक अमर त्यागी चालीसको दशकदेखि हालसम्म निरन्तर रूपमा सक्रिय रहँदै आएका स्रष्टा हुन् । उनको समग्र कविता कृतिहरूको विषयमा हालसम्म कोहीबाट पनि व्यवस्थित र विश्लेषणत्मक अध्ययन हुन सकेको देखिँदैन । अतः उनका कविता कृतिहरूको समग्र र व्यवस्थित अध्ययन विश्लेषण यस शोधकार्यको मुख्य समस्या हो । यस्ता समस्याहरूलाई निम्न वुँदामा देखाइएको छ ।

क. अमर त्यागीका जीवनवृत्त के कस्तो रहेको छ ?

ख. अमर त्यागीका कविता विधाका के-कस्ता कृतिहरू प्रकाशित छन् ।

ग. अमर त्यागीका कविता कृतिहरूको विषय, संरचना र भाव के कस्ता रहेको छ ?

घ. नेपाली साहित्यमा अमर त्यागीको स्थान र योगदान के कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

अमर त्यागीका कविता कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने मूल उद्देश्यसँग सम्बन्धित निम्न लिखित उद्देश्यहरूको परिपूर्तिमा प्रस्तुत शोधपत्र केन्द्रित रहने छ ।

(क) अमर त्यागीको सङ्क्षिप्त जीवनवृत्त केलाउनु,

(ख) अमर त्यागीका कविता विधाका के-कस्ता कृतिहरू प्रकाशित छन् र कृतिगत विशेषता के -कस्ता रहेका छन् भन्ने कुराको खोजी गर्नु,

(ग) अमर त्यागीका कविता कृतिहरूको विषय, संरचना र भावको निरूपण गर्नु,

(घ) नेपाली साहित्यमा अमर त्यागीको स्थान र योगदानको निक्यौंल गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा

लामो समयदेखि नेपालीका विभिन्न विधामा कलम चलाउँदै आएका अमर त्यागीको त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, सिद्धार्थ नगरबाट जीवनी व्यक्तित्व र कृतित्वको बारेमा रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँबाट गजलकारिताका बारेमा, त्रिचन्द्र क्याम्पस, काठमाडौँबाट कविताका बारेमा अध्ययन-अनुसन्धान कार्य भइ रहेको बुझिए पनि उनका कविता कृतिहरूको एकसाथ समग्रतामा भने व्यवस्थित अध्ययन हुन सकेको छैन । सामान्यतया क्षेत्रीय अध्ययन अन्तर्गत बारा जिल्लाका प्रतिनिधि कवि र तिनका कविताकृतिको अध्ययन, नारायणी अञ्चलका प्रतिनिधि गजलकार र तिनका गजलकृतिको अध्ययन, बारा जिल्लाको साहित्यक रूपरेखा र ओखलढुङ्गा जिल्लाको साहित्यिक रूपरेखा जस्ता स्नातकोत्तर शोधपत्र एवम् विभिन्न विद्वान्हरूले लेखेका लेख, समालोचना तथा समीक्षाहरू नै उनका कविताका बारेमा भएका पूर्वकार्य हुन् । त्यस्ता कार्यहरू कालक्रमिक रूपमा निम्नानुसार रहेका छन् –

नवराज रिजालले, (२०५५) त्रि.वि.केन्द्रीय क्याम्पस नेपाली विभागमा प्रस्तुत “बारा जिल्लाको साहित्यिक योगदान” शीर्षकको स्नातकोत्तर शोधपत्रमा अमर त्यागीका कवितामा समसामयिक जीवन भोगाइका यथार्थता प्रतिध्वनित भएको तथ्य उद्घाटन गरेका छन् । उनले त्यागीका कविता कृतिका विषयवस्तुको चर्चा मात्र यस शोधपत्रमा गरेका छन्, उनले त्यागीका रचनागत शिल्प र सौन्दर्यको भने चर्चा गरेका छैनन् ।

गोबर्द्धन पूजाले अन्नपूर्ण पोष्ट (२०५९) १२ जेष्ठ पृष्ठ ६ मा ‘अक्षरहरूको देश’ शीर्षक लेखमा त्यागीको अक्षरहरूको देश कृतिभित्र समसामयिक विचारका प्रस्तुतिहरू

रहेका कुरा उल्लेख गरेका छन् । उनले यस लेखमा त्यागीका कविताका सङ्क्षिप्त परिचय मात्र दिएका छन् । उनका कविताको प्रवृत्तिगत विश्लेषण गरेका छैनन् ।

वीरेन्द्र साहले स्पेशटाइम दैनिक (२०५९) वैशाख १८, पृष्ठ ६ मा अक्षरहरूको देश शीर्षक लेखमा त्यागीको कविता अक्षरहरूको देशमा रहेका प्रत्येक कविताका विषय गम्भीर, भाव सामयिक र प्रस्तुति कलापूर्ण रहेको कुरा उल्लेख गरेका छन् । उनले यस लेखमा त्यागीका कविताका विविधाङ्गी यथार्थको विवेचना भने गरेका छैनन् ।

खिमानन्द पोखरेलले साप्ताहिक दिव्य दर्शन (२०५९) जेठ ११, पृष्ठ ५ मा 'कवितामा सम्भावना त्यागीको' शीर्षक पुस्तक समीक्षामा अक्षरहरूको देश कविता सङ्ग्रहको चर्चा गर्दै विम्बात्मक र प्रतीकात्मक शैली उनको प्रमुख विशेषता भएको उल्लेख गरेका छन् । उनले यस समीक्षामा त्यागीका कविताको विषय र भावगत गहनताको कुनै चर्चा गरेको छैनन् ।

नवराज रिजालले प्रकाश साप्ताहिक (२०५९) जेठ १२, पृष्ठ ४ मा 'एउटा यात्रा **अक्षरहरूको देश**भित्र' शीर्षकको लेखमा कवि त्यागी मानवतावादी कवि भएकाले सबै विसिमको हिंसा, आतङ्क, अन्याय, अत्याचार, शोषण, दमनको विरोध गर्दछन् भन्ने कुराको चर्चा गरेका छन् । उनले प्रस्तुत समीक्षामा त्यागीका कविताको विवेचना वा विश्लेषण नगरी सामान्य चर्चा मात्र गरेका छन् ।

चन्द्रकिशोरले देशान्तर साप्ताहिक (२०५९) जेठ २२, पृष्ठ ४ 'अक्षरहरूको सार्वभौमताको गायन' शीर्षकको लेखमा त्यागीको **अक्षरहरूको देश** कविता सङ्ग्रहमा भएका कवितामा कला, भाव र दर्शनको उच्च समन्वय रहेको कुरा चर्चा गरेका छनन् । उनले यस समीक्षामा त्यागीका कविताको विस्तृत विश्लेषण गर्ने र त्यागीका कविताका गहन अध्ययन गर्ने जमर्को भने गरेका छैनन् ।

शोभाकर पराजुलीले अङ्कुश दैनिक (२०५९) साउन १३, पृष्ठ ४मा 'अनौपचारिक आनन्द अमर दम्पति र ओशो ध्यानकेन्द्र' शीर्षक लेखमा अमर त्यागीको कविताहरूले र गजलहरूले मानिसलाई आनन्दित पार्ने कुराको चर्चा गरेका छन् । उनले यस लेखमा त्यागीका कविताको भावात्मक प्रस्तुति मात्र गरेका छन्, विचार पक्षको चिरफार गरेका छैनन् ।

सञ्जय साहले अङ्कुश दैनिक (२०५९) भाद्र २४, पृष्ठ ५ मा '**अक्षरहरूको देश**मा मान्छेका आकृतिहरू' शीर्षक समालोचनामा त्यागीका कवितामा मानव मनका बह, राष्ट्रियताप्रतिको आस्था, सामाजिक विकृतिप्रति आक्रोस एवम् मानवीय मूल्य, मान्यता र महत्ताप्रतिका चिन्तनचैतन्यका शब्दपुष्प गुँथिएको कुरा व्यक्त गरेका छन् । उनले त्यागीका

कविताका रचनात्मक स्वरूपको चर्चा गरे पनि भाव, सन्देश र शिल्पगत विशेषताको चर्चा गरेका छैनन् ।

पृथ्वीराज पाण्डेले, प्रतीक दैनिक (२०५९) माघ ४, पृष्ठ ६ मा 'अक्षरहरूको देशमाथि एक दृष्टिकोण' शीर्षक समीक्षामा त्यागीका कवितामा अनुभूतिमा तीव्रता, भाव तथा विषयमा गहनता र प्रस्तुतिमा मनोहारिता रहेको कुरा व्यक्त गरेका छन् । उनले त्यागीका कविताले विभिन्न पक्षको यथार्थवादी चित्रण गरे तापनि गहन व्याख्या र विश्लेषण नगरी सतही चर्चा गरेका छन् ।

सुरेश वाग्लेले सगर (२०५९) वर्ष ७, अङ्क ३, पूर्णाङ्क २४ मा 'अक्षरहरूको देशमा सचेत अक्षरहरू' शीषकको समीक्षामा त्यागीका कवितामा राष्ट्रबोध, समयबोध र आत्मबोधको सिङ्गो क्षितिज रहेको कुरा जनाएका छन् । उनले यस लेखमा त्यागीका कविताको समग्रताको सङ्क्षिप्त चर्चा मात्र गरेका छन्, विभिन्न पक्षको विश्लेषण गरेका छैनन् ।

रामप्रसाद साहले जनमत (२०५९) पूर्णाङ्क ८८ मा 'अमर त्यागीको अक्षरहरूको देशभित्र रमाउँदा' शीर्षक समालोचनामा त्यागीका कवितामा भावना, अनुभूति, अन्तर्बोध र भोगाइका चिन्तन चैतन्यमा झुल्किने घामको न्यानोपन रहेको विचार प्रकट गरेका छन् । उनले त्यागीका कविताको विषय पक्षको मात्र बढी उल्लेख गरेका छन्, भाव र सन्देश पक्षको चर्चा विस्तृत रूपमा गरेका छैनन् ।

ध्रुवचन्द्र गौतमको अनुभूतिको जुलुस (२०६०) को भूमिकामा 'अनुभूतिको जुलुस सूत्र कवितालाई सूत्र शुभकामना' शीर्षक भूमिकामा त्यागीका सूच कवितामा क्रियारहित नवीन प्रस्तुति र अनुभूतिमा तीक्ष्णता रहेको कुरा व्यक्त गरेका छन् । उनले त्यागीका सूत्र कविताको विषय र भावको परिचय मात्र दिएका छन्, संरचनागत विशेषताको उल्लेख गरेका छैनन् ।

रमेश गोर्खालीले **अनुभूतिको जुलुस** (२०६०) को भूमिकामा 'सूत्र कविता अनन्त जिजीविषाको आधुनिक बान्की' शीर्षक भूमिकामा त्यागीका सूत्र कविता नव-यथार्थवादी विसङ्गतिवादी र अस्तित्ववादी दर्शनको केन्द्रीयता भेटिन्छ भनेका छन् । उनले त्यागीका सूत्र कविताको मूल प्रवृति मात्र उल्लेख गरेका छन्, विषयगत र भाव सम्प्रेषणगत विशेषतालाई औंल्याएका छैनन् ।

लक्ष्मणप्रसाद गौतमले **अनुभूतिको जुलुस** (२०६०) को भूमिकामा 'सूत्र कवितामाथि सूत्र समालोचनात्मक खारेख' शीर्षक भूमिकामा त्यागीका सूत्र-कवितामा विविध संवेदना, रागात्मकता अनुभूति र भावहरूको कवितात्मक सङ्गठन रहेको छ

भनेका छन् । उनले त्यागीका सूत्र-कविताको ममग्रताको परिचय मात्र दिएका विविध छन्, भाव, विचार र शिल्पगत विशेषताको विश्लेषण गरेका छैनन् ।

चन्द्र किशोरले अङ्कुश दैनिक (२०६०) साउन ६, पृष्ठ ६ मा 'गजल गुँडको अमर त्यागी र भत्किएको मान्छेको गुँड' शीर्षक लेखमा त्यागीका कवितामा आजका मान्छेका निकृष्ट प्रवृत्ति र समाजका विकृति एवम् विसङ्गतिको यथार्थ चित्र रहेको कुरा उल्लेख गरेका छन् । उनले त्यागीका कवितामा वस्तुस्थितिको सामान्य चर्चामात्र गरेका छन्, विस्तृत विवेचना गरेका छैनन् ।

गोपाल पौडेलले गोरखापत्र (२०६०) कात्तिक २२ शनिवार अङ्क, पृष्ठ ६ मा "अक्षरहरूको देशभित्रको स्वर" शीर्षक समीक्षामा त्यागीका कवितामा कुरीति, कुसंस्कारको पर्दाफास, राष्ट्र र राष्ट्रियताप्रतिको प्रेम, एवम् मानिसका विवशता, वाध्यता र नियतिका बारेमा यथार्थ स्वरसन्धान गरिएको छ भनेक छन् । उनले त्यागीका कवितात्मक स्वरूपको मात्र चर्चा गरेका संरचना, भाव वा विचारको कुनै परिचर्चा गरेका छैनन् ।

घनश्याम न्यौपाने परिश्रमीले अङ्कुश दैनिक (२०६०) मङ्सिर ६, पृष्ठ ६ मा "**अक्षरहरूको देश**मा विचरण गर्दा" शीर्षक समीक्षामा त्यागीका कवितामा काल चेतना, सामाजिक चेतना, सांस्कृतिक चेतना र व्यङ्ग्य चेतना रहेको छ भनेका छन् । उनले त्यागीका रचनाका कथ्यगत विशेषता मात्र उल्लेख गरेका छन्, शिल्प-सौन्दर्य र भावगत विशेषताको उल्लेख गरेका छैनन् ।

सचिता लोहनीले त्रि.वि. केन्दीय क्याम्पस, नेपाली विभाग अन्तर्गतको "बारा जिल्लाको प्रतिनिधि कवि र कविताकृतिको अध्ययन" (२०६१) शीर्षक अप्रकाशित स्नातकोत्तर शोधपत्रको 'अमर त्यागीको कविता कृतिको अध्ययन' शीर्षक अर्न्तगत उनका कविताको सङ्क्षिप्त चर्चा गरेका छन् । उनले त्यागीका कविताहरूको विस्तृत विवेचना भने गरेकी छैनन् ।

नवराज रिजालले बारा महोत्सव स्मारिका (२०६१) वर्ष १ अङ्क १ मा "बाराको साहित्यिक चिनारी", शीर्षक लेखमा त्यागीका बारा जिल्लामा रहेर नेपाली भाषा साहित्यको सेवामा समर्पित स्रष्टा रहेको र उनको कवितामा प्रगतिवादी चेतना, मानवतावादी मूल्य र राष्टवादी भावना रहेको तथ्य उद्वोध गरेका छन् । उनले यस लेखमा त्यागीका व्यक्तित्व पक्षको बढी चर्चा गरेका छन् र कृतित्वगत विशेषताको चर्चा न्यून मात्रामा मात्र गरेको छन् ।

माधव काफ्लेले रचना (२०६३) पूर्णाङ्क ९१, पृष्ठ ७५ मा 'अनुभूतिको जुलुसः एक अध्ययन' शीर्षकको लेखमा त्यागीले आफ्नो सूत्र कवितामा उत्तरआधुनिक संरचनालाई जीवन्त पाराले प्रयोग गरेको चर्चा गरेका छन् । उनले यस लेखमा त्यागीका सूत्रकविताको प्रवृतिगत परिचय मात्र दिएका छन्, उनले सूत्रकविताकोस्वरूप, विषय, भाव र प्रस्तुतिको विवेचना गरेका छैनन् ।

नवराज रिजालले बारा महोत्सव स्मारिका (२०६३) वर्ष २, अङ्क २ मा “बाराका प्रतिनिधि स्रष्टाहरू” शीर्षक लेखमा त्यागीका कवितामा सामाजिक कुप्रवृत्ति, कुसंस्कार, थिचोमिचो र भेदभावका विरुद्ध सशक्त आवाज रहेको छ भनेका छन् । उनले त्यागीको रचनागत विशेषता बताए पनि यस लेखमा रचनागत प्रवृत्ति र शिल्पगत मान्यताको चर्चा गरेका छैनन् ।

बाबुराम पौडेलले सुरभि स्रष्टा परिचय (२०६६) पृष्ठ ४२ मा स्रष्टाको परिचय दिने क्रममा त्यागीका कविता, गजल, मुक्तक, ताङ्का आदिमा सामाजिक विकृति, विसङ्गति प्रताडना र प्रवञ्चना यथार्थवादी रूपमा अभिव्यक्ति भएको हुन्छ भनेका छन् । उनले त्यागीका पद्यरचनाका विषयगत प्रवृत्तिको मात्र सामान्य उल्लेख गरेका छन्, भाव र संरचनागत विशेषताको विवेचना गरेका छैनन् ।

लोकबहादुर मल्लले (२०६८), त्रि.वि.भैरहवा बहुमुखी क्याम्पसमा प्रस्तुत “अमर त्यागीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” शीर्षकको स्नातकोत्तर शोधपत्रमा त्यागीका जीवन जगत्का चर्चा गरेका छन् । उनले कृतिहरूको पनि परिचय दिएका छन् ।

## १.७ शोधपत्रको औचित्य

वर्तमान नेपाली साहित्यका प्रखर सर्जक अमर त्यागी बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्व हुन् । यिनका प्रकाशित कविता कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन हालसम्म नगरिएको हुँदा उनका कृतिहरूको बारेमा गरिने यो शोधकार्य औचित्यपूर्ण रहेको छ । यस शोधकार्यले कुनै पनि साहित्यकारको समग्र कविता कृतिहरूको अध्ययन गर्ने प्रवृत्ति स्थापित हुनाका साथै त्यागीको कृतिका बारेमा जान्न चाहने जो कोहीलाई पनि सहयोग पऱ्याउने छ । यी विविध कारणले गर्दा यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यमा मूलतः पुस्तकालयीय अध्ययन विधिवाट सामग्री सङ्कलन गरिएको छ । सम्बन्धित विषयका पुस्तक, पत्रिका, विभिन्न विद्वान्हरूबाट लिइएको जानकारी र अग्रज शोधार्थीहरूको शोधपत्रसमेतलाई आवश्यक सामग्रीको रूपमा प्रयोग गरिएको छ । साथै शोधनायक एवम् उनका सहकर्मी र सहधर्मिणीसँग सोधपुछ गरेर पनि सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका क्रममा जीवनीपरक व्यक्तित्वपरक, कृतित्वपरक र विधागत सैद्धान्तिक समालोचना वा विश्लेषण पद्धतिलाई पनि अङ्गिकार गरिएको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

युवा पुस्ताका अग्रणी सर्जक अमर त्यागीले कविता, गजल, कथा, निबन्ध, समालोचना, ताङ्का, हाइकुका साथै सूत्र कविता, सूत्रकथा र सूत्र निबन्धजस्ता क्षेत्रमा सशक्त र सक्षमता साथ आफ्नो प्रतिभा प्रदर्शित गर्दै आएको पाइन्छ । उनका अनेक रचनाहरू फुटकर रूपमा रहेका छन् भने चार पुस्तककार कृतिहरू प्रकाशित छन् सूत्रकथा, हाइकु, समालोचना र निबन्धका कृतिहरू प्रकाशोन्मुख रहेको उनले जानकारी दिएका छन् । त्यागीका चार प्रकाशित कृतिहरूमध्ये अक्षरहरूको देश (कविता सङग्रह) र अनुभूतिको जुलुस (सूत्र कविता सङ्ग्रह)को मात्र अध्ययन गर्नु यस शोधकार्यको सीमाङ्न हो । उनका अन्य कृतिहरू र फुटकर रचना तथा प्रकाशोन्मुख कृतिहरूको अध्ययन नगर्नु पनि यस शोधकार्यको सीमाङ्कन हो ।

## १.१०. शोधपत्रको रूपरेखा

अमर त्यागीका गजल र ताङ्काको समेत कृति प्रकाशित रहे पनि उनका कविता कृतिहरू अक्षरहरूको देश र अनुभूतिको जुलुसको मात्र अध्ययनलाई सुव्यस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्न निम्नलिखित अध्यायहरू रहेका छन् ।

पहिलो अध्याय : शोधपरिचय

दोस्रो अध्याय : अमर त्यागीको जीवनी, व्यक्तित्व र साहित्य यात्रा

तेस्रो अध्याय : कविता सिद्धान्तको परिचय

चौथो अध्याय : अमर त्यागीका कविता कृतिहरूको विश्लेषण

पाँचौं अध्याय : शोधसार तथा निष्कर्ष

सन्दर्भ सामग्री

# दोस्रो अध्याय

# अमर त्यागीको जीवनी, व्यक्तित्व र साहित्य यात्रा

## २.१ अमर त्यागीको जीवनी

मानव जीवनमा जन्मपश्चात् नमरुन्जेलसम्म अनेकौं किसिमका घटना घट्ने गर्दछन् । यसरी मानिसको जन्मपछि जीवनमा घटित विभिन्न घटनाहरू र उसले गरेका सम्पूर्ण क्रियाकलापहरूको क्रमबद्ध प्रस्तुतिलाई नै जीवनी भनिन्छ । कसैद्वारा लिखित व्यक्तिको जीवन कथा जीवनी हो । व्यक्तिका व्यक्तिगत जीवनीका आन्तरिक र बाह्य चरित्रको सरल, सहज ढङ्गले चित्रण गर्नु नै जीवनीको मुख्य तात्पर्य हो । यसरी जीवनी भनेको कुनै व्यक्तिको व्यक्तिगत जीवनको विस्तारित प्रस्तुति हो । कुनै पनि व्यक्तिको जीवनीले त्यसको बारेमा जान्न इच्छुक सम्पूर्ण व्यक्तिलाई बलियो आधार बन्दछ । व्यक्तिका जीवनको आन्तरिक र बाह्य दुवै चरित्रको यर्थाथ चित्रण गर्नु नै जीवनीको उद्देश्य हो । कसैको जीवन सम्बन्धी इतिवृत्त जीवनी हो । अतः कसैको जीवनी सम्बन्धी यर्थाथ तथ्यमा आधारित भएर लेखिएको प्रस्तुतिलाई जीवनी भनिन्छ । जीवनीका माध्यमबाट कुनै पनि चरित्र नायकको सम्पूर्ण क्रियाकलापहरूलाई प्रस्तुति गरिन्छ । यस अध्ययनमा साहित्यकार अमर त्यागीको आन्तरिक र बाह्य जीवनीको सम्पूर्ण पक्ष एवम् आरोह अवरोहरूलाई यथासम्भव केलाएर प्रस्तुत गरिएको छ ।

### २.१.१ जन्म र पुर्ख्यौली

साहित्यकार अमर त्यागीको जन्म वि.स.२०२५ साल भाद्र कृष्णाष्टमीका दिन यसम गाउँ विकास समिति, वडा न.९, मझुवा, ओखलढुङ्गा जिल्ला, सगरमाथा अञ्चलमा भएको हो ।[१] यिनको पुर्ख्यौली अवस्थालाई हेर्दा त्यसबेला काठमाडौं उपत्यकालाई तत्कालीन राजा यक्ष मल्लले आफ्ना तीन भाइ छोराहरूलाई अंशबन्डा गरी तीन राज्य बनाएपछि भक्तपुर छुट्टै राज्यको रूपमा स्थापित हुन्छ । तत्कालीन भक्तपुरका अन्तिम मल्ल राजा रणजीत मल्लका सन्तान खलकका राणा दरवारमा युद्धजीत सामान्य कर्मचारी थिए । उनको राणा परिवारकै एक कन्यासँग प्रेमसम्बन्ध हुनपुग्यो । उनीहरू त्यहाँबाट भागेर चारभन्ज्याङ काटी विदेशिने विचार गरे तर समातिने डरले मध्यरातमा दरबारबाट सुटुक्क भागेर रातभरि हिँडी उपत्यका छोडे । भोलिपल्ट बिहान सामान्य गाउँले भरियाको भेष धारण गरी भरियाकै साथ लागेर भोटेकोशी पार गरी जङ्गलैजङ्गलको बाटोबाट

---

१ नवराज रिजाल, **बारा जिल्लाको साहित्यिक योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०५५), पृष्ठ ४० ।

लिखु नदी पार गर्न तीन दिन  लगाए । त्यसपछि लिखु किनारैकिनार खोचतिर लाग्दालाग्दै लिखु पार गरेर पाँच दिनमा सत्लुङ गाउँको पुछारमा एउटा कटेरोमा बास बस्न पुगे । त्यसपछि सत्लुङ भीर पार गरेर यसमको माझ गाउँमा पुगेर बास बसे ।[२]

अब त राणाहरूले भेट्न सक्दैनन् भन्ने सोची त्यहीँ आफूले ल्याएको पैसाले केही जग्गा र घर किनी घरजम गरेर बसे । युद्धजीतका चार छोरा र दुई छोरी भए । उनका जेठा छोराको नाम युगवीर थियो । युगवीरका सात भाइ छोराहरू भए । उनीहरू सबै पशुपालन र खेतीपातीमा सङ्लन भए । सात भाइमध्ये माइलाको नाम हर्कवीर थियो । हर्कवीरका पाँच छोरा चार छोरी थिए । उनका पाँच छोराहरू कोही साँघुटारमा व्यापार गर्न थाले भने कोही खेतीपातीमा लागे । साइलो छोरोको नाम जगत्वीर थियो । जगत्वीरका पाँच भाइ छोरा भए । उनले आलु, मकै र जौँ खेतीका लागि माथि लेकमा जग्गा जमीन जोडेका थिए । उनका कान्छा छोरा पञ्चवीर थिए । उनी त्यही लेकमा घर बनाइ बस्न थाले । उनले सोह्र सत्रवटा भैंसी पालेका थिए । करिब तीस रोपनी जति जग्गा जमीन पनि जोडेका थिए । उनका तीन छोरा पाँच छोरी भए । जेठा छोरा वीरबहादुर ब्रिटिस सेनामा भर्ना भए र दोस्रो विश्वयुद्धमा वीरगति प्राप्त गरे । माइलो छोरो रणबहादुर श्रेष्ठ र कान्छो टीकाबहादुर श्रेष्ठ खेतीपातीमै सङ्लग्न भए । माइलो रणबहादुरका तीन छोरा र तीन छोरी भए । उनका जेठा छोरा अमरबहादुर श्रेष्ठ, माइला हेमकुमार श्रेष्ठ र कान्छा हर्कबहादुर श्रेष्ठ हुन् ।[३] रणबहादुरका श्रेष्ठका जेष्ठ सुपुत्र अमरबहादुर श्रेष्ठ नै वर्तमान नेपाली साहित्यका प्रखर सर्जक अमर त्यागी हुन् ।

### २.१.२ बाल्यकाल र शिक्षादीक्षा

बाल्यकाल यसममा बिताएका त्यागीले बाल्यकालको जीवन सुखमय तरिकाले व्यतीत गरेका थिए, किनभने उनी आफ्ना हजुर बाआमाको जेठा नातिको रूपमा त्यस कुलमा जन्मिएका थिए । उनका पाँच फुपूहरूका जेठो भदा थिए ।[४] आफ्ना बाआमाको बिहेको पाँच वर्षपछि बल्लतल्ल जन्मिएका जेठा छोरा अमर पुल्पुलिएका थिए । मझुवाको सेरोफेरोमा रमाउदै प्रकृति, जीवन र जगत्लाई आफ्नै किसिमले अनुभूत गर्दै बाल्यकाल व्यतीत गरे । त्यागीको जन्मथलो अनकन्टार एकान्त लेक, अत्यन्त दुर्गम गाउँ मझुवामा त्यसबेला शिक्षाको कुनै प्रभाव थिएन । त्यस गाउँका वडा अध्यक्ष भक्त बहादुर सुनुवार सामान्य शिक्षित थिए । त्यागीले उनै वडा अध्यक्षबाट सावाँक्षर खारे । पछि त्यस गाउँमा

---

२ शोधनायकको कथनअनुसार ।

३ ऐजन ।

४ ऐजन ।

स्कुल खुल्यो । उनी त्यस गाउँको स्कुलमा भर्ना हुने र तीन पास गर्ने पहिला विद्यार्थी हुन पुगे ।

त्यसपछि यसमको स्कुलमा चार कक्षामा भर्ना भए, तर बिहान तीनघन्टा र बेलुका तीन घन्टा हिडेर आउन जान कठिन भएकोले मामाघर रगनीमा गई पाँच कक्षामा पढ्दापढ्दै अचानक आमाको देहावसान भएपछि उनको पढाइ रोकियो । आमाको काजक्रियापछि उनी ठूलो बिमारी परे । त्यसबेला उनका परिवारले मर्‍यो भनेर रातभरि आँगनमा छोपेर राखे पनि बिहान जिउँदो पाएपछि वैद्यले औषधि गरेर उनलाई नयाँ जीवनदान दिए ।[५]

अध्ययनतर्फ लगनशील त्यागीलाई अध्ययनको भोकले सताउन थाल्यो । छिमेकी साथी श्रीराम सुनुवारले पाँच पास गरेको खबर सुनाउँदा उनी बेस्सरी रोए । त्यसपछि आफ्ना पहिला शिक्षादाता वडा अध्यक्ष भक्तबहादुर सुनुवारसँग उनी जिल्ला सदरमुकाम गए । त्यहाँ अध्यक्षका परिचित कृषि शाखा अधिकृत सुशील रेग्मीसँग भेट भयो । उनीसँगको परिचयपछि उनको सद्भावले गर्दा उनीसँगै अमर बहादुर बारा जिल्लाको कलैया पुगे । उनले कलैयाको श्री सिध्देश्वर संस्कृत मा.वि., भवानीपुरमा २०३७ सालमा कक्षा पाँचमा भर्ना गरिदिए । श्री सिध्देश्वरबाटै उनले वि.स. २०४२ सालमा एस. एल. सी. परीक्षा उत्तीर्ण गरे ।[६]

अमर त्यागीले कलैयाकै रामराजा बहुमुखी क्याम्पसबाट वि.स.२०४९ सालमा आई.ए, ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जबाट वि.स.२०५२ सालमा बी.ए. र वीरेन्द्र बहुमुखी क्याम्पस, चितवनबाट वि.स. २०६३ सालमा नेपाली विषयमा एम. ए. प्रथम श्रेणीमा उतीर्ण गरे । हाल उनी संस्कृत विश्व विद्यालयबाट गजल विषयमा विद्या वारिधि गरिरहेका छन् ।[७] त्यागीले आफ्नो अध्ययन र अध्यापन कार्यलाई निरन्तरता दिदैं साहित्य सिर्जनाको मधुरसबाट आफूलाई तृप्त बनाउँदै छन् । सम्पूर्ण कठिनाइको बाँध फुकाउने स्थान साहित्य नै भएको हुँदा उनी त्यसैमा निरन्तर रूपमा समर्पित भइरहेका छन् ।

### २.१.३ पारिवारिक स्थिति

मझुवा गाउँ मुख्यतः तामाङ, सुनुवार र शेर्पा जातिको आधिक्य रहेको गाउँ हो । मझुवाको बीच गाउँमा रहेको ठाडो र तेर्सो मूलबाटो बीचमा जोडिएको छ । त्यसै ठाउँमा एउटा ठूलो चौतारो छ । चौतारोको मुन्तिर एउटा रातो र एउटा सेतो घर छ ।

---

५ ऐजन ।

६ ऐजन ।

७ ऐजन ।

त्यो घर मालिक पञ्चवीर श्रेष्ठलाई सबैले जुल्फे साहु भन्थे । जवानीमा जुल्फी पालेर गीत गाउँदै हिड्ने पञ्चवीरले तीस रोपनी जति जग्गा जमीन जोडेका र सोह्र सत्रवटा भैंसी पालेका थिए। उनको पारिवारिक अवस्था सबल नै थियो । पञ्चवीरका श्रीमती कर्मदेवी र माहिली बुहारी लक्ष्मी बीच सामान्य भनाभन भयो र त्यस भनाभनले ठूलो घर झगडाको रूप लियो। त्यसपछि अंशबन्डा गरी माहिला छोराबुहारी छुट्टिएर बसे।[८]

पञ्चवीरका माइला छोरा रणबहादुर श्रेष्ठले एक हल गोरू एउटा लैनो र एउटा बकेर्नो भैसी लिएर छुट्टिभिन्न भए। उनको अंशमा दश रोपनी जति जग्गाजमीन पर्‍यो । छोराछोरी ससाना भएका कारण उनले भएजति जमिनमा खेतीपाती गर्न सकेनन् । पारिवारिक आयस्रोत खेतीपाती नै हुनु र घरमा काम गर्ने मानिस अरू कोही नहुनुको कारण पारिवारिक अवस्था सामान्य बन्यो । यस्तो अवस्थामा अमर त्यागीको बाल्यकाल सुखबाट दुःखतिर धकेलिदै गयो। झन् आमाको मृत्युपछि उनलाई घरपरिवार उजाड लाग्न थाल्यो । ससाना भाइबहिनीहरूले दाजु आमा कहिले आउनुहुन्छ भनेर सोध्न थाले । दुधे बालक कान्छो भाइ आमाको दुध खान नपाएर चिच्याउँदा उनी मर्माहत बने । बुबाले सानीआमा ल्याउन लागेको उनलाई छिमेकीले सुनाए । उनले बुबासँग झगडा गरे। सानीआमा ल्याउने हो भने पल्लो बारीमा घर बनाएर बस्नु, मेरा भाइ बहिनी लिएर म यो घरमा बस्छु भन्दा बुबाले रूँदै उनलाई बेस्सरी पिटेको झलझली सम्झना रहेको कुरा उनी अहिले बताउँछन् । पछि बुबाले अर्को बिहे नगरी छोराछोरी पालन पोषण गरेर बसे।[९]

अहिले यसममा पैंतीस रोपनी जग्गा जमीनमा खेती गरेर र एक हल गोरू, पाँचछवटा भैंसी पालेर उनका कान्छा भाइ हर्कबहादुर श्रेष्ठ बसेका छन् । माइला भाइ हेमकुमार श्रेष्ठ काठमाडौंमा जागिर गर्छन् । उनी बारामा अध्यापन पेशामा सलग्न भएर घरघडेरी जोडेका थिए, तर तराई आन्दोलन पछि सक्रिय रहेका भूमिगत पार्टीले तराईमा बसे ज्यान मार्ने धम्की दिएपछि त्यो घर घडेरी बेचेर उनी सपरिवार काठमाडौंको चाबहिलमा अस्थायी बसोबास गरिरहेका छन्।[१०]

### २.१.४ विवाह र दाम्पत्य

अमर त्यागीको विवाह सामाजिक परम्परा अनुसार २४ वर्षको उमेरमा कलैया निवासी नयनबहादुर र मायादेवीकी एक्ली छोरी जमुना कुमारी क्षेत्रीसँग वि.स.२०४९ साल फागुन ७ गतेका दिन अन्तर्जातीय रूपमा सम्पन्न भएको थियो। जमुना कुमारी

---

८ ऐजन।

९ ऐजन।

१० ऐजन।

क्षेत्री पनि साहित्यको फाँटमा अग्रस्थानमा रहेकी छिन् । उनी जुनु क्षेत्री नामले साहित्य सिर्जनामा सङ्लग्न छिन् ।[११] उनी विशेषत : नियात्रा लेखिका हुन् । उनीले पनि नेपाली विषयमा स्नातकोत्तर गरेकी छन् र अध्यापन पेशामा सङ्लग्न रहेकी छिन् । त्यागी दम्पति नेपाली विषयमा स्नातकोत्तर गरेका बुद्धिजीवी र प्रगतिशील चिन्तकका रूपमा रहेका छन् । अमर त्यागी र जुनु क्षेत्री दुवै साहित्यकार भएकोले एकर्काका भावना बुझ्ने र कदर गर्ने हुँदा दाम्पत्य जीवन सुखद रहेको छ ।

### २.१.५ बसोबास र आजीविका

त्यागी यसम गाउँ विकास समिति वडा नं ९, मझुवा, ओखलढुङ्गाका स्थायी बासिन्दा हुन् । बसोबासको क्रममा वि.स. २०३७ देखि वि. स. २०६४ सालसम्म कलैयाका बासिन्दा बने । देशको राजनैतिक उथल पुथलको कारणले तराईमा आन्दोलनको क्रममा कलैयामा मधेसी र पहाडी बीचमा भएको विवादको कारण सपरिवार वि.स. २०६४ साल भाद्रदेखि काठमाडौंको चाबहिलका अस्थायी बासिन्दाको रूपमा बसोबास गर्दै आइरहेका छन्। कलैया बसोवासको क्रममा उनले सामाजिक कार्य, भाषिक-साहित्यिक कार्य एवम् साहित्य सृजना, पत्र-पत्रिका सम्पादन-प्रकाशन, सङ्घसंस्था स्थापना सञ्चालन, अध्यापन आदि कार्यसँग सङ्लग्न रहेका देखिन्छन् । उनको मुख्य आजीविका अध्यापन नै हो । उनी विभिन्न निजी विद्यालय, सामुदायिक महा विद्यालयमा नेपाली भाषा साहित्यको अध्यापन गर्दै आएका हुन् । उनले नेपाली विषयमा स्नातकोत्तर तहमा प्रवेश गर्नासाथ क्याम्पसमा नेपाली विषय प्राध्यापन प्रारम्भ गरेका हुन् ।[१२] त्यागी दम्पति काठमाडौंमा अध्यापन क्षेत्रमा सङ्लग्न रहेको हुँदा मेल-मिलापपूर्ण र शान्तिमय वातावरणमा जीवन व्यतीत गर्दै आइरहेका छन् ।

### २.१.६ कार्यक्षेत्रमा प्रवेश र जागिरे जीवन

जीवन निर्वाहका निम्ति, आवश्यक आधारभूत प्राप्तिका लागि त्यागीले जीवनमा शिक्षण पेशाबाट कार्यक्षेत्रमा प्रवेश गर्न पुगे । शिक्षण पेशाकै क्रममा उनलाई सरकारी सेवामा जान रोक लगाइयो, किनकि तत्कालीन पञ्चायती शासनमा कम्युनिष्ट भनेर प्रतिबन्धित गरियो । ने.क.पा. मसालको तत्कालीन जिल्ला सेक्रेटरी रहँदा एकजना साथीले सम्पूर्ण कागजात जिल्ला प्रशासन कार्यालय बुझाएर धोका दिएपछि प्रशासनले कोठा खान तलासी गरे । त्यसपछि उनी पुलिसको निगरानीमा रहेका हुन् ।[१३] अमर

---

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] ऐजन ।

त्यागीले जीवनको गोरेटोमा विभिन्न ठाउँमा शिक्षण कार्य गरेका छन् । ती निम्न प्रकार बमोजिम रहेको छ ।

- श्री ज्ञान मन्दिर इङ्लिस स्कुल, महेन्द्रनगर धनुषामा प्रहरीबाट बँच्ने क्रममा वि.स.२०४३ सालमा एघार महिना शिक्षक पेशामा संलग्न,
- श्री सिद्धि विनायक अङ्ग्रेजी स्कुल, बरेवा कलैयामा वि.स. २०४४ देखि वि.स.२०५५ सम्म सहायक प्र.अ. (भाइस प्रिन्सिपल) र शिक्षकको रूपमा संलग्न,
- श्री बाल संसार आवासीय माध्यामिक विद्यालय, वीरगन्जमा मिति वि.स.२०५५ देखि वि.स.२०६३ सम्म मा.वि. शिक्षकको रूपमा कार्यरत,
- श्री मिनिल्याण्ड आवासीय मा.वि.वीरगन्जमा वि.स.२०५९ देखि २०६४ सम्म मा.वि. शिक्षकको रूपमा संलग्न,
- रामराजा बहुमुखी क्याम्पस, कलैया, बारामा वि.स.२०५९ देखि वि.स.२०६४ सम्म सहायक प्राध्यापकको रूपमा संलग्न,
- श्री भरत बाबा आवासीय मा. वि. कलैया, बारामा वि.स. २०५९ देखि वि.स. २०६४ सम्म मा.वि. आंशिक शिक्षकको रूपमा कार्यरत,
- श्री रेन्बो उच्च माध्यमिक विद्यालय, डल्लु, काठमाडौंमा नेपाली विभागका प्रमुख र उच्च माध्यमिक नेपाली विषय शिक्षकको रूपमा वि.सं. २०६४ देखि हालसम्म कार्यरत,
- श्री रेन्बो इन्टरनेशनल कलेज, काठमाडौंमा नेपाली विषयको सहायक प्राध्यापकको रूपमा २०६४ देखि हालसम्म कार्यरत,[१४]

## २.१.७ साहित्यमा प्रवेश र निरन्तरता

अमर त्यागीको साहित्यमा बाल्य अवस्थाबाटै प्रवेश गरेको देखिन्छ । उनी अध्ययन गर्ने श्री गणेश प्राथमिक विद्यालय, यसम-९, मझुवा, ओखलढुङ्गामा तीन कक्षामा पढ्दा 'विकास' शीर्षक कविता रचेर गाउँसभामा सुनाउँदा प्रधान पञ्चबाट दश रूपैयाँ पुरस्कार प्राप्त गरेका थिए ।[१५] त्यस्तै गरी कक्षा ५ मा श्री सिद्धेश्वर मा. वि. कलैयामा पढ्दा 'मोती' शीर्षक कविताले द्वितीय पुरस्कार पाएपछि लेखनमा उत्साहित भएका हुन् ।[१६] उनले त्यसबेला अनेक कविताहरू रचना गरेका थिए । उनले रचेका कविता थुप्रै रहे

---

१४ ऐजन ।

१५ सचिता लोहनी, **बारा जिल्लाको प्रतिनिधि कवि र तिनका प्रमख कविता कृतिको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, (त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०६१), पृष्ठ ५३ ।

१६ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

तापनि प्रकाशनको दृष्टिले वि.स. २०४२ भाद्र ४ को गोरखापत्रमा सर्वप्रथम गोठाला-गोठाल्नी कविता प्रकाशित भएको हो ।[१७] प्रकाशनको क्रममा विभिन्न स्थानीय र राष्ट्रिय पत्रपत्रिकामा कविता, गजल, कथा, समालोचना, मुक्तक, हाइकु ताङ्का, सेदोका र सूत्र रचनाहरू प्रकाशित भएका छन् । उनका हालसम्म पाँचसय जति फुटकर रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भइसकेका छन् तर सङ्कलन गरेर राख्न सकेका छैनन् । उनका प्रकाशित भएका कृतिहरूमा एक गजलकृति, एक कविताकृति, एक सूत्र कविताकृति र एक ताङ्काकृति छन् भने प्रकाशोन्मुखमा गजल, सूत्रकथा, मुक्तक, हाइकु, समालोचना, बाल कविताकृति रहेका छन् । प्रकाशित पुस्तकहरूको तालिका यसप्रकार रहेको छ ।

१) **बाँसुरीमा आँसुको गीत** (गजल) २०५७
२) **अक्षरहरूको देश** (कविता) २०५८
३) **अनुभूतिको जुलुस** (सूत्रकविता) २०६०
४) **अभियुक्त ईश्वर** (ताङ्का) २०६३

### २.१.८ सङ्घसंस्था स्थापना र सञ्चालन

अमर त्यागीले जीवनका गोरेटोमा जुनसुकै मोडहरू पार गरिरहे तापनि साहित्य सृजनामा मात्र सीमित नरहेर विभिन्न सङ्घ-संस्था स्थापना र सञ्चालन समेत गरेका देखिन्छन् । बाराको कलैयामा बसोबास गर्ने क्रममा उनले साहित्यिक क्रिया कलापको अतिरिक्त सङ्घ-संस्था सङ्गठन र सञ्चालनमा समेत सक्रिय रहेका थिए । त्यस्तै हाल काठमाडौंमा रहेर पनि उनी विभिन्न सङ्घ-संस्थामा सक्रिय रूपमा सङ्लग्न छन् ।[१८]

१) सदस्य र सचिव : बारा साहित्य परिषद्, २०४१ देखि २०४४ सम्म
२) सह-सचिव, सचिव र महासचिव : देवकोटा स्मृतिसभा,२०४८ देखि २०६४ सम्म
३) सचिव : बारा वाङ्मय परिषद्, २०५३ देखि २०६४ सम्म
४) सचिव : हास्य-व्यङ्ग्य समाज बारा, २०५४ देखि २०६४ सम्म
५) प्रमुख सल्लाहकार : नेपाल भोजपुरी प्रतिष्ठान बारा, २०५३ देखि २०६४ सम्म
६) संस्थापक-सञ्चालक : मूर्च्छना गजल सम्मान, २०५७ देखि हालसम्म
७) संस्थापक-सञ्चालक : रणलक्ष्मी राष्ट्रिय वाङ्मय पुरस्कार २०५७ देखि हालसम्म
८) सदस्य : भोजपुरी वाङ्मय प्रतिष्ठान, २०५८ देखि २०६४ सम्म
९) सचिव : नारायणी वाङ्मय प्रतिष्ठान, २०५८ देखि २०६४ सम्म

---

[१७] सचिता लोहनी, **बारा जिल्लाको प्रतिनिधि कवि** ........, पूर्ववत्, पृष्ठ ५३ ।

[१८] ऐजन ।

१०) महासचिव : नेपाल आख्यान समाज बारा-पर्सा, २०६० देखि २०६४ सम्म
११) महासचिव : राष्ट्रिय गजल प्रतिष्ठान, २०६१ देखि हालसम्म
१२) सदस्य :नेपाल कोरिया साहित्य समाज २०६६ देखि हालसम्म
१३) महासचिव : नेपाल हाइकु महासङ्घ, २०६७ देखि हालसम्म
१४) उपाध्यक्ष : अभिज्ञान आन्दोलन २०६७ देखि हालसम्म

### २.१.९ पत्रकारिता क्षेत्रमा गरेको कार्य

अमर त्यागीले विभिन्न क्षेत्रमा कार्यरत रहँदै पत्रकारिता क्षेत्रमा पनि योगदान दिएका छन् । उनी सर्वप्रथम भानुको प्रतिनिधिको रूपमा साहित्यिक पत्रकारिता क्षेत्रमा प्रवेश गरेका थिए ।[१९] त्यसपछि बारा साहित्य परिषद्को मुखपत्र सोपानको सम्पादन गरेका थिए । मूर्च्छना गजल पत्रिका सम्पादन प्रकाशनमा वि.स. २०४७ देखि कार्यरत छन् । जनहित-ज्योति सम्पादन कार्य वि.स. २०४८ देखि ५ अङ्क सम्म गरेका थिए । प्रज्ञान साहित्यिक पत्रिकाको तीन अङ्कसम्मको प्रधान सम्पादक भई सम्पादन कार्य गरेका थिए । सगर साहित्यिक पत्रिकाको गजल विशेषाङ्कको सम्पादन अतिथि सम्पादकको रूपमा वि.स. २०६० मा गरेका थिए । बारा महोत्सव वि.स.२०६० को साहित्य समितिको संयोजक र स्मारिका सम्पादक भई स्मारिका सम्पादक प्रकाशन गरेका थिए । रामराजा क्याम्पस, कलैया, बाराको रजत महोत्सव वि.स.२०६२ मा साहित्यिक सांस्कृतिक कार्यक्रमको संयोजक र रजत महोत्सव स्मारिकाको सम्पादक भई कार्य गरेका थिए । देवकोटा स्मृति सभाबाट प्रकाशित देवकोटा स्मारक व्याख्यान सङ्ग्रहको सम्पादन पनि उनले गरेका छन् । बारा दर्पण साप्ताहिकको प्रधान सम्पादक भई वि.स.२०५८-२०६४ सम्म कार्य गरे । बारा दर्पण र बारा टाइम्स साप्ताहिकमा ‘दृष्टिकोण’ र ‘दृष्टिबिम्ब’ स्तम्भ लेखेका थिए । रामप्रसाद साहको गजल सङ्ग्रह अश्रुपूरित आँखाहरू (२०५८), मुकुन्द आचार्यको हास्यव्यङ्ग्य सोझा प्रश्न बाउँठा उत्तर (२०६०) सुशील मुडभरीको प्रतिमा र प्रसङ्गहरू निबन्ध सङ्ग्रह (२०६१), रामेश्वर जलनको गजल सङ्ग्रह जलनको आँसु (२०६५) जस्ता कृतिहरूको सम्पादन समेत उनले गरेका छन् ।[२०]

### २.१.१० जीवनका अविस्मरणीय घटना

दुर्घटनालाई जीवनमा मान्छेले महत्त्वपूर्ण क्षणको अविस्मरणीय घटनाको रूपमा लिने गर्दछ । त्यस्तै अमर त्यागीको जीवनमा अनेकौँ घटनाले अविस्मरणीय गराएको छ ।

---

१९ ऐजन ।

२० ऐजन् ।

वि.स. २०३६ साल चैतमा १ रातको बिमारीले आमाको अचानक देहावसान र आमाको दाह संस्कारपछि ससाना भाइ बहिनीले आफूलाई समातेर आमा कहाँ जानुभएको ? आमा कहिले आउनु हुन्छ दाजु ? भनेर सोधेको घटना अविस्मरणीय घटनाका रूपमा स्वयम् अमर त्यागीबाट व्यक्त भएको छ । अमर त्यागी यसमको स्कुलमा कक्षा चारमा पढेर घर फर्कदा मझुवाको पुछारमा रहेको मौरी खोलाले एककोस जति बगाएर लगेको र एउटा बुट्टामा अल्झेपछि त्यसकै सहाराले पाखामा चढेर बाँचेको घटना अविस्मरणीय रहेको छ । तराई आन्दोलनपछि सक्रिय भूमिगत समूहहरूमा एउटाले पाँच लाख चन्दा मागेको, अर्कोले पाँच दिन भित्र तराई छोड्ने र नछोडे मारिदिने धम्की दिएको, अर्कोले मधेसीलाई अबदेखि नपढाउनु, पढाउनु परे चुरे पारि गएर पहाडीलाई पढाउनु भनेको घटना अविस्मरणीय रहेको छ ।[२१] जीवनमा यस्तै अन्य कतिपय घटनाहरू पनि बिर्सन नसकिने रूपमा रहेको कुरा उनी स्वयम् बताउँछन् ।

### २.१.११. पुरस्कार र सम्मान

अमर त्यागीले श्री गणेश प्राथमिक विद्यालय, यसम-९, मझुवा, ओखलढुङ्गामा तीन कक्षामा पढ्दा 'विकास' शीर्षक कविता रचेर सुनाउँदा प्रधान पञ्चबाट दश रूपैयाँ पुरस्कार र प्रोत्साहन पाए । यस्तै कक्षा ५ मा श्री सिद्धेश्वर मा. वि. कलैयामा पढ्दा 'मोती' शीर्षक कविताले द्वितीय पुरस्कार पाएको थियो । उनले वि.स. २०४२ भाद्र ४ को गोरखापत्रमा सर्वप्रथम कविता प्रकाशित गरेर साहित्यिक सिर्जनाको सैद्धान्तिक धरातललाई टेकेर आफ्नो सृजनशील क्षमताको अभ्यासलाई सघन बनाउँदै लगेका हुन् । उनी विभिन्न समयमा विभिन्न सङ्घसस्थाबाट सम्मानित पुरस्कृत एवम् अभिनन्दित भएका छन् । जुन निम्नानुसार रहेको छ ।[२२]

- राष्ट्रिय निबन्ध प्रतियोगिता, वि.स.२०३९ मा सान्त्वना,
- बारा जिल्ला स्तरीय कविता प्रतियोगिता, वि.स.२०४२ मा प्रथम,
- प्रतीक कथा पुरस्कार, प्रतीक प्रकाशन, वीरगन्ज, २०४५
- अस्तित्व साहित्य सम्मान, अस्तित्व साहित्य परिवार, रौतहट, २०५२
- विसाप काव्य पुरस्कार, वीरगन्ज साहित्य परिषद्, वीरगन्ज, २०५९
- नारायणी वाङ्मय पुरस्कार, नारायणी वाङ्मय प्रतिष्ठान, वीरगन्ज, २०६०
- सूत्र स्रष्टा सम्मान, बारा दर्पण साप्ताहिक, बारा, २०६१
- गजल गौरव सम्मान, वीरगन्ज साहित्य परिषद् पर्सा,२०६२

[२१] ऐजन ।

[२२] ऐजन ।

- राष्ट्रिय वाङ्मय सम्मान, बारा उद्योग वाणिज्य सङ्घ, बारा, २०६२

## २.१.१२ भ्रमण, रूचि र जीवन दर्शन

अमर त्यागीले नेपालको विभिन्न क्षेत्र र भारतका केही क्षेत्रको भ्रमण विभिन्न साहित्यिक कार्यक्रममा भाग लिने क्रममा र स्वेच्छापूर्वक पनि गरेका छन्। बाल्य कालदेखि नै साहित्यिक यात्रामा रूचि रहेका त्यागीलाई साहित्यिक लेखन, सम्पादन र प्रकाशन, विशेषः गजलको विधागत अध्ययन र लेखनका साथैनयाँ नयाँ विधा लेखन-प्रयोगमा विशेष रूचि रहेको छ। रूचिका अरू विषयमा सामान्य खाना दाल, भात, रोटी, मासु मन पराउने गर्छन् । जाँड, रक्सी, चुरोट, खैनी जस्ता मादक पदार्थ उनका अरूचिकर वस्तु हुन्। वर्तमान फेसनको सभ्यताप्रति असन्तुष्ट त्यागीले कुनै तडकभडक मन नपराई मौसम अनुसारका पोशाक मन पराउँछन्। त्यागीले स्वच्छ र सफा देखिने सामान्य पेन्ट, सर्ट, स्विटर, कोट, ज्याकेट जस्ता कपडा लगाउन मन पराउँछन्।[२३]

अमर त्यागीले जीवनलाई समाजवादी किसिमले हेर्छन्। उनी विशेषत मार्क्सवादी दर्शनमा विश्वास राख्दछन् । उनी सामाजिक समानता र स्वतन्त्रतापूर्ण हक र अधिकार एवम् राष्ट्रिय सार्वभौमिक स्वतन्त्रता र अखण्डताप्रति सचेत रहेका छन् । अमर त्यागी मार्क्सवादी दर्शनको अनुयायी रहेका छन्।

## २.१.१३ निष्कर्ष

अमर त्यागी नेपाली साहित्यका वर्तमान पुस्ताका सचेत स्रष्टा हुन् । यसम-९, मझुवा ओखलढुङ्गामा जन्मी हुर्की जीवनलाई आफ्नै किसिमले अनुभूत गर्दै कलैया, बारामा शिक्षाध्ययनलाई अगाडि बढाउँदै र जीवनलाई अगाडि बढाउँदै हाल काठमाडौंमा अस्थायी बसोबास गरिरहेका छन् । नेपाली विषयमा स्नातकोत्तर गरी विद्या वारिधि गरिरहेका त्यागीका विभिन्न विधाका अनेक रचनाहरू प्रकाशित छन्। विभिन्न पुरस्कार र सम्मानहरूबाट पुरस्कृत सम्मानित त्यागी वर्तमान पुस्ताका एक क्रियाशील र प्रयोगशील सर्जकका रूपमा प्रतिष्ठित छन्।

## २.२ अमर त्यागीको व्यक्तित्व

हरेक व्यक्तिको आफ्नै भावना, विचार र चेतना चिन्तन रहेको हुन्छ । उसको सोचाइ, जीवन भोगाइ र सामाजिक आचार विचारमा उसको व्यक्तित्व संरचित भएको

---

[२३] ऐजन।

हुन्छ। साथै उसको पारिवारिक स्थिति वा पालन पोषणको प्रभावले पनि व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली साहित्यका वर्तमान पुस्ताका प्रखर सर्जक अमर त्यागीको बाल्यकाल सुखद रहे पनि जीवन भोगाइको क्रममा अनेक घटना, व्यक्ति र परिस्थितिको प्रभाव उनको जीवनमा परेको देखिन्छ । यही प्रभावले उनको व्यक्तित्व निर्माण भएको पाइन्छ। उनको व्यक्तित्वका पाटाहरू यसप्रकार रहेका छन् ।

**अमर त्यागीको व्यक्तित्व**

३.१.निजी व्यक्तित्व
(क) शारीरिक व्यक्तित्व
(ख) स्वभावगत व्यक्तित्व

३.२.सार्वजनिक व्यक्तित्व

३.२.१.साहित्येत्तर व्यक्तित्व
क) सामाजिक व्यक्तित्व
ख) शिक्षक प्राध्यापक
ग) सङ्घ-संस्था व्यक्तित्व
घ) सम्पादक-पत्रकार

३.२.२.साहित्यिक व्यक्तित्व

३.२.१.१.स्रष्टा व्यक्तित्व
क) कवि व्यक्तित्व
ख) गजलकार व्यक्तित्व
ग) ताङ्काकार व्यक्तित्व
घ) कथाकार व्यक्तित्व

३.२.१.२.द्रष्टा व्यक्तित्व
क) समालोचक व्यक्तित्व
ख) पुस्तक समीक्षक व्यक्तित्व
ग) भूमिकाकार व्यक्तित्व

## २.२.१ निजी व्यक्तित्व

कुनै पनि व्यक्तिको प्रथम परिचयात्मक आधारस्तम्भ नै उसको प्रदर्शित निजी व्यक्तित्व हो । यसैबाट व्यक्तिलाई अध्ययन गर्न उसका व्यक्तित्वका विविध पाटाहरूलाई केलाइन्छ र ऊ यस्तो हो भन्ने निष्कर्ष निकालिन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई अध्ययनका निम्ति सरल होस् भनेर निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। यसअन्तर्गत व्यक्तिको शारीरिक व्यक्तित्व आकर्षणको आधार बनेर आए तापनि त्यस व्यक्तिको स्वभावगत व्यक्तित्वले नै उसलाई ऊ बाँचेको समाजमा परिभाषित, स्थापित एवम् सम्मानित हुन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस आधारमा हेर्दा व्यक्तित्वको अध्ययनमा आन्तरिक व्यक्तित्व नै प्रमुख

आभूषणको रूपमा आउने हुँदा प्रत्येक सिर्जनशील प्रतिभाहरूको व्यक्तित्व झनै महत्त्वपूर्ण हुन्छ । सिर्जना भनेको उत्पत्ति हो र कुनै पनि वस्तुको सिर्जना गर्न वा आविष्कार हुनमा त्यसभित्र स्रष्टा प्रतिभा र साधनाको योगको त्याग रहेको हुन्छ । यसैले सिर्जनधर्मी प्रतिष्ठित व्यक्तित्वको अध्ययन अनिवार्य पठनीय, मननीय र अनुसन्धेय हुन पुग्दछ । अमर त्यागी पनि सिर्जनशील प्रतिभा भएको प्रतिष्ठित व्यक्तिमा परिचित नेपाली साहित्यिक क्षितिजका एक उज्ज्वल व्यक्तित्व हुन् । उनको निजी व्यक्तित्वका पाटालाई शारीरिक व्यक्तित्व र स्वभावगत व्यक्तित्व दुवै कोणबाट अध्ययन गर्न सकिन्छ ।

### क) शारीरिक व्यक्तित्व

सबै व्यक्तिको शारीरिक व्यक्तित्व एकै किसिमले निर्माण भएको हुँदैन । शारीरिक व्यक्तित्व निर्माणमा बाल्यकालको खानपिन, स्याहार सम्हार, पारिवारिक चेतना आदिले विशेष भूमिका खेलेको हुन्छ । मध्यम वर्गीय नेवार परिवारमा जन्मिएका अमर त्यागीको शारीरिका व्यक्तित्व निकै सुन्दर र आकर्षक देखिन्छ ।[२४] करिब ५ फिट २ इन्च अग्लो, गहुँगोरो वर्ण, मिलेका दन्तलहर, बाटुलो आकारको अनुहार, सुहाउँदो नाक, कुर्लुङ्ग परेको कालो रङको केशराशी, आँखाको आकार मझौला खालका भएका तथा चटक्क परेर हिँड्न मन पराउने प्रशन्न मुद्राका देखिन्छन् । न ज्यादा मोटा न दुब्ला, गोलो टाउको, चौडा निधार, पातलो सिर्लिक्क परेको जुँगा भएको सुन्दर व्यक्तित्व छ उनको । चौडा छात्ती र लगभग पचहत्तर किलोग्राम वजन लिई ४२ वर्ष आयुमा हिँडिरहेका अमर त्यागी अझै पनि जोश, जाँगर र लगनका धनी नै देखिन्छन् । विनयशील, मिलनसार, सहयोगी एवम् मित्रवत् व्यवहारले आफ्ना दौंतरी बीच प्रिय, सानालाई स्नेहालु व्यवहार गर्ने अनि ठूलालाई आदर गर्ने सबैबाट सम्मानित अमर त्यागी शारीरिक दृष्टिकोणबाट पनि आकर्षक व्यक्तित्वका रूपमा देखिन्छन् ।[२५]

### ख) स्वभावगत व्यक्तित्व

सबै व्यक्तिको स्वभाव एकै किसिमको हुँदैन । उसको पारिवारिक वातावरणबाट स्वभाव झल्किन्छ । त्यस्तै अमर त्यागीको स्वभावगत व्यक्तित्व पनि छुट्टै किसिमको छ । आफ्नो दायित्वप्रति गम्भीर, कार्यप्रति उत्साही तथा लगनशील र मित्रहरूमाझ प्रिय एवम् असहायप्रति सहानुभूतिशील स्वभाव लिएका अमर त्यागी समयको उचित सदुपयोग गर्ने नेपाली साहित्यका कर्मवीर साधक हुन् । श्रमका पुजारी र विश्वासका अनुरागी अमर

---

[२४] अमर त्यागीको व्यक्तित्वको अवलोकनबाट ।

[२५] ऐजन ।

त्यागी नेपाली साहित्यको वर्तमान समयका एक कुशल स्रष्टा र द्रष्टाका रूपमा स्थापित छन् । हरेक दिन नुहाइधुवाई गरी, दाह्री, कपाल मिलाई सफा मिलेको परिधानमा हिड्ने अमर त्यागीको बोली वचन मीठो र मिलनसार छ । परिश्रमी तथा कर्मठ त्यागीले तडकभडक जीवनभन्दा सादा र सरल जीवन यापन गर्न मन पराउँछन् । मृदुभाषी तथा सरल र शीतल स्वभावका बाहिरी रूपमा देखिए पनि अन्याय र अत्याचारप्रतिको तीव्र विद्रोह उनीभित्र रहेको पाइन्छ ।[२६] उनले सामाजिक विकृति, विसङ्गति र विमति तथा राजनैतिक दुरावस्थाप्रति असहमति कृतिहरूमा ओकेलेका छन् । छली, कपटी, धूर्त र गुलामीका विद्रोही त्यागी प्रेम र शान्तिमा विश्वास राखी मानव सेवामा समर्पित हुन चाहन्छन् । असख्य धनदौलतको मोह नराखी नेपाली भाषा, नेपाली जनता र नेपाल राष्ट्रको सम्मान र विकासका लागि नेपाली भाषा र साहित्यको सेवा गर्ने प्रतिबद्ध स्रष्टा हुन् उनी ।

### २.२.२ सार्वजनिक व्यक्तित्व

सार्वजनिक व्यक्तित्वका रूपमा हेर्दा अमर त्यागी समाजका एक प्रतिष्ठित बुद्धिजीवी, चेतनशील र मिलनसार व्यक्ति, आफ्नो दायित्वप्रति गम्भीर, उत्साही, लगनशील रूपमा छन् । हरेक क्षेत्रमा सफलता चुमेका त्यागी सार्वजनिक क्षेत्रका चिर परिचित उत्साहित, कमर्ठ व्यक्तित्व हुन् । उनी जीवनका हरेक सार्वजनिक क्षेत्रहरू सामाजिक, शिक्षक, प्राध्यापक, सङ्घ-सस्था-सङ्गठन, पत्रकार-सम्पादन, साहित्यिक व्यक्तित्व भएका सर्जकहुन् । उनले यी क्षेत्रमा आफ्नो जीवनको चार दशक व्यतीत गरि सकेका छन् । अमर त्यागीका सार्वजनिक व्यक्तित्वलाई यस प्रकार देखाउन सकिन्छ ।

#### २.२.२.१ साहित्येतर व्यक्तित्व

व्यक्ति परिवार, समाज र राष्ट्रको अभिन्न अङ्ग हो । उसको व्यक्तित्वका विभिन्न पाटाहरू रहेका हुन्छन् । उसको जीवनको अभिरूचि अनुसार एउटा पाटो निर्मित भएको हुन्छ । त्यस्तै सामाजिक परिस्थितिमा एउटा पाटो निर्मित भएको हुन्छ । यस तथ्य अनुसार साहित्यकार अमर त्यागीको सामाजिक जीवन भोगाइ र आजीविकाको क्रममा निर्मित व्यक्तित्व नै साहित्येतर व्यक्तित्व हो । उनको साहित्येतर व्यक्तित्वलाई निम्नानुसार उल्लेख गर्नु उपयुक्त हुन्छ ।

**(क) सामाजिक व्यक्तित्व**

[२६] शोधनायकको रचना अध्ययनबाट प्राप्त जानकारी ।

कुनै पनि मानिस समाजविहीन भएर बस्नै सक्दैन । त्यसैले प्रत्येक मानिसको आफ्नै सामाजिक व्यक्तित्व हुन्छ । आफ्नो रूचिको क्षेत्र साहित्य भएकोले विभिन्न साहित्यिक गतिविधिमा संलग्न भएर अमर त्यागी समाजलाई एउटा सुन्दर र निश्चित मार्गतर्फ डोर्‍याउने धारणा राख्ने व्यक्ति हुन् । बहु आयामिक व्यक्तित्वका धनी त्यागी शोषणरहित, छुवाछुत रहित समाजको स्थापना हुनुपर्ने कुरामा विश्वास गर्छन् । समाज सुधारका कार्यहरूमा आइपर्ने जुनसुकै समस्याहरूको समाधान गर्नका लागि उनी अग्रसर हुन्छन् । विभिन्न वर्ग र क्षेत्रको सामाजिक उत्थानका लागि स्थापना भएका विभिन्न सङ्घ संस्थाहरूमा उनी आबद्ध भई आवश्यक सर सल्लाह र सुझाव दिनेदेखि लिएर अन्य आइपरेका कामहरू गर्न सधैँ आफूलाई तयार राख्ने सामाजिक कार्यकर्ता पनि हुन् । यिनी विभिन्न सामाजिक साहित्यिक सङ्घ-संस्थामा आवद्ध भएका छन् । उनी समाजका एक सचेत नागरिक, बुद्धिजीवी, अध्यापक, प्राध्यापक, साहित्यकार र पत्रकार हुन् ।[२७]

औपचारिक अध्ययनका क्रममा विद्यालयमा भर्ना भएदेखि नै उनका अन्तरङ्ग साथीहरू धेरै बनेका छन् । सबैसँग छिट्टै घुलमिल हुनसक्ने व्यवहार कुशलता उनमा रहेको छ । जुन अवस्थामा पनि उनको बोल्ने शैली, व्यवहारबाट उनको सम्पर्कमा आउनेहरू प्रभावित हुन्छन् । हरेक वर्ग र तप्काका व्यक्तिहरू उनीसँग नजिक छन् । आफूले सक्ने सहयोग उनी जोसुकैलाई पनि गर्न तयार रहनु उनको सामाजिक व्यक्तित्वको विशेषता हो । सानाप्रति स्नेहभाव र ठूलाप्रति आदरभाव राख्ने उनको स्वभाव सामाजिक व्यक्तित्वको परिचायक हो ।

### (ख) शिक्षक-प्राध्यापकव्यक्तित्व

अमर त्यागी आफू विद्यालयमा अध्ययन गर्दा गुरूहरूले रमाइलोसँग विद्यार्थीहरूलाई पढाउने गर्नु भएको, गुरुहरूको विद्यार्थीहरूप्रतिको स्नेह र विद्यार्थीहरूको गुरूप्रतिको आदर भावका कारण त्यतिबेलै आफू पनि गुरु बनेर सम्मानित बन्ने र आफूले जानेका कुराहरू विद्यार्थीलाई सिकाउने इच्छा उनलाई भएकोले अध्ययन गर्ने क्रममा वि.स. २०४३ सालदेखि पटक-पटक विभिन्न विद्यालयहरूमा अध्यापन गर्दै आइरहेका छन् ।[२८] त्यागीले वि.स. २०६४ देखि नियमित रूपमा रेन्बो उच्च माध्यमिक विद्यालय, डल्लु र श्री रेन्बो इन्टरनेशनल कलेज, काठमाडौंमा नेपाली विभागका प्रमुख र नेपाली विषयको सहायक प्राध्यापकको रूपमा अध्यापन-प्राध्यापन गर्दै आएका छन् ।

---

[२७] शोधनायकको जीवनी अध्ययनबाट प्राप्त जानकारी ।

[२८] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

धारा प्रवाह रूपका बोल्न सक्ने, रोचक तरिकाले विषयवस्तु प्रस्तुत गर्न सक्ने, हस्यौली र ठट्यौली पाराले अभिव्यक्ति गर्ने खुबी अमर त्यागीमा भएकाले यिनको मुक्त कण्ठले रसिलो पाराको अध्यापन-प्राध्यापन सुन्दा विद्यार्थीवर्ग निकै आनन्दित र मन्त्रमुग्ध हुन्छन् । यस्ता विशेषताले अमर त्यागी भरिपूर्ण भएकाले विद्यार्थीका सामु आदर्श तथा लोकप्रिय शिक्षकका रूपमा परिचित छन् ।[२९]

### (ग) सङ्घसंस्था सङ्गठक सञ्चालक व्यक्तित्व

व्यक्ति एक व्यक्तित्व अनेक भने जस्तै अमर त्यागी परिवारमा आफ्ना दिव्य चक्षु खोली शिक्षाको उचित अवसर पाएका अमर त्यागीको व्यक्तित्वका अनेक पाटाहरूमध्ये सङ्घ-सस्था सङ्गठक सञ्चालनमा समेत औपचारिक रूपमा लागेका देखिन्छन् । उनको सञ्चालनको शुरूवात बाराको कलैयामा साहित्यिक क्रियाकलापबाट आरम्भ भएको हो । उनले बारामा अनेक साहित्यिक सङ्घ-संस्थाका साथै सामाजिक सस्थाहरूको समेत सङ्गठन र सञ्चालन गरेका थिए । ती सङ्घसस्थाहरूको नाम यसप्रकार रहेका छन् ।

- देवकोटा स्मृति सभाको स्थापना र सञ्चालनको क्रममा स्थापना कालमा सहसचिव र पछि सचिव र महासचिव,
- बारा वाङ्मय परिषद् गठन र सचिव,
- हास्यव्यङ्ग्य समाज बाराको गठन र सचिव,
- नेपाल भोजपुरी प्रतिष्ठान, बाराको गठन र सल्लाहकार
- नेपाल आख्यान समाज, बारा-पर्साको गठन र महासचिव
- नारायणी वाङ्मय प्रतिष्ठान, पर्साको सचिव,
- नेपाल राष्ट्रिय गजल प्रतिष्ठानको गठन र महासचिव,
- भोजपुरी वाङ्मय प्रतिष्ठान, पर्साको सदस्य,
- रणलक्ष्मी राष्ट्रिय प्रतिभा पुरस्कारको सस्थापक सञ्चालन,
- 'मूर्च्छना' गजल सम्मानको संस्थापक सञ्चालन,
- नेपाल कोरिया साहित्य समाजको सदस्य,
- नेपाल हाइकु महासङ्घको महासचिव,
- अभिज्ञान आन्दोलनको उपाध्यक्ष्य

[२९] रेन्बो कलेजका विद्यार्थी कोमल खनालबाट प्राप्त जानकारीअनुसार ।

त्यागी यस्तै विभिन्न सङ्घसस्थामा सक्रिय भई सङ्गठक र सञ्चालक व्यक्तित्वको रूपमा क्रियाशील रहेका हुन् । यस्तै उनी अन्य विभिन्न सामाजिक सङ्घ-सस्थाहरूको आजीवन सदस्य समेत रहेका छन् ।[३०]

**(घ) पत्रकार-सम्पादन व्यक्तित्व**

अमर त्यागीको विभिन्न व्यक्तित्व मध्ये पत्रकार सम्पादक व्यक्तित्व पनि महत्त्वपूर्ण छ। उनी जीवनमा विभिन्न व्यक्तित्वका रूपमा क्रियाशील रहने क्रममा साहित्यिक विधाहरूको विकासका माध्यमबाट भाषा साहित्यको सेवा गर्ने र समाज तथा देशमा ताजा खबरको सम्प्रेषण गर्ने इच्छा जागृत भएकोले उनले समाचार पत्रको सम्पादन समेत गरेका छन् । उनले विभिन्न पत्र-पत्रिकामा सम्पादक भई काम गरेका छन्, जुन यसप्रकार रहेको छ–

- सम्पादक, मूर्च्छना गजल पत्रिका,
- सम्पादक, जनहित-ज्योति, साहित्यिक पत्रिका,
- प्रधान सम्पादक, प्रज्ञान साहित्यिक पत्रिका,
- सह-सम्पादक, सगर साहित्यिक पत्रिका,
- प्रधान सम्पादक बारा दर्पण, साप्ताहिक,
- सम्पादक, अभिज्ञान, अनुसन्धानमूलक पत्रिका,

सम्पादन, सोपान, देवकोटा स्मारक व्याख्यान सङ्ग्रह, बारा महोत्सव स्मारिका, रामराजा क्याम्पस रजत महोत्सव स्मारिका, अश्रुपूरित आँखाहरू (गजल) सोझा प्रश्नः बाउँठा उत्तर (हास्यव्यङ्ग्य) प्रतिभा र प्रसङ्गहरू (निबन्ध) जलनको आँसु (गजल) आदि ।

## २.२.२.२ साहित्यिक व्यक्तित्व

नेपाली भाषा, साहित्य, कला र संस्कृतिको सेवामा समर्पित, आस्थावान् एवम् सिर्जनशील व्यक्तित्व अमर त्यागी साहित्य साधनामा निमग्न रहेका एक मानवतावादी साहित्यकारका रूपमा परिचित छन् । कुनै न कुनै रूपमा जीवन र साहित्य एक अर्काका परिपूरक हुने हुँदा 'साहित्य जीवन भोगाइको अनुभव अनुभूतिको भाषिक अभिव्यञ्जना'[३१] हो भन्ने दृष्टिकोण व्यक्त गर्ने त्यागी रहर र प्रतिभामध्ये प्रतिभाबाट प्रस्फुटित साहित्यतर्फ अभिरूचि राख्दछन् । साहित्य मानव कल्याणकारी हुनुपर्छ भन्ने मान्यता राख्ने त्यागीका कतिपय प्रकाशित रचनाहरू मानवतावादी देखिन्छन् । त्यागीका साहित्यिक कृतिहरूमा

---

[३०] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[३१] ऐजन ।

धेरै जसो समाजवादी, यथार्थवादी, मानवतावादी र प्रगतिवादी दृष्टिको व्यक्त भएको छ । उनी  सामाजिक मूल्य र मान्यता, राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिक अखण्डता, जनवादी महत्ता र महानता, जन-अधिकारप्रति निष्ठा र विश्वासमा प्रतिबद्ध लेखक हुन् ।

साहित्यकारका रूपमा अमर त्यागीले बाल्यकालदेखि नै प्रवेश भएको हो । उनी कक्षा ३ मा पढ्दा 'विकास' शीर्षक कविता रचेर गाउँसभामा सुनाएका थिए । उनको सर्वप्रथम औपचारिक प्रकाशित कविता 'गोठाला-गोठाल्नी' (२०४०) हो । त्यागीको विशेष योगदान गजल विधामा नै फैलिएको छ । यिनको साहित्यिक प्रतिभा कथा, ताङ्का, हाइकू, सूत्रकविता, निबन्ध आदि विधामा पनि मुखरित भएको छ तापनि यिनको सफलता प्राप्त विधा भने गजल र कविता नै रहेको देखिन्छ । यिनका प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् ।[३२]

१) **बाँसुरीमा आँसुको गीत** (गजल), २०५७

२) **अक्षरहरूको देश** (कविता), २०५८

३) **अनुभूतिको जुलुस** (सूत्रकविता), २०६०

४) **अभियुक्त ईश्वर** (ताङ्का), २०६३

## २.२.२.२.१ स्रष्टा व्यक्तित्व

सृष्टि संरचनाका नायक सरह मानिने स्रष्टा पनि सिर्जनाका अभिकर्ताको रूपमा स्थापित हुँदै आउँदा स्रष्टामा ब्रह्मत्वको अंश रहने प्रसङ्ग साहित्य सिर्जनामा प्रतिभालाई प्रमुखता दिने साहित्यिक सम्प्रदायका चिन्तनहरूले पनि पुष्टि गरेको पाइन्छ । यद्यपि साहित्यलाई कला र विज्ञानको रूपमा हेर्दा साहित्येतर सृजनामा पनि प्रतिभाको पौरख एवम् वस्तु तथ्यसँगै कल्पनाजन्य भावको मिठास पाइने हुँदा ती व्यक्तित्वको प्रेरक पक्षलाई प्रमुखता दिइएकोले यसैअन्तर्गतको विविध विधाका स्रष्टा सिर्जनाका अनुहारलाई चिन्हाउने मुख्य लक्ष्य वा उद्देश्य यहाँ रहेको छ । जसअनुसार अमर त्यागीका स्रष्टा व्यक्तित्व विम्बहरू यहाँ उद्घाटित गरिन्छ ।

### (क) गजलकार व्यक्तित्व

माध्यमिक कालीन नेपाली साहित्यका प्रणेता मोतीराम भट्ट (वि.स. १९२३-५२) बाट वि.स. १९४० देखि प्रारम्भ भएको नेपाली कविताको शृङ्गारकाल अन्तर्गत नव प्रयोगका रूपमा भित्रिएको गजल आज स्वतन्त्र काव्यविधाको रूपमा स्थापित र प्रचलित भइसकेको तथ्य विद्वान् समीक्षकहरूबाट स्पष्टिइसकेको छ । उर्दू, फारसीबाट सोझै

---

[३२] ऐजन ।

आयातित भई नेपाली भाषामा लेखिएका गजलहरू उर्दू गजलको रचना विधानबाट प्रभावित हुँदाहुँदै पनि नेपालीपनमा समायोजित हुनु नेपाली गजलको विशेषता रहेको छ । प्रारम्भकालीन नेपाली गजल लेखनको मूल भाव शृङ्गारिकता रहेको देखिन्छ । मोतीराम भट्टबाट प्रारम्भ भएको नेपाली गजल विधाले आज सम्मको स्वरूप एकसय सत्ताइस वर्षको लामो समय खर्च गरि सकेको देखिन्छ ।

अमर त्यागीको गजल लेखनकाल पनि यही पुनर्जागृत आधुनिक नेपाली गजल लेखन प्रकाशनकाल अन्तर्गत अर्थात् वि.स.२०४५ बाट प्रारम्भ भएको देखिन्छ । गजल विधामा होमिनु अघि अमर त्यागी कविता सृजनामा सङ्लग्न थिए ।[३३] उनको प्रथम कृति बाँसुरीमा आँसुको गीत गजल सङ्ग्रह हो । यसको प्रकाशन २०५७ चैत ४, देवकोटा स्मृति सभा, कलैयाबाट भएको हो ।[३४] यस गजल सङ्ग्रहमा ६८ वटा गजल सङ्ग्रहीत रहेका छन् । उनका गजलहरू संरचनात्मक हिसाबले रदिफ र काफिया एवम् लयका निर्वाहका क्रममा सन्तुलित रहेको छ । उनका गजलहरू समसामयिक युगबोधमा अनुभूत विकृति, विसङ्गति, अन्याय र अत्याचारविरुद्ध कुर्लिएका छन् । दृष्टिजन्य एवम् अनुभवजन्य जीवनका तीतामीठा प्रसङ्गहरू, समसामयिकी बिप्ल्याँटा परिस्थितिहरू, स्वतन्त्रता प्राप्ति (२०४६) पछि पनि दुखेका स्वाभिमानहरू बेरोजगारीका वेदनाहरू, शैक्षिक अवनतिका छेस्काहरू सहिदप्रति अनास्था दर्शाउने राजनैतिक वातावरणहरू र मानवीय सभ्यता अन्तर्गत पातलिँदै गएका व्यवहार एवम् सांस्कृतिक विचलनका वास्तविकताहरू उनका गजलमा विषयवस्तु बनेर सफलतापूर्वक अभिव्यञ्जित भएका छन् ।

शोषित पीडितहरूको पक्षमा आफ्नो प्रगतिवादी जीवन-दर्शन र केही मात्रामा रहेको लेखन प्रवृत्तिले रचिएका गजलहरू आलोचना, आलोचनाका लागि मात्र नभएर सृजनाका कमी कमजोरी औंल्याउनका लागि होस् भन्ने दृष्टिकोण राख्ने अमर त्यागीको गजल लेखनप्रवृति बाह्यरूपमा परिष्कारवादी र आन्तरिक रूपमा स्वच्छन्दतावादी प्रगतिवादी मान्यता रहेको बुझिन्छ ।[३५]

## (ख) कवि व्यक्तित्व

[३३] शोधनायकको रचनाको अध्ययनबाट ।

[३४] अमर त्यागी, **बाँसुरीमा आँसुको गीत,** (देवकोटा स्मृतिसभा, कलैया, २०५७) ।

[३५] शोधनायकको गजल अध्ययनबाट ।

नेपाली साहित्यको श्रीबृद्धिका लागि विविध विधा-उपविधामा कलम चलाउँदै वर्तमानसम्म आइपुग्दा नेपाली साहित्यकाशमा युवा स्रष्टाको रूपमा प्रतिष्ठापित भएका अमर त्यागीको पहिलो अप्रकाशित कविता 'विकास' शीर्षक देखा पर्दछ । उनको औपचारिक रूपमा 'गोठाला-गोठाल्नी' वि.स. २०४२ भाद्र-४ को गोरखापत्रमा प्रकाशित भएको हो ।[३६] त्यसपछि उनका कविताहरू स्थानीय तथा राष्ट्रिय स्तरका विविध पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । अमर त्यागीका फुटकर कविताहरूको सङ्गालो **अक्षरहरूको देश** शीर्षकबाट सर्वप्रथम वि.स.२०५८ सालमा प्रकाशित भएको पाइन्छ । उक्त कृति मझौला र छोटा गरी जम्मा ४४ वटा कविताहरूको सङ्गालो हो । प्राप्त कविताहरूमध्ये गाउँबाटछन्दोबद्ध कविताबाहेक बाँकी सबै गद्यमा रचिएको पाइन्छ ।[३७]

यसरी विभिन्न कविगोष्ठी, साहित्यिक कार्यक्रममा सहभागी रहँदै आएका अमर त्यागीका प्राप्त प्रकाशित कृति र फुटकर कविताहरूलाई सरसर्ती हेर्दा उनका कविताहरू कहिले जीवनवोधको त कहिले युगवोधको आह्वानतर्फ लम्केका छन् । त्यसरी नै समसामयिक समग्र उदासीनता र त्यसमा अन्तर्निहित मानवताको नग्नतालाई व्यङ्ग्य प्रहार गर्दै खबरदारी गरेका छन्। उनले केही परम्परागत र केही नवीन शैली अपनाई कविता, काव्यको रचना गरेका छन् । उनका यस सँगालोमा रहेका कविताले सामाजिक, आर्थिक, सांस्कृतिक, नैतिक र चारित्रिक क्षेत्रमा देखिएका विचलन, विकृति तथा राजनैतिक भ्रष्टाचारजन्य विकृतिको भण्डाफोर गर्दै तीखो व्यङ्ग्यवाण प्रहार गरेका छन् । साथै उनले परम्परागत रूपमा शोषित, उपेक्षित वर्गप्रति पूर्ण सहानुभूति राख्दै मानवीय संवेदना प्रकट गरेका छन् । यसरी स्पष्ट तीक्ष्ण र कोमल शैलीभित्र पनि आक्रोश र करूणाको अभिव्यक्ति गर्ने अमर त्यागीको व्यङ्ग्य चेत कविताको माध्यमबाट प्रकट गर्नु यिनको सफल पहिचान बनेको छ ।[३८]

अमर त्यागीको **अनुभूतिको जुलुस** तेस्रो प्रकाशित नवीनतम् मान्यता बोकेको सूत्र कवितासङ्ग्रह हो । यसको प्रकाशन वि.स. २०६० सालमा हेमन्त कुमार श्रेष्ठले प्रकाशन गरेका हुन् । ३२४ वटा सूत्र कविताहरूबाट यस सङ्ग्रहको निर्मित भएको देखिन्छ । एक पङ्क्तिमा आधारित तीनसय चौबीसवटा कविताहरूले नै यस सङ्ग्रहको संरचना निर्माण गर्न सहयोग पुर्‍याएका छन् ।

---

[३६] शोधनायकबाट प्राप्त जानकारीबाट ।

[३७] अमर त्यागी, **अक्षरहरूको देश**, (कलैयाः जुनु क्षेत्री, २०५८) ।

[३८] शोधनायकका कविताकृति अध्ययनबाट ।

नवीनतम मान्यता बोकेका यस सङ्ग्रहको शीर्षक **अनुभूतिको जुलुस** राखिएको छ । मान्छेका विचारहरूको जुलुस, भावनाको जुलुस, अनुभूतिहरूको जुलुस, पीडाहरूको जुलुस, आवेग र संवेगहरूको जुलुस र सामान्य तीनसय चौबीस वटा पङ्क्तिहरूमा अभिव्यक्त तीनसय चौबीसवटै भावनाका जुलुसलाई यस सङ्ग्रहमा समेट्ने प्रयास कविले गरेका देखिन्छन् । यसरी सामान्यार्थबाट प्रस्तुत जुलुस र प्रतीकात्मक रूपबाट अभिव्यक्त जुलुसलाई यस सङ्ग्रहमा समेटिएको हुनाले अभिधात्मक र प्रतीकात्मक दुवै अर्थमा शीर्षक सार्थक देखिन्छ । यस सङ्ग्रहमा त्यागीले सरल सुबोध्य, सुललित किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । यस सङ्हग्रमा तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग पाइन्छ । अनुभूतिको तात्क्षणिकतालाई उतार्ने क्रममा कविले एउटा क्षण विशेषलाई एउटा पङ्क्तिमा परिसीमित गरेका छन् । यसरी भावगत विविधतालाई यस सङ्ग्रहका 'सूत्र' कवितामा समेटिएको देखिन्छ । नेपाली साहित्यमा पूर्व प्रचलित परम्पराभन्दा नवीनतम मान्यताका रूपमा सूत्र कविता आएको हो । कविता सिद्धान्तभन्दा बाह्य रूपमा सूत्र कविता सृजना भएको देखिन्छ । उत्तर आधुनिकतावादी नेपाली अनुशीलनका रूपमा अमर त्यागीको 'अनुभूतिको जुलुस'लाई लिन सकिन्छ । उत्तर आधुनिकतावादी बहुलवादी अवधारणाले यस कृतिमा स्थान पाएको देखिन्छ ।[३९] यस सङ्ग्रहमा कविले मुख्यतः मान्छेको जीवन र उसका विवश परिस्थितिहरूको यथार्थ अङ्कन गरेर अनुभूतिलाई सूत्रात्मकता प्रदान गर्ने कार्य गरेका छन् । यस्तै किसिमले विविध परिवेशलाई ल्याएर वर्तमान समयमा देखा परेका असमानताहरूको अभिव्यक्तिलाई पनि यस सङ्ग्रहमा समेट्ने प्रयास गरिएको छ । राजनीति र त्यसबाट सृजित विकृति एवम् विसङ्गतिको आक्रोश मूलक प्रतीकात्मक अभिव्यक्तिले यस सङ्ग्रहमा यत्रतत्र स्थान पाएको देखिन्छ । मान्छेका आवेग, संवेग र मनोवेगहरूको प्रकटीकरण एवम् संवेदनात्मक अभिव्यक्ति यस सङ्ग्रहरूमा आएका सूत्र कविताहरूमा प्रक्षेपण गरिएको पाइन्छ । यसरी विभिन्न विषयहरूलाई समेटेर यस नवीनतम प्रवृत्तियुक्त सूत्र कविता सङ्ग्रहको सृजना हुन पुगेको देखिन्छ । यस सङ्ग्रहका सूत्र कविताहरूमा कविले विभिन्न बिम्बात्मक अभिव्यक्तिलाई आत्मसात गरेका छन् । अन्नत परिभाषाका रूपमा प्रस्टिने मान्छेको जिजीविषाको सार्वकालिक र सार्वदेशीय बिम्ब, प्रतीक र मिथक्को आफ्नो महत्त्व छ र कविले काव्यिक अर्थालङ्कार एवम् शिल्प प्रविधिको रूपमा हृदयङ्म गरेको देखिन्छ ।[४०]

---

[३९] रमेश गोर्खाली, 'सूत्र कविता अनन्त जिजीविषाको आधुनिक बान्की', **अनुभूतिको जुलुस,** (काठमाडौंः हेमन्तकुमार श्रेष्ठ, २०६०), पृष्ठ भूमिका ।

[४०] सचिता लोहनी, **बारा जिल्लाको प्रतिनिधि कवि** .........पूर्ववत् , पृष्ठ : ५० ।

अमर त्यागीको **अनुभूतिको जुलुस** कविप्रौढोक्ति उक्ति ढाँचालाई आत्मसात गरेर रचना गरिएको सङ्ग्रह हो । यस सङ्ग्रहमा विभिन्न किसिमका भावलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । परम्परित कविता मान्यताभन्दा फरक मान्यतालाई बोकेको यस कविता सङ्ग्रहमा विभिन्न पौराणिक र आद्यबिम्बको प्रयोग गरिएको छ । अभिधार्थ भन्दा व्यङ्ग्य अर्थ जनाउने यस सङ्ग्रहका सूत्र कविताहरू आफैमा पूर्ण छन् ।

**(ग) ताङ्काकार व्यक्तित्व**

बहुमुखी व्यक्तित्वको रूपमा परिचित अमर त्यागीको पहिचानको अर्को पाटो ताङ्काकार व्यक्तित्व पनि हो । वि.स.२०६२ सालमा कौशिकी साहित्य प्रतिष्ठान काठमाडौँबाट प्रकाशित भएको **अभियुक्त ईश्वर** ताङ्का कृति हो ।[४१] यिनले यही शीर्षकबाटताङ्काको लेखन आरम्भ गरेका हुन् । यिनको **अभियुक्त ईश्वर** ताङ्कामा पृष्ठ १७ देखि ७८ सम्म ताङ्का रहेको छ । अमर त्यागीको यो चौथो पुस्तकीय कृति **अभियुक्त ईश्वर** ताङ्का समेतलाई विचार गर्दा कविताको सेरोफेरोमा गजल, सूत्रकविता र ताङ्का कवितालाई पनि समेट्दै उहाँको केन्दीय कविव्यक्तित्व सृजनात्मक रूपमा बढी क्रियाशील रहेको बुझ्िन आउँछ । पश्चिम एशियाली उद्भव स्रोतको गजल र पूर्वी एसियाली जापानी स्रोतबाट समुत्थित ताङ्का कवितालगायत समयुगीन भारत वर्षीय साहित्यका कतिपय सन्दर्भ स्रोतसँग समेत सम्बद्ध रही गजल, सूत्रकविता र ताङ्काका बहुल अन्तर्वेणीमा उनको आधारभूत कवित्व फस्टाइरहेको पाइन्छ ।[४२] यसै परिप्रेक्ष्यमा प्रस्तुत **अभियुक्त ईश्वर** ताङ्का सङग्रहबाट त्यागीको मुक्तक निकट विशिष्ट कवित्व प्रतिभाको समेत रस्वादन गर्न सकिन्छ ।

पाँचहरफे ढाँचामा संरचित ताङ्कामा जम्मा १२४ वटा ताङ्काहरू प्रस्तुत सङ्ग्रह **अभियुक्त ईश्वर** नामक सङ्ग्रहमा रहेको छ । यसमा कसिलो साङ्गीतिक शब्दशøयाको चयनका साथै भावगत तीक्ष्णता र सौन्दर्य विधानको तीव्रताबाटै पनि कवि अमर त्यागीको सूक्ष्म कविकौशलको एक झल्को आस्वादन गर्न सकिन्छ । खासगरी प्राकृतिक सौन्दर्य र मानव जीवनको मोहकताका साथै राष्ट्रागको ओजका सँगसँगै समयुगीन वृहत्तर सामाजिक ढाँचामा अन्तर्निहित विसङ्गति र मूल्य विघटन तथा बहुल मानवीय पीडा चक्रतर्फ साङ्केतित गर्ने भावभूमिमा नै उहाँका अधिकांश ताङ्काहरू रचिन पुगेका छन् । त्यागीका ताङ्काहरूको समष्टि अध्ययनबाट उनी नेपाली ताङ्का क्षेत्रका एक

---

[४१] अमर त्यागी, **अभियुक्त ईश्वर,** (काठमाडौं : कौशिकी साहित्य प्रतिष्ठान, २०६२) ।

[४२] वासुदेव त्रिपाठी,**अभियुक्त ईश्वर**को भूमिकाबाट ।

सचेत स्रष्टा रहेका र उनका ताङ्काहरू भाव गाम्भीर्यका दृष्टिले सफल र सशक्त रहेको तथ्य स्पष्ट हुन्छ ।

### (घ) कथाकार व्यक्तित्व

आधुनिक नेपाली कथाको विकासकाल (वि.स.१९९२ हालसम्म)[४३] को प्रारम्भमा फ्रायडीय मनोवैज्ञानिकतालाई कथा लेखनको छुट्टै धारा एवम् प्रवृत्तिमा प्रतिस्थापित गराउन सफल कथाकार विश्वेश्वरपसाद कोइराला विसङ्गतिवादी र सूत्रात्मक कथालेखक ध्रुवचन्द्र गौतमको कथाबाट प्रभावित भई अमर त्यागी सूत्र कथा लेखनमा होमिएका देखिएका हुन् ।[४४] कथा जीवन र परिस्थितिजन्य घटना र चरित्रको आख्यानात्मक भाषिक रेखाङ्कन हो । यसमा धर्म, दर्शन, इतिहास, लोकजीवन र भोगाइका विविध झाँकीहरू उद्घाटित गरिएको छ । उपयुक्त कथानक, परिवेश, पात्र वा चरित्र र दृष्टिविन्दुको केन्द्रीयतामा समय सन्दर्भको एउटा सग्लो पाटोलाई कथामा चित्रित गरिन्छ र यसको शिल्प संरचना वा प्रस्तुति आकर्षक र मर्मस्पर्शी हुन्छ ।[४५]

कथा विश्वमानव जीवनसँग सम्बन्धित वाङ्मयको सर्वप्राचीन विधा हो ।[४६] नेपाली कथा परम्परा गोरखापत्र (वि.स.१९५८) प्रकाशनपछि मौलिकता तर्फ उन्मुख भएर शारदा (वि.स. १९९१) प्रकाशनसँगै गुरूप्रसाद मैनालीबाट आधुनिक कालमा प्रवेश भएको हो ।[४७]

कथाकार अमर त्यागीद्वारा रचित पहिलो कथा 'विश्वासघात मातृभूमि' पत्रिकामा वि.स.२०४० चैत ४ मा प्रकाशित भएको हो । त्यस्तै गरी दोस्रो संगम नामक कथा जमर्को सङ्ग्रहमा वि.स.२०४५ भाद्रमा प्रकाशित भएको हो। यस कथाले प्रतीक कथा पुरस्कारबाट पुरस्कृत भएको हो । त्यस्तै यिनको तेस्रो कथा मानवताको उपहास हो । यो युवामञ्च पत्रिकामा वि.स. २०४६ चैतमा प्रकाशित भएको हो । मूलतः उनी फ्रायडीय मनोविज्ञान, संचेतना मानवीय दुर्गति, सामाजिक यथार्थ र नारी समस्यालाई कथामा उतार्ने कथाकार हुन् । नारी मनोदशा वा यौन दुर्वलतालाई शिष्टतापूर्वक प्रस्तुति गर्नु

---

४३ डा. ईश्वर बराल सहित अन्य (सम्पा.), **नेपाली साहित्यकोश,** पूर्ववत् पृ. १०७ ।

४४ शोधनायकबाट प्राप्त जानकारी ।

४५ राजेन्द्र सुवेदी (सम्पा). **स्नातकोत्तर नेपाली कथा,** (ललितपुर : साझाप्रकाशन, २०५१), पृष्ठ ८ ।

४६ ऐजन ।

४७ ऐजन ।

एवम् मानवीय संवेग वा संवेदनालाई अभिव्यञ्जित गर्नु उनको कथागत प्रवृति र उद्देश्य हो ।

कथावस्तु सुहाउँदो परिवेश, पात्र, भाषा एवम् शैलीगत विशेषता र सरल कथान्विती उनका कथाका उल्लेख्य पक्ष हुन् भने मानवीय अन्तर्तहसम्म पुगेर वास्तविकता प्रकट गराउन खोज्नु उनको कथागत उद्देश्य रहेको देखिन्छ । त्यागीका कथा, लघुकथा र सूत्रकथाहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका समकालीन साहित्य, प्रतीक, मधुपर्क, मिर्मिरे, नवप्रज्ञापन, बारा दर्पण, बारा टाइम्स शब्दसंयोजन लगायत अनेकौ पत्र-पत्रिकाहरूमा एक-सयजति कथा लघुकथा र सूत्रकथाहरू प्रकाशित छन् ।

### २.२.२.२.२ द्रष्टा व्यक्तित्व

मानव संसारका हरेक वस्तुहरूको सूक्ष्म निरीक्षण गर्ने र त्यस सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने चिन्तनशील प्राणी हो । आफूले देखेका, भोगेका र अनुभव गरेका वस्तुतथ्यप्रति आफ्नो धारणा वा दृष्टिकोण व्यक्त गर्ने क्षमता द्रष्टा क्षमता हो । व्यक्तिलाई जसले सामान्यबाट विशेष्यतर्फ परिभाषित गरेको हुन्छ । यसर्थ उसको द्रष्टा व्यक्तित्व उल्लेख्य बन्न पुग्दछ । स्रष्टाद्धारा सृजना गरेका रचनाको अवलोकनद्वारा त्यसभित्रको वास्तविकता छानबिन गर्ने क्षमता पनि द्रष्टा क्षमता हो । यो क्षमता अमर त्यागीमा पनि सबल रूपमा देखिन्छ । उनको यो क्षमता समालोचक व्यक्तित्व, पुस्तक समीक्षक व्यक्तित्व र भूमिकाकार व्यक्तित्वका रूपमा प्रतिस्थापित रहेको छ ।

### (क) **समालोचक व्यक्तित्व**

समालोचना बौद्धिक, तार्किक, विश्लेषणात्मक र निर्णायात्मक लेखन प्रक्रिया हो ।[४८] साहित्य जीवनको सत्यतथ्यात्मक दृष्टिविम्ब हो भने समालोचना साहित्यका सत्य तथ्यात्मक दृष्टिचित्र हो । यसका लागि समालोचकमा गहन अध्ययन, ज्ञान, दर्शन, चिन्तन, मनन एवम् निर्णायात्मक प्रस्तुतिको क्षमता हुनुपर्दछ । साहित्यका विभिन्न प्रवृत्तिहरू जस्तै समालोचनाका पनि विभिन्न पद्धतिहरू विकास भएका छन् । जीवनीपरक, व्यक्तित्वपरक, कृतित्वपरक, सिद्धान्तपरक समालोचनाका साथै विधापरक, विषयपरक, शैलीपरक, इतिहासपरक, प्रभापरक, खोजअन्वेषणपरक समालोचना पद्धतिहरू पूर्वीय तथा पाश्चात्य क्षेत्रमा विकसित भएर नेपाली समालोचना क्षेत्रमा भित्रिएका छन् । यस सन्दर्भमा हेर्दा नेपाली समालोचनाको उठान मोतीराम भट्टले जीवनीपरक समालोचना

---

[४८] यदुनाथ खनाल, **समालोचनाको सिद्धान्त**, (ललितपुर : साझा प्रकाशन,२०२३), पृष्ठ १८ ।

भानुभक्तको जीवनचरित्र (१९४८)[४९] बाट गरेपछि सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा आदिको प्रभावपरक, बाबुराम आचार्य, राममणि आदि आदिको खोजअन्वेषणपरक, यदुनाथ खनाल, कुलचन्द्र गौतम आदिको सिद्धान्तपरक, वासुदेव त्रिपाठी, केशव उपाध्याय आदिका कृतित्वपरक, तारानाथ शर्मा, मोहनराज शर्मा आदिको इतिहासपरक समालोचना पद्धति[५०] हुँदै नेपाली समालोचनाका विभिन्न पद्धतिहरूको विकास परम्परासँगै अनेक समालोचनाहरू पनि देखिएका छन् । प्रभावपरक, कृतित्वपरक र सिद्धान्तपरक समालोचना पद्धतिहरू ग्रहण गरेर समालोचना गर्ने समालोचकहरूमा अमर त्यागी पनि एक सचेत समालोचक व्यक्तित्व हुन् ।

गजल विषयक समालोचनाबाट नेपाली समालोचना क्षेत्रमा प्रवेश गरेका अमर त्यागीका समालोचनाहरू थुप्रै रहेका छन् ती यसप्रकार रहेको छ ।

- नेपाली गजलको परम्परा र प्रवृत्ति, मधुपर्क २०५५ भाद्र ।
- आधुनिक नेपाली गजल र धनश्याम न्यौपानेको गजलकारिता, वन्दना २०५५ चैत ।
- श्रीओमको निबन्धकला, सगर २०५६ बैशाख ।
- अनुराधा उपन्यासको नायक नायिकाको मनोरचना, नव-प्रज्ञापन २०५६ चैत ।
- कविताका कोलाज अभिव्यक्तिहरू, सगर २०५६ साउन ।
- निर्मोही व्यासको निबन्धकारिता, समकालीन साहित्य २०५७ भाद्र ।
- नेपाली गजलको विकासमा सगर पत्रिकाको योगदान, सगर २०६० चैत ।
- व्यक्ति बिम्बहरूको दस्तावेज गुडबाई छोडी जानेहरूलाई, समष्टि २०५६ फागुन ।
- नेपाली गजलको ऐतिहासिक अनुशीलन, दायित्व २०६७ भाद्र ।
- गजलको सैद्धान्तिक परिशीलन, कौशिकी २०६७ भाद्र ।
- गजलकार घनश्याम न्यौपाने र उनको गजलकारिता, नव-प्रज्ञान २०६७ फागुन ।

विधागत, सिद्धान्तगत र कृतिगत सत्यतथ्यको छानबिन नै उनको समालोचकीय मान्यता हो । उनी प्रभावपरक, कृतित्वपरक र सिद्धान्तपरक समालोचना क्षेत्रमा उनको दक्षता देखिन्छ । उनले कृतिगत गुणदोष तथा विधागत मूल्य र मान्यताको सर्वोपरि यथार्थलाई आफ्ना समालोचनाहरूमा समुद्घाटन गरेका छन् ।

### (ख) पुस्तक समीक्षक व्यक्तित्व

अवलोकन पश्चात् त्यस वस्तुका सम्बन्धमा व्यक्तिगत धारणा उत्पन्न भए झैं कुनै पनि साहित्यिक पुस्तक प्रकाशन पश्चात् त्यस पुस्तकको अध्ययनबाट पाठकीय

---

[४९] राजेन्द्र सुवेदी, **नेपाली समालोचना : परम्परा र प्रवृत्ति** (वाराणसी : भूमिका प्रकाशन ,२०६१), पृष्ठ २६८ ।

[५०] नरेन्द्र प्रसाई, **नेपाली साहित्यको समालोचक र समालोचना,** (काठमाडौं : एकता प्रकाशन २०५७), पृष्ठ

धारणाको प्रकटन हुन र त्यसबाट पुस्तकको मूल्य र महत्त्वको वास्तविक पहिचान हुन्छ । पुस्तकको धारणा प्रकट गर्ने प्रचलन साहित्य सृजन प्रक्रियासँगै चल्दै आएको मान्न सकिन्छ ।

प्रकाशित साहित्यिक पुस्तक अध्ययनबाट उत्पन्न भएको प्रभावलाई निरपेक्ष ढङ्गले गरिएको सत्यतथ्यको भाषिक प्रकटन नै पुस्तक समीक्षा हो । पुस्तक समीक्षामा गुण-अवगुणको परिचयात्मक रूपमा विवेचना वा मूल्याङ्कन गरिन्छ । पुस्तक प्रकाशन पछि विभिन्न पत्र-पत्रिकाको लागि लेखक वा प्रकाशनबाट समीक्षार्थ प्राप्त पुस्तकहरूको विभिन्न व्यक्ति वा विशेषज्ञबाट समीक्षा गराएर प्रकाशन गर्ने परिपाटी रहेको छ । त्यही उद्देश्यका लागि सम्पादक वा लेखकबाट प्राप्त पुस्तकहरूको अमर त्यागीबाट गरिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका अनेक पुस्तक समीक्षाहरूका आधारमा त्यागीको पुस्तक समीक्षक व्यक्तित्व उद्घाटित गर्न सकिन्छ । अमर त्यागीको पुस्तक समीक्षक व्यक्तित्वलाई दर्शाउने समीक्षाहरू यस प्रकार छन् ।

- यथार्थिकताको एलबम आउ-साथी, **नव-प्रज्ञापन** २०५४ माघ ।
- मानवीय संवेदनाको सफल प्रस्तुति, **मधुपर्क** २०५७ पुस ।
- भ्रष्ट संवेदनाको निश्चल अभिव्यक्ति, **मधुपर्क** २०५८ बैशाख ।
- युगिन यथार्थिकताको सुन्दर एलबम, **मधुपर्क** २०६० बैशाख ।
- कृतिको सही मूल्याङ्कन, **मधुपर्क** २०६० भाद्र ।
- छन्दका सुन्दर कृति अन्तरका सुसेलीहरू, **मधुपर्क** २०६१ बैशाख ।
- ऐतिहासिक दस्तावेज, **मधुपर्क** २०६५ असोज ।
- विविधाङ्गी अनुभूतिको अभिव्यक्ति, **मधुपर्क** २०६५ पुस ।
- नाटकको ऐतिहासिक दस्तावेज, **मधुपर्क** २०६६ चैत ।
- भावुक यथार्थको भावनात्मक अभिव्यक्ति, **मधुपर्क** २०६७ भाद्र ।
- पठनीय कथा सँगालो **मधुपर्क** बैशाख २०६८ ।

पुस्तकको सङ्क्षिप्त विवेचनाको क्रममा विषय, भाव, शिल्प र उद्देश्यको परिचय प्रस्तुत गर्नु उनको पुस्तक समीक्षाको मूल प्रवृत्ति हो । विधागत सैद्धान्तिक लक्षणका आधारमा कृतिगत स्वरूपको चिनारी वा उपलब्धि, सृजनागत मौलिकता वा कमजोरी एवम् सम्प्रेषणगत संवेद्यता वा गहनता जस्ता तथ्यहरूको परिपुष्टि एवम् विषयगत, भावगत र शैली-शिल्पगत स्तर, स्वरूप र महत्त्वलाई प्रदर्शित गर्नु उनको पुस्तक समीक्षागत वैशिष्ट्य हो ।

### (ग) भूमिकाकार व्यक्तित्व

भूमिका कुनै पनि कृतिको प्रकाशन पूर्व स्वयं कृतिकार वा विधागत विशेषज्ञबाट गरिएको कृतिगत सत्यतथ्यको आलेखन हो । भूमिकामा कृतिगत सृजन-प्रक्रिया, महत्त्व, प्रवृत्ति र विशेषताको आँकलन गरिएको हुन्छ तथापि कृतिकार र कृतिको अध्ययनबाट पाठकलाई दिइने पूर्व जानकारी नै भूमिका हो । भूमिका अध्ययनबाट पाठकमा कृति अध्ययनका लागि अभिरूचि जागृत हुने भएकोले भूमिका तथ्यपूर्ण, स्पस्ट र तटस्थ हुनुपर्ने मान्यता रहेको छ । भूमिका लेखन र प्रकाशन परम्परा पूर्वीय र पाश्चात्य एवम् नेपालीमा पनि प्रचलित रहेको छ । परन्तु भूमिकाहरूको सङ्कलन गरेर छुटै कृति प्रकाशन गर्ने परम्परा पनि बढ्दै गएको छ ।

विधागत लक्षण, इतिहास र कृतिकारको कृतिगत समग्रतालाई परिदर्शन गर्ने अमर त्यागीले वि.स.२०६१ सालदेखि गजल कृति, हास्यव्यङ्ग्य कृति, निबन्ध कृतिहरूको भूमिका लेखिसकेको देखिन्छ । उनले लेखेका भूमिकाहरू यसप्रकार रहेका छन् ।

- “अश्रुपूरित आँखाहरूमा अभिव्यक्त मानवीय संवेदना” रामप्रसाद साहको अश्रुपूरित आँखाहरू गजलकृति (२०६१) ।
- “हास्यव्यङ्ग्यहस्ती मुकुन्द आचार्य” मुकुन्द आचार्यको सोझाप्रश्न बाउँठा उत्तर, हास्य-व्यङ्ग्यकृति (२०६३) ।
- “गोपाल अश्कको गजल महाकाव्य” गोपाल अश्कको प्रेमान्तर, गजल महाकाव्यकृति (२०६३) ।
- “सरल भाषाको निबन्धकृति” सुशील मुडभरीको प्रतिभा र प्रस•हरू, निबन्धकृति (२०६३) ।
- “जलनको आँसुमा अभिव्यक्त पीडा” रामेश्वर जलनको आँसु, गजलकृति (२०६५) ।
- “बागिमान शर्माको गजलशिल्प” बागिमान शर्माको चुपचाप चुपचाप, गजलकृति (२०६६) ।

### २.२.२.२.३ निष्कर्ष

आफ्नो अन्तर्दृष्टि क्षमताले लेखकीय वास्तविकताको सर्वोपरि मान्यताको उद्घाटन गर्नु उनको साहित्यिक व्यक्तित्वको उच्चता हो सृजनकला, त्यसको महत्ता र लेखकीय वर्चस्वको तथ्यात्मक परिपुष्टि नै उनको साहित्यिक लेखनको प्रवृत्ति हो । बहुमुखी साहित्यिक प्रतिभा-सम्पन्न अमर त्यागी बाह्य दृष्टिकोणबाट पनि विनयशील, सहृदयी एवम् आकर्षक व्यक्तित्वका रूपमा देखिन्छन् । उनी एक निष्ठावान् सामाजिक सचेतक, प्राध्यापक, सङ्घसंस्था सञ्चालक र पत्रपत्रिका सम्पादकका रूपमा सार्वजनिक

प्रतिष्ठा आर्जन गरेका छन् भने स्रष्टाका रूपमा गजलकार, कवि, ताङ्काकार, सूत्रकथाकार एवम् द्रष्टाका रूपमा समालोचक, कृति समीक्षक र भूमिकाकारका रूपमा उनी प्रतिष्ठित छन् ।

आफ्नो सम्पूर्ण जीवनीको लगानी साहित्य सेवा मै लगाउन चाहने अमर त्यागीको व्यक्तित्वको थप चहक तर्फ उनमा रहेको सहिष्णुता, परोपकारी भावना एवम् सामाजिक दायित्वको आत्मबोधले प्रज्ज्वलित गर्दै लगेको यथार्थता नै उनको व्यक्तित्व प्रतिष्ठापनका कारक तत्त्व हुन् ।

## २.३ अमर त्यागीको साहित्य यात्रा

### २.३.१ विषय प्रवेश

साहित्य जीवन भोगाइका अनुभव-अनुभूतिका साथै समाज, राष्ट्र र विश्वपरिवेशजन्य परिस्थितिको यथार्थ स्वरसन्धान हो । साहित्यको श्रव्य र दृश्य गरी दुई भेद रहेका छन् । दृश्य भेदमा नाटक-एकाङ्की पर्छन् भने श्रव्य भेदमा कविता, कथा, उपन्यास, निबन्ध, प्रबन्ध आदि पर्दछन् । कविता साहित्यको सर्वप्राचीन भेद हो । प्राचीन वेद, उपनिषद् र उषासूक्तका प्रत्येक ऋचाहरू कविताका एक एक दृष्टान्त हुन् । संस्कृतका सूक्ति वा ऋचाहरूकै प्रभावबाट नेपाली कविताको जग निर्माण हुँदै सुवानन्द दासको पृथ्वीनारायण शीर्षक कविताबाट नेपाली कविताको लेखनारम्भ भएको हो । सुवानन्दको वीर रसपूर्ण काव्य सृजनाबाट नेपाली कविता लेखन अगाडि बढेर भानुभक्तको भक्तिरसपूर्ण लेखन प्रक्रियाबाट अग्रगति प्राप्त गरी मोतीराम भट्टको शृङ्गार रसपूर्ण गजल, कविता काव्य सृजना परम्परा हुँदै विकासको अग्रगामी खुड्किलाहरू उक्लँदै गयो । तत्पश्चात् लेखनाथ पौडेलको परिष्कारवादी मान्यता, लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी मान्यतामोहन कोइरालाको प्रयोगवादी मान्यता, तथा यङ्ग राइटर्स फ्रन्ट, सडककविता क्रान्ति, तरलवाद, बुट्पालिस, अस्वीकृत जमात हुँदै समसामयिक मान्यताका रूपमा नेपाली कविता सृजन परम्परा विकसित भएको देखिन्छ अर्थात् नेपाली कविताको प्राथमिक कालका पूर्वार्द्धको वीररसका कविहरू सुवानन्द दास, शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, यदुनाथ पोखरेल तथा उत्तरार्द्धको भक्तिरसमा कृष्णभक्तिका यदुनाथ पोखरेल, वसन्त शर्मा, पतञ्जलि गजुर्याल, इन्दिरस, विद्यारण्य केशरी एवम् रामभक्तिका भानुभक्त आचार्य, रामदास, पतञ्जलि गजुर्याल तथा निर्गुणभक्तिका शशिधर, अगम दिलदास, ज्ञान दिलदास आदिका स्तुत्य साधना र समर्पणबाट नेपाली कविता विकसित हुँदै गयो ।[५१] माध्यमिक कालका मोतीराम

[५१] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** (ललितपुर : साझा प्रकाशन, छैटौं संस्करण,२०५९), पृष्ठ २५ ।

भट्ट र उनका मित्रमण्डली, शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, देवीदत्त पराजुली आदिबाट नेपाली कविताले अग्रगति प्राप्त गऱ्यो । आधुनिक कालका परिष्कारवादी धाराका लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे, धरणीधर कोइराला, महानन्द सापकोटा, कुलचन्द्र गौतम, माधवप्रसाद देवकोटा एवम् स्वच्छन्दतावादी-प्रगतीवादी धाराका लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधव घिमिरे, केदारमान व्यथित, भूपि शेरचन आदि तथा प्रयोगवादी धाराका मोहन कोइराला, कृष्णभक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, ईश्वर बल्लभ वैरागी काइँला, तुलसी दिवस, बानीरा गिरी हुँदै समसामयिक धाराका मोहन घिमिरे, ध्रुव सापकोटा, भाउपन्थी, भवानी घिमिरे, अशेष मल्ल, सैलेन्द्र साकार, तीर्थ श्रेष्ठ, विनय रावल, फणीन्द्र नेपाल, मनु ब्राजाकी, ज्ञानुवाकर पौडेल, शारदा शर्मा, दिनेश अधिकारी, ललिजन रावल, विष्णुविभु घिमिरे, कणाद महर्षि, केदार न्यौपाने 'परिश्रमी', रमेश तुफान, प्रकाश सायमी, धनश्याम न्यौपाने, नवराज कार्कीआदिका कलमबाट नेपाली कविता समुन्नत बनेको देखिन्छ ।

नेपाली कविताको समसामाजिक धाराका उत्तरार्द्ध चरणमा प्रतीक ढकाल, ज्ञानेन्द्र विवश, प्रकट पगेनी, नरेश शाक्य, दुवसु क्षेत्री, चंकि श्रेष्ठ, गोवर्द्धन पूजा, रमेश श्रेष्ठ, अमर त्यागी आदिको उपस्थिति देखिन्छन् ।[५२] समसामयिक धाराका कविहरूले परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी मान्यतालाई पनि आत्मसात गर्दै स्वतन्त्र रूपमा नवीन मूल्यलाई पनि अङ्गिकार गरेर काव्य सृजना गरेको पाइन्छ । अमर त्यागी समसामायिक धाराका पछिल्लो चरणका मूलतः प्रगतिवादी, विसङ्गतिवादी, अस्तित्ववादी र प्रयोगवादी मान्यतालाई आत्मसात गरी कविता सृजना गर्ने एक सचेत र सशक्त हस्ताक्षर हुन् ।

बाल्यकालदेखि नै जीवन, जगत, प्रकृति, संस्कृति र भोगाइका यथार्थलाई सूक्ष्म अध्ययन गर्ने त्यागीले कक्षा ३ मा पढ्दादेखि नै कविता सृजनाका माध्यमबाट साहित्यमा प्रवेश गरेका हुन् । शिक्षा अध्ययनको क्रममा बाराको कलैयामा स्थानान्तरण भएपछि उनको सृजनाले निरन्तरता प्राप्त गरेको देखिन्छ । नौ कक्षामा पढ्दा 'मोती' शीर्षकको कविता पुरस्कृत भएपछि उनी नयाँ उत्साहका साथ काव्य सृजनामा लागेका पाइन्छ । उनको 'गोठाला-गोठाल्नी' शीर्षकको कविता २०४० साल भाद्र ४ गतेको गोरखा पत्रमा सर्वप्रथम प्रकाशित भयो । त्यसपछि उनका कविताहरू स्थानीय राष्ट्रिय पत्रपत्रिकामा छापिने क्रम बढ्यो । समसामायिक गजलको प्रभावबाट उनी पचासको दशकदेखि गजल

---

[५२] खगेन्द्रप्रसाद लुइँटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६०), पृष्ठ ४३५ ।

लेखनमा सक्रिय भए । उनी गजलकाक्षेत्रमा अग्रणी स्रष्टा र गजल चिन्तकका रूपमा समेत स्थापित छन् । गजलपछि उनी जापानी स्रोतका हाइकु, ताङ्का र सेदोका लेखनमा अग्रसर भए । त्यसपछि नयाँ नयाँ लेखनप्रति अभिरूचि राख्ने त्यागी कविताको सबैभन्दा लघुत्तम स्वरूपको सूक्ष्म लेखनतिर आकृष्ट भए । आजको वैज्ञानिक युगमा लामो कविता पढिरहने सबैलाई फुर्सद नहुन सक्छ, तसर्थ एउटा सिङ्गो कविता काव्यको भाव एक पङ्क्तिमै ग्रहण गर्न सक्नुपर्छ भन्ने मान्यतालाई निरूपण गर्दै उनी एक लाइनको सूत्र कविताको प्रणयन गर्न पुगे । उनी सूत्र लेखन अन्तर्गत सूत्र कथा, सूत्र निबन्ध र सूत्र नाटक लेखनमा समेत सक्रिय छन् ।[५३]

नेपाली साहित्यका क्षेत्रमा अढाइ दशक जति अवधिमा उनले कविता, गजल, मुक्तक, हाइकु, ताङ्का, सेदोका, सूत्र कविता, सूत्र कथा, सूत्र निबन्ध, समालोचना, निबन्ध, कथा विधामा आफ्नो सशक्त उपस्थिति देखाएका छन् । विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्र-पत्रिकाहरूमा उनका पाँचसय भन्दा बढी रचनाहरू प्रकाशित भइसकेका छन् ।[५४] भने चार पुस्तकाकार कृतिहरू प्रकाशित छन् । उनका एक गजल, एक हाइकु, एक कविता, एक सूत्र कथा, एक सूत्र निबन्ध, एक बाल कविता एक समालोचनाका कृतिहरू प्रकाशनको क्रममा छन् ।[५५] साथै उनी सूत्र कथाका बृहत् ग्रन्थको सम्पादनकार्य पनि गरिरहेका छन् ।

## २.३.२ अमर त्यागीको साहित्य यात्राको चरण विभाजन

कुनै पनि साहित्यकारको साहित्य यात्राको क्रममा विभिन्न मोड र घुम्तीहरू आएका हुन्छन् । उनले साहित्य यात्रा क्रममा अनेक उकाली र ओरालीहरू पार गरेका हुन्छन् । यस्ता मोड र घुम्तीहरू तथा उकाली र ओरालीहरूको आआफ्नै मूल्य र अस्तित्व रहेको हुन्छ । साहित्यकारको साहित्य यात्रामा समेत विभिन्न स्वरूप र प्रवृत्तिहरू विकसित भएको हुन्छ । लेखनका क्रममा परिपक्वता आउँदै जाँदा प्रवृत्तिगत भिन्नताहरू देखा पर्छन् । तसर्थ यस्ता भिन्नताहरूलाई भिन्न भिन्न चरणमा समेटिएका हुन्छन् । यही मान्यताका आधारमा साहित्यकार अमर त्यागीको साहित्य यात्रालाई पनि विभिन्न चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुन्छ । उनको साहित्य यात्रालाई प्रवृत्तिगत रूपमा निम्न दुई चरणमा विभाजन गर्नु बढी युक्तिसङ्गत हुन्छ ।

---

५३ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

५४ ऐजन ।

५५ ऐजन ।

(क) प्रथम चरण (२०४०-२०५०) : आभ्यासिक चरण

(ख) द्वितीय चरण (२०५१ देखि हाल) : प्रौढ लेखन चरण

### २.३.२.१ प्रथम चरण (२०४०-२०५०) : आभ्यासिक चरण

अमर त्यागीको साहित्य सृजना कक्षा तीनमा पढ्दादेखि नै भएको भए तापनि उनको प्रथम प्रकाशित कविता गोठाला-गोठाल्नी प्रकाशन काल २०४० देखि २०५० सालसम्मको अवधि लेखन र प्रकाशनको दृष्टिले आभ्यासिक चरणको रूपमा उल्लेख गर्नुपर्ने हुन्छ । यस अवधिमा उनका रचना प्रक्रिया अभ्यासमूलक रहेकोले आफ्ना विचार र भावलाई गहन स्पष्ट र परिपक्क रूपमा अभिव्यक्त गर्नु उनी प्रयासरत रहेका देखिन्छन् । बाराको कलैयामा अध्ययन क्रममा उनले केशव उपाध्याय, निर्मोही व्यास, मुकुन्द आचार्य, रमेश गोर्खाली आदिको सान्निध्य पाए । उनीहरूबाट साहित्यिक दीक्षा प्राप्त गर्दै गए । तत्कालीन पञ्चायती शासनको भ्रष्ट नीति र प्रवृत्तिको छाप उनमा पनि पर्दै गयो । ठूलाठालुको बोलबाला सोझानिमुखाको निरीहता उनले देख्दै, भोग्दै र अनुभव गर्दै गए । त्यसै क्रममा उनले आफूले देखे भोगेका र अनुभव गरेका कुराहरू कवितामा व्यक्त गर्दै गए । स्थानीय कविता गोष्ठीमा 'शान्ति र सृजना' कविता वाचन गर्दा जिल्ला अधिकारीबाट स्पष्टीकरण सोधियो । 'मालिक साहेब' कविता प्रकाशित गर्दा एक मालिकबाट उनी प्रताडित समेत भए ।[५६] उनले स्पष्टी करण र प्रताडनाबाट झन् उत्साहका साथ कविता सृजना गर्ने प्रेरणा पाए । उनले कविताका ठेली नै लेखे तर पछि यस्तो पनि कविता हुन्छ र भन्दै च्यातचुत पारेर फालिदिए ।[५७] विभिन्न पत्र-पत्रिकाहरूमा उनका कविताहरू निरन्तर रूपमा प्रकाशित हुँदै गए । उनको कविता साधना बिस्तारै खारिँदै जान थाल्यो । उनी प्रतीकात्मक अभिव्यक्तितिर आकर्षित हुन थालेर विभिन्न बिम्बप्रतीकहरू संयोजित कविता सृजना गर्न थाले । यस अवधिका उनका कविताहरू स्थानीय पत्रपत्रिकाहरू प्रतीक, मालिङ्गो, सोपान, मोर्चा आदिका साथै राष्ट्रिय स्तरका समीक्षा, **मातृभूमि**, **सगर**, **रचना**, **अभिव्यक्ति**, **समष्टि**, **मिर्मिरे**, **मधुपर्क**, **गरिमा**, आदिमा प्रकाशित भए । क्रमशः उनी राष्ट्रिय प्रतिभाको रूपमा स्थापित हुँदै गए । यसै अवधिमा उनी विभिन्न जिल्लास्तरीय र राष्ट्रिय कविता र निबन्ध प्रतियोगितामा पुरस्कृत समेत भए । अमर त्यागीका काव्य सृजनाको यस अवधिमा प्रौढ लेखनतिर अघि बढ्दै गएको देखिन्छ । उनका यस कालका सृजन प्रक्रियाको विशेषतालाई निम्न बुँदाहरूमा देखाउन सकिन्छ :

---

[५६] ऐजन ।

[५७] ऐजन ।

(क) कवित्व शक्तिको प्रस्फुटन

(ख) कविता सृजनामा साधना

(ग) प्रथम रचना प्रकाशन

(घ) विभिन्न साहित्यिक व्यक्तित्वबाट दीक्षित

(ङ) कविता प्रकाशनको तीव्रता

(च) विभिन्न पुरस्कारको प्राप्ति

(छ) जीवन भोगाइका पीडा, प्रताडना र अनुभूतिको प्रकटन

(ज) राष्ट्रिय स्तरका रूपमा प्रतिभाको परिचय

(झ) प्रौढ लेखनको पृष्ठभूमि निर्माण

### २.३.२.२ द्वितीय चरण (२०५१ देखि हाल) : प्रौढ लेखन चरण

अमर त्यागीको साहित्य यात्राको दोस्रो चरण २०५० देखि प्रारम्भ भएर हालसम्म चलि रहेको छ । उनको साहित्य लेखन यस चरणमा परिपक्वतातिर अग्रसर भई प्रौढ लेखनको रूपमा स्थापित भएको पाइन्छ । यस अवधिमा उनको लेखनमा तीव्रता आउनका साथै पुस्तकाकार कृतिहरूको प्रकाशन प्रारम्भ भएको तथा अरबी मूलको गजल लेखन, जापानी मूलको हाइकु, ताङ्का, सेदोका लेखन र कान्छो प्रयोगको रूपमा सूत्र कविता लेखनतिर उनी आकृष्ट भएका देखिन्छन् । अनुभूतिमा निखारता, चिन्तनमा स्पष्टता, विचारमा उच्चता, अभिव्यक्तिमा सशक्तता र लेखनमा विविधता उनको यस चरणको मूलभूत विशेषता हो । यस चरणमा भिन्न भिन्न विधागत क्षेत्रका उनका चार कृतिहरू प्रकाशित भएका छन् भने भिन्नभिन्न विधा क्षेत्रका आधा दर्जन कृतिका पाण्डुलिपि तयारी अवस्थामा रहेका छन् र प्रकाशनको क्रममा छन् ।[५८] यस चरणमा उनले जीवनको उच्चतम अध्ययनको तह पुरा गरी अत्युच्चतम तहको अध्ययनका क्रममा छन् । यसै अवधिमा उनी विद्यालय, महा विद्यालय र कलेजस्तरीय अध्यापन-प्राध्यापनमा समेत संलग्न रहेका छन् । यस चरणमा उनले जीवनको विविधाङ्गी अनुभव अनुभूतिलाई लेखनमा आत्मसात गरेका छन् । देशमा भएको प्रथम तथा दोस्रो जन-आन्दोलनमा सक्रियता साथ उनी सहभागी समेत भए । देशमा गणतन्त्र स्थापना भएको छ । यसै अवधिमा भएको तराई आन्दोलनले उनको हृदयमा कहिल्यै नपुरिने घाउ बनाएको छ । एकै रातको निर्णयले उनी आफ्नो घरबार र जागिर चट्टै छोडेर अनिश्चित भविष्यलाई अँगालो हाली निरूद्देश्य रूपमा राजधानी प्रवेश गर्नपुगे । तराईका भूमिगत सशस्त्र पार्टीले पाँच लाख चन्दा माग, तुरुन्त तराई छोड्ने नछाडे मारिदिने र मधिशेको

[५८] ऐजन ।

बच्चालाई नपढाउनु पढाउने भए चुरेपारि गई पहाडीकै बच्चालाई पढाउनु भन्ने धम्कीले एक शिक्षासेवीको हृदयमा नपुरिने घाउ बनाएको कुरा उनी व्यक्त गर्छन् ।[५९]

यस चरणमा उनका रचनामा विषयगत, भावगत, र प्रस्तुतिगत विविधता पाइन्छ । उनका रचना प्रक्रिया अभिधार्थबाट व्यञ्जनार्थ वा व्यङ्ग्यार्थबोधक भएको छ र लक्ष्यार्थको उचाइसम्म पुगेको देख्न सकिन्छ । यस अवधिमा उनी एक प्रखर गजलकार र गजल चिन्तनको रूपमा समेत स्थापित भएका छन् । विषयगत गहनता, भावगत गम्भीरता, प्रस्तुतिगत नवीनता र प्रयोगधर्मिता उनका यस चरणका सृजन प्रक्रियाका विशेषता हुन् । यस अवधिमा उनका **बाँसुरीमा आँसुको गीत** (२०५७), गजलकृति, **अक्षरहरूको देश** (२०५८), कविताकृति, **अनुभूतिको जुलुस** (२०६०), सूत्र कविताकृति र **अभियुक्त ईश्वर** (२०६२) ताङकाकृति प्रकाशित छन् । उनका यस चरणका प्रवृत्तिगत विशेषतालाई निम्न बुँदाहरूमा देखाउन सकिन्छ :

(क) फुटकर रचना प्रकाशनमा व्यापकता
(ख) सृजनधर्मितामा प्रौढता
(ग) विधासृजनामा विस्तृतता
(घ) पुस्तकाकार कृति प्रकाशन प्रारम्भ र निरन्तरता
(ङ) प्रयोगात्मक लेखनमा संलग्नता र सक्रियता
(च) विभिन्न पुरस्कार र सम्मानबाट पुरस्कृत सम्मानित
(छ) राष्ट्रिय प्रतिभाको रूपमा स्थापित
(ज) गजलका अग्रणी स्रष्टा र गजल चिन्तकको प्रतिष्ठा आर्जित
(झ) सृजनामा विषयगत वैविध्य, भावगत गाम्भीर्य र शिल्पगत सौन्दर्य संयोजित

### २.३.३ अमर त्यागीका काव्यप्रवृत्ति

प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले भरिपूर्ण ओखलढुङ्गाको यसम मझुवामा जन्मी हुर्की प्रकृति, जीवन र समाजलाई आफ्नै किसिमले अनुभूत गर्दै साहित्य साधनामा प्रवृत्त भएका अमर त्यागीका कवितामा जीवन, जगत्, समाज र विश्वजनीन परिस्थितिको यथार्थ स्वरसन्धान पाइन्छ । समाज, परिस्थिति र राष्ट्रिय स्थितिको प्रभावबाट सृजित उनका कविताहरू समाजवादी, यथार्थवादी र प्रगतिवादी सञ्चेतनावादी मूल्य र मान्यताबाट अनुप्राणित छन् । प्रगतिववादी चिन्तन धारामा मानवतावादी भावसंवाहन गर्नु उनको मूल काव्य प्रवृत्ति हो । यसका साथै विषयगत विविधता, भावगत सवलता प्रस्तुतिगत नव्यता र प्रयोगधर्मिता उनको सृजन यात्राको मूल विशेषता हो ।

---

[५९] ऐजन ।

विसङ्गतिवादी-अस्तित्ववादी मान्यतामा जीवन, समाज र परिस्थितिको यथार्थ चित्रण उनका कवितामा भएको पाइन्छ । राष्ट्र, राष्ट्रियता, स्वाभिमान, स्वतन्त्रता, स्वमूल्य र स्वत्व प्रतिष्ठापन उनका कविताका मूल चिन्तनधारा हुन् । तसर्थ उनका कविता चेतना र विचारका एक एक झल्का हुन भन्न सकिन्छ । उनका काव्य प्रवृत्तिलाई निम्न बुँदाहरूमा देखाउन सकिन्छ –

(क) सामाजिक यथार्थको सजीव चित्रण

(ख) राष्ट्र, राष्ट्रियता, स्वाभिमानप्रति निष्ठा

(ग) प्रगतिवादी मूल्य र मान्यताको संवरण

(घ) मानवतावादी जीवन दर्शनको संवरण

(ङ) प्रकृतिको मानवीकरण र त्यसको विविधाङ्गी स्वरूपको प्रस्तुति

(च) स्वच्छन्दतावादी भावधाराको उच्छलन

(छ) नारीप्रति श्रद्धा र सम्मान-भावको उद्बोधन

(ज) विधागत वैविध्यको अनुग्रहण

(झ) नव्य प्रयोगधर्मी लेखनमा अग्रगमन

### २.३.४ निष्कर्ष

अमर त्यागी नेपाली साहित्यमा चालिसको दशकमा उदाएर पचासको दशकदेखि राष्ट्रिय प्रतिभाको रूपमा स्थापित युवापुस्ताका एक प्रखर हस्ताक्षर हुन् । विशेषतः नेपाली कविताको क्षेत्रमा साधना गर्दै परिपक्क बनेका र प्रगतिवादी-मानवतावादी मूल्य र मान्यतालाई उद्बोधन गर्ने स्रष्टाका रूपमा उनी प्रतिष्ठित छन् । नेपाली कविताको समसामयिक धाराको उत्तरार्द्ध कालका कविका रूपमा चिनिने उनी नेपाली गजल क्षेत्रका अग्रणी स्रष्टार गजल चिन्तक पनि हुन् । सूत्र कविता लेखन प्रणयनको माध्यमबाट प्रयोगधर्मी सृजनलाई समेत उनले आत्मसाथ गरेका छन् र सूत्र सृजनालाई निरन्तरता दिने क्रममा सूत्र कथा प्रकाशनको तरखरमा छन् । अमर त्यागी नेपाली साहित्यका वर्तमान पुस्ताका एक सचेत सर्जक हुन् र उनको साहित्य यात्रा उर्वर, ऊर्ध्वगामी र ओजस्वितापूर्ण रहेको छ ।

# तेस्रो अध्याय
# कविता सिद्धान्तको अध्ययन

## ३.१ पृष्ठभूमि

साहित्यको एउटा प्राचीन विधा कविताका बारेमा पूर्व र पश्चिम दुवैतिर प्रशस्त चर्चा परिचर्चा भएको पाइन्छ । पूर्वीय साहित्य-शास्त्रमा काव्य शब्दको प्रयोग साहित्यको पर्यायवाचीका रूपमा गरिएको छ । काव्य शव्दको व्युत्पत्ति कवि शब्दमा य (व्यत्) प्रत्यय लागेर भएको हो । यसले कविद्वारा गरिएको रचना अथवा कविको सिर्जना कविद्वारा सम्पन्न कार्य भन्ने अर्थबोध गराउँछ ।[६०] कविता जीवन, जगत, भोगाइ र अनुभूतिलाई भाषिक अभिव्यञ्जनाद्वारा व्यक्त गरिनेसाहित्यको सर्वप्रचीन र सर्वप्रिय भेद हो । यो पूर्वीय र पाश्चात्य साहित्यमा विकसित भेदको रूपमा रहेको छ ।

नेपाली भाषामा प्रयोग हुने कविता शब्द तत्सम शब्द हो । यो शब्द कवि शब्दमा 'ता' प्रत्यय लागेर बनेको छ । जसको अर्थ कविद्वारा रचित रचना भन्ने बुझिन्छ भने कतै कतै कविको कर्म भन्ने अर्थ पनि यसलाई दिइएको पाईन्छ । यसलाई पाश्चात्य साहित्यमा पोएट्री भनिन्छ जुन शब्द पोएटबाट विकसित भएर बनेको हो भने पोएटले रचनाकार तथा पोएट्रीले रचना वा कुनै कृतिलाई बुझाउने गर्दछ । यसप्रकार नेपालीमा होस् वा संस्कृत साहित्यमा वा पाश्चात्य साहित्यमा शास्त्रमा नै किन नहोस् कविता शब्दले कविको रचना, कर्म वा कृतिलाई बुझाउँदै आएको भेट्न सकिन्छ ।

आज आएर संस्कृतमा नेपालीमा वा अङ्ग्रेजी साहित्यमै किन नहोस् कविता भन्नाले मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्यजस्तो विधागत अस्तित्वको रूपमा कविता वा काव्य शब्दले आपनो पहिचान बनाइसकेको छ ।

काव्य वा कविता भावनात्मक अनुभूतिमय कलात्मक रचना हो यसमा अनुभूतिका विविध आयामहरूको भाषिक अभिव्यञ्जना हुन्छ । कविता स्वतन्त्र चिन्तनपरक र आख्यानात्मक दुवै प्रकारका हुन्छन् । यसको भाषा, भाव र अभिव्यक्ति सुललित हुन्छ । कवितामा मुख्यतया भाव, आख्यान र लयको उचित प्रयोग गरेर कविका रचनालाई मनोरम, लोकप्रिय र लालित्यपूर्ण ढङ्गले प्रस्तुत गरिन्छ ।

---

[६०] डा. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (कमलादी : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, २०६०), पृष्ठ १ ।

साहित्यमा विभिन्न विधाहरू हुन्छन् । ती कविता, कथा, निबन्ध, उपन्यास, नाटक आदि हुन् । ती विधाहरूमध्ये कविता एक विधागत भेद हो । कविताका पनि विभिन्न भेदहरू छन् । कविताका यस्ता भेदहरू मुक्तक (लघुत्तम रूप), कविता (लघु रूप), खण्डकाव्य (मझौला रूप) र महाकाव्य (वृहत् रूप) हुन् ।

## ३.२ कविताको परिचय र परिभाषा

कविता एउटा कला हो । यसमा कविको रचनाकला क्षमता झल्किन्छ । कवित्व कलाकै सन्दर्भमा कविता सम्बन्धी पूर्व र पश्चिम दुवैतर्फका विद्वान्हरूले आआफ्ना मतहरू प्रस्तुत गरेका छन् । पूर्वीय, पाश्चात्य, हिन्दी तथा नेपाली साहित्यका विद्वानहरूद्वारा प्रस्तुत केही परिभाषालाई निम्नानुसार देखाउन सकिन्छ ।

### ३.२.१ पूर्वीय साहित्यका सन्दर्भमा कविताको परिभाषा

पर्वीय साहित्यमा कविता सिद्धान्तको इतिहास धेरै लामो छ । अग्निपुराण देखि नै यसको सैद्धान्तिक परिभाषा हुँदै आएको छ । पूर्वीय साहित्यका क्षेत्रमा कविताबारे दिइएका केही परिभाषाहरूलाई निम्न लिखित रूपमा देखाउन सकिन्छ ।

"सङ्क्षेपमा इष्ट अर्थ प्रकट गर्ने पदावलीले युक्त त्यस्तो वाक्य काव्य हो, जसमा अलङ्कार प्रकट हुन्छ र जुन दोषरहित र गुणयुक्त हुन्छ ।"[६१] – **अग्निपुराण** ३३७/७७ श्लोक

"कविता कोमल र सुन्दर पद विन्यास, गूढ शब्दार्थहीनता, सुबोधता, सूक्तिपूर्णता, नृत्यका लागि उपयुक्तता रस निष्पत्तिका लागि गुण र सन्धियुक्तता हुनुपर्दछ ।"[६२]– **भरतमुनि**

"रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो ।"[६३]–**जगन्नाथ** (रस गङ्गाधर)

"शब्द र अर्थ संयुक्त रूपमा काव्य हुन्, गद्य र पद्य त्यसका विधा हुन् ।"[६४] – **भामह,** काव्यलङ्कार १/१६

"काव्य दोषरहित, गुणसहित हुन्छ । यसमा कहीँ अलङ्कार हुन्छ कही हुँदैन ।"[६५]–**मम्मट,** काव्यप्रकाश १/४/२

---

[६१] भोजराज ढुङगेल र दुर्गाप्रसाद ढकाल (सम्पा.), **नेपाली कविता र काव्य**, (काठमाडौं : एम.के .पब्लिसर्स एन्डडिस्ट्रिव्युटर्स, २०६४), पृष्ठ १ ।

[६२] ऐजन ।

[६३] ऐजन पृ. २ ।

[६४] ऐजन ।

"रसात्मक वाक्य नै काव्य हो ।"[६६]– **विश्वनाथ,** साहित्य दर्पण १/१३

### ३.२.२ पाश्चात्य साहित्यका सन्दर्भमा कविताको परिभाषा

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि कविता सिद्धान्तको ऐतिहासिक परम्परा रहेकोछ । पाश्चात्य साहित्यमा पनि कविताका सन्दर्भमा विभिन्न परिभाषाहरू रहेका छन् । पाश्चात्य साहित्यका क्षेत्रमा कविताबारे दिइएका केही परिभाषाहरूलाई निम्नलिखित रूपमा देखाउन सकिन्छ ।

"कविता भाषाका माध्यमबाट अभिव्यक्त हुने अनुकरणात्मक कला हो ।"[६७] **अरस्तु**

"कविता व्यक्त सङ्गीत हो ।"[६८]–**ड्राइडन**

"सर्वोत्तम क्रममा आएको सर्वोत्तम शब्द नै कविता हो ।"[६९] – **कलरिज**

"कविता प्रबल अनुभूतिहरूको सहज उच्छलन हो, जुन शान्त समयमा संस्करणका रूपमा मनोवेगबाट प्राप्त हुन्छ ।"[७०] – **वर्डस्वर्थ**

"कविता मूल रूपमा जीवनको आलोचना हो ।"[७१] – **म्याथ्यु आर्नोल्ड**

### ४.२.३ नेपाली साहित्यका सन्दर्भमा कविताको परिभाषा

पूर्वीय तथा पाश्चात्य साहित्यबाट प्रभावित नेपाली कविताको सैद्धान्तिक इतिहास त्यति लामो नरहे पनि कविताका सन्दर्भमा अनेक परिभाषाहरू प्रकट भएका छन् । नेपाली साहित्यका क्षेत्रमा कविताबारे दिइएका केही परिभाषाहरूलाई निम्न लिखित रूपमा देखाउन सकिन्छ ।

लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) ले नेपाली शाकुन्तल (२००२) मा कवितालाई यसरी चिनाएका छन् :-

कविता कोमल वनिता
रसयति रसिक रसेन सम्मिलिता ।[७२]

---

[६५] ऐजन ।

[६६] ऐजन ।

[६७] ऐजन ।

[६८] ऐजन ।

[६९] ऐजन ।

[७०] ऐजन ।

[७१] ऐजन, पृ. ३ ।

बालकृष्ण सम (१९५९-२०३८) ले आगो र पानी (२०११) मा कविता सम्बन्धी धारणा यसरी अघि सारेका छन् :–

भावनाको बौद्धिक कोमलता नै कविता हो ।[७३]

बाबुराम आचार्य (१९४४-२०२९) ले पुरानाकवि र कविता (२००३) मा कविताको परिभाषा यसप्रकार गरेका छन् :–

प्रकृतिका अद्‌भुत रचनादेखि त्यसमा छक्क परेर तन्मय भई कविहरू जो बोल्छन् त्यो कविता कहिन्छ ।[७४]

सोमनाथ सिग्द्याल (१९४१-२०२९) ले साहित्य - प्रदीप (२०१६) मा काव्यलाई यसरी अर्थ्याएका छन् :–

काव्य भनेको कुनै विषय वा कथानक लिएर मनोहर शैलीको सूत्रमा गुथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो ।[७५]

मोहनराज शर्मा (१९९७) ले कविताको परिभाषा यसरी प्रस्तुत गरेका छन्:–

विचार, भाव वा घटनाको लयात्मक संरचनालाई कविता भनिन्छ ।[७६]

वासुदेव त्रिपाठीले कविताको परिभाषा यसरी प्रस्तुत गरेका छन्:–

कविता जीवन जगत्का मूल्यवान् अनुभवको काल्पनिक कलात्मक बद्ध वा मुक्त लयात्मक भाषिक सङ्कथन हो ।[७७]

पूर्वीय, पाश्चात्य र नेपाली साहित्यमा प्राप्त कविताका सन्दर्भमा अभिव्यक्त परिभाषाहरूले मूलरूपमा विषय, भाव, विचार र कलालाई केन्द्रमा राखेको पाइन्छ अर्थात् कवितामा एउटा सर्वग्राहय विषय हुनुपर्छ । त्यसमा एउटा मूल सन्देशमूलक भाव सम्प्रेषितभएको हुनुपर्छ वा कुनै सर्वमान्य विचारको प्रकटन हुनुपर्छ र यस्तो विचारको प्रकटन कलात्मक हुनुपर्दछ । यस्ता परिभाषाहरू निरूपण गर्दा संयोजित रूपमा कवितालाई यसप्रकार परिभाषित गर्न सकिन्छ –

---

[७२] डा. खगेन्द्रप्रसाद लुइँटेल, कविताको संरचनात्मक विश्लेषण , (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृष्ठ १२ ।

[७३] ऐजन ।

[७४] ऐजन ।

[७५] ऐजन, पृ. १२ ।

[७६] ऐजन, पृ. १३ र १४ ।

[७७] त्रिपाठी, वासुदेव, **नेपाली कविताको सिंहावलोकन,** साझा प्रकाशन, २०२७, काठमाडौँ ।

"कविता साहित्यको त्यस्तो विधा हो, जसमा कविद्वारा आफूभित्रको विचारलाई सौन्दर्य चेतनासहित लयात्मक वा कलात्मक ढङ्गले विशिष्ट भाषाद्वारा अभिव्यक्त गरिन्छ ।"

### ३.३ कविताको स्वरूप

कविता भावनात्मक अभिव्यक्ति हो । यसमा कुनैपनि सूक्ष्मदेखि स्थूल विषयको प्रकटन हुन्छ । कविता रचना प्रक्रियाको कुनै निश्चित सीमाङ्कन छैन । कवि कर्मका क्रममा त्यो लघुत्तम स्वरूपको पनि हुनसक्छ वा वृहत्तम स्वरूपको पनि हुनसक्छ। अर्थात भावनाको एक झिल्का एकै वाक्यमा पनि अभिव्यक्त हुनसक्छ भने अनेक झिल्काहरूको समन्वित आयाम वृहद पनि हुनसक्छ । वर्तमान नेपाली साहित्यमा एकातिर चोइटा, छेस्का, अणु कविता र सूत्र कविता सृजनाको परम्परा समेत स्थापित भएको छभने अर्कोतिर मझौला वा वृहद् स्वरूपका खण्डकाव्य, महाकाव्य लेखन परम्परा पनि यथावत् छ । यस तथ्यलाई निरूपण गर्दा कविता सिद्धान्त अनुरूपकै चार स्वरूप लघुत्तम, लघु, मझौला र वृहद् रूपको चर्चा गर्नु सैद्धान्तिक आधारमा उपयुक्त हुन्छ ।

#### ३.३.१ लघुत्तम स्वरूप (मुक्तक, छेस्का, चोइटा, मट्याङ्ग्रा, अणु कविता, हाइकु सूत्र कविता आदि)

कविताको सबै भन्दा सङ्क्षिप्त रूप मुख्यतया मुक्तकका रूपमा पर्दछ । यो एक, दुई, तीन वा चार हरफको हुन सक्छ अनि यसमा केही हरफ थपिनै नसकिने चाहिँ होइन । मुक्तक एक श्लोक वा अपेक्षाकृत सङ्क्षिप्त वा लघुत्तम रूप भन्न सकिन्छ । छेस्का, चोइटा, मट्याङ्ग्रा, अणु कविता, स्तुति, सूक्ति वा शेर पनि सङ्क्षिप्त रूप हुन सक्छन् र ती कविताका लघुत्तम रूप नै हुन् । यसमा वस्तुगत वर्णन वा आत्मपरक अनुभवको एक खास क्षणको स्फूरण प्रकट हुन्छ ।[७८] साथै सूक्ष्म सूत्रात्मक अभिव्यक्ति भएको सूत्र कविता पनि कविताका लघुत्तम रूप हो । यसमा भावनाका तीक्ष्ण अभिव्यक्ति एक हरफमा गरिन्छ । यो नवीनतम प्रयोग हो । यसका प्रथम प्रयोक्ता अमर त्यागी हुन् ।

#### ३.३.२ लघु स्वरूप (फुटकर कविता)

कविताको मुक्तक भन्दा अपेक्षाकृत विस्तारित रूप हो फुटकर कविता । यो कविताको लघु रूप हो । अपेक्षाकृत विस्तारित स्तुति, गीत, गजल, आदि पनि कविताको लघु रूपमै पर्दछ । लघु रूपअन्तर्गत दुई वा दुई भन्दा बढी श्लोकहरू रहन्छन्

---
[७८] ऐजन, पृष्ठ ५ ।

भनेअपेक्षाकृत सङ्क्षिप्त विभिन्न अनुच्छेद वा अलि लामो अनुच्छेद पनि हुनसक्छ । फुटकर कवितामा वस्तुपरक वर्णन, आत्मपरक अभिव्यक्ति वा कुनै सूक्ष्म आख्यान पनि आउन सक्छ । यसमा कविको एक सिर्जनात्मक मनोदशाको पूरै अभिव्यक्ति हुन्छ र जीवनको एक क्षण वा निमेष विशेषको मात्र नभई अलि विस्तृत अनुभवको समष्टि अभिव्यक्ति लघु कवितामा हुन्छ ।[७९]

### ३.३.३ मझौला स्वरूप (खण्डकाव्य)

खण्डकाव्य कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद ठहर्छ, जसले कुनै आख्यान अँगालेर वा नअँगाली जीवन जगतको एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट व्यक्त गर्दछ । यस परिप्रेक्ष्यमा खण्डकाव्यका मुख्य पक्षहरू अन्तर्गत कवित्व एवम् आख्यानात्मक या आख्यान निरपेक्ष रूपमा गरिने जीवनजगत्को एक अंशको अन्वितिपूर्ण कथन गर्ने विषयवस्तु एवम् त्यसको मझौला आयामका रूपमा पर्न आउँछन् ।[८०] यसको जीवनको एक खण्डको प्रस्तुति रहन्छ । त्यो विषय, भाव र संरचनाका दृष्टिले आफैमा पूर्ण र स्वतन्त्र हुन्छ ।

### ३.३.४ बृहत् स्वरूप (महाकाव्य)

महाकाव्य कविता विधाको सबैभन्दा विशाल उपविधागत भेद हो, जसमा कवित्व र आख्यानका माध्यमबाट समग्र जीवनजगत्को विस्तृत कथन प्रायः सर्गबद्ध बृहत् संरचनाद्वारा गरिन्छ । जसमा विविध आख्यानभित्र अर्को आख्यानात्मक वृत्त रहन्छ । जसमा अनेक पुस्तौंपुस्ता जीवनको अनुभूति प्रवाह हुन्छ । यस्ता महाकाव्यलाई विकासनशील वा आर्ष महाकाव्य पनि भनिन्छ । पूर्वीय तथा पाश्चात्य साहित्य जगत्का महाकाव्यका रचनामा कवित्वका साथै समग्र जीवनजगत्को आख्यानीकरण र बृहत संरचना मुख्य पक्षका रूपमा देखा पर्दछ ।[८१] पूर्वीय वाङ्मयका 'महाभारत' र 'रामायण' र पाश्चात्य जगत्का 'इलियड', 'ओडिसी' र 'गिलिगामेस' लाई वृहत्तम स्वरूपको महाकाव्य भनिन्छ ।

## ३.४ कविताका संरचक घटकहरू

साहित्यका हरेक विधाको संरचक घटकहरू रहेका हुन्छन् । त्यस्ता घटकहरूको समुचित प्रयोगले रचना पूर्ण र आस्वाद्य बन्छ । सर्जकले त्यस्ता घटकहरूको समुचित

---

७९ ऐजन, पृ ६ ।

८० ऐजन, पृ ७ ।

८१ वासुदेव त्रिपाठी, **नेपाली कथा भाग १,** (काठमाडौं : साझा प्रकाशन, २०६०) पृष्ठ ९ ।

रूपमा प्रयोग गरेर सृजनालाई भावपूर्ण बनाएका हुन्छन् । त्यस्ता घटकहरूलाई यसप्रकार उल्लेख गर्नु उपयुक्त हुन्छ ।

### ३.४.१ विषयवस्तु

कृतिको आन्तरिक तत्त्व नै विषयवस्तु हो । यसलाई सारभूत अंश सारतत्त्व वा गुदी पनि भनिन्छ । कृतिलाई अस्तित्व प्रदान गर्न विषयवस्तु अनिवार्य हुन्छ । कृतिको प्रकृति अनुरूप विषयवस्तुअन्तर्गत जगत् र जीवनका यावत् मानवीय अनुभवहरू अटाउन सक्छन् ।

वाक्य रचनाका लागि छनोट गरिएको वस्तुलाई नै मूल रूपमा कविताको विषयवस्तु भनिन्छ । यस्तो विषयवस्तु ब्रम्हाण्डभित्रका यावत् वस्तु मानवीय स्वभाव, प्रवृत्ति, ज्ञान, विज्ञानका विषयवस्तु, धर्म, संस्कार, संस्कृति, देश, समाज राजनीति र प्रकृतिसहित जीवनभोगाइ र हेराइको अनेक पक्षसँग सम्बद्ध हुने गर्दछ । साथै कविताको बाह्य विषयवस्तु यी विषयसहित आन्तरिक बाह्य मानवीय जीवनपद्धति र चराचर प्रकृतिसम्म कायम हुने गर्दछ । यस्ता विषयवस्तुको छनोटका क्रममा कविले यस्तै छनोट गर्नुपर्दछ भन्ने हुँदैन र यस सन्दर्भमा कवि स्वतन्त्र हुने गर्दछ ।[८२]

कविले आफूले भोगेको जीवन, समाज, राष्ट्र, विश्व परिवेशका साथै सामाजिक विभेदजन्य परिस्थिति, विसङ्गत यथार्थ र प्राकृतिक दृश्य परिदृश्य पनि कविता विषय बनाएका हुन्छन् ।

### ३.४.२ भाव

उत्कृष्ट कविताको मूल तत्त्व भाव हो । जुन भाव विना कविताको कल्पना पनि गर्न सकिन्न । कवितामा भावलाई मूल मेरुदण्डको रूपमा लिइन्छ । साथै कवितामा भावको उचित संयोजन हुन सक्नु पर्दछ अनि मात्र कविता बन्दछ । जुन भाव कविताको मूल तत्त्व मेरुदण्ड र अस्तित्वविधायक तत्त्व हुनेगर्दछ । यस्तो भाव विधान मानवीय जीवन जगतका यावत् विषयवस्तुलाई अनुभव र अनुभूतिको रागात्मक कलात्मक निष्कर्षका रूपमा विशेष भाव अर्थ प्रदान गर्ने हुन सक्नु पर्दछ। अर्को अर्थमा विषयवस्तुको गुणगान, गहन, गम्भीर ज्ञान भित्र कलात्मक भाव सृष्टि गर्न सक्नु नै

---

[८२] बालिकादेवी पाण्डेय, **देवेन्द्र लम्सालको शान्तिको खोजीमा कविता सङ्ग्रहका कविताहरूको विश्लेषण र मूल्याङ्कन** अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा, (२०६५) पृ.१३ ।

कविताको सम्यक् भाव विधान हो ।[८३] यसका साथै व्यञ्जनात्मकता वा प्रतीक र बिम्बको कुशल समायोजन भावविधान आधारभूत एकाइ हुन् ।

### ३.४.३ बिम्ब

'वि' धातुमा 'वन्' प्रत्यय लागेर बिम्ब शब्दको निर्माण भएको हो । छोटो एउटै बिम्ब वा रूपकद्वारा निर्मित र बाह्य संसारबाट लिइएको दृश्य वा वस्तुको प्रत्यक्ष प्रस्तुतीकरणमा आधारित सुर, लयमै बिम्बबादी कविता जन्मन्छ ।[८४] कवितामा प्रतिच्छायाको रूपमा आउने अर्को समान अर्थ अथवा भावगर्भित शब्दचित्रलाई बिम्ब भनिन्छ । बिम्ब कविताको आन्तरिक संरचनाको महत्त्वपूर्ण अङ्ग हो । बिम्ब प्रयोगले उच्च कलात्मकताका साथ सटिक ढङ्गले अनुभूति व्यक्त गर्न सहयोग गर्दछ । वस्तुपरकता, स्पष्टता, वर्णनात्मकता, यथातथ्यात्मकता, मूर्तता, सङ्क्षिप्तता, मितव्ययिता, लयात्मक छनोटप्रति बिम्बवादले विश्वास गर्दछ ।[८५] बिम्बलाई भावव्यञ्जक पनि भनिन्छ । बिम्बले भावलाई सबल बनाउन मद्दत पुऱ्याउँछ । कविले जीवन जगत्बाट बिम्बविधानको सिर्जना गर्दछ । बिम्बले कवितालाई कलात्मक र चमत्कृत बनाउन सघाउँछ । कुनै चीजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ अर्थात् अमूर्त कुरालाई जनाउने मूर्त कुरा नै प्रतीक हो ।

अर्थालङ्कार पनि बिम्ब विधान कै सहयोगीको रूपमा रहेको पाइन्छ । यसले लयात्मकता प्रदान गर्दछ । भाव, सौन्दर्य प्रदान गर्छ र सोको लागि सहायक हुन्छ । यसरी अलङ्कारका लागि प्रयोग गरिने अलङ्कार, बिम्ब र प्रतीक पनि कविताका अनिवार्य तत्त्व हुन् । बिम्बविधानबाट संशय, प्रश्न, विरोधाभाष, प्रशंसा आदि उपस्थापन भएको पाइन्छ । यसरी बिम्ब र अलङ्कारलाई भाव परिपोषक, भावव्यञ्जक तथा सौन्दर्यबर्द्धक तत्त्व मानिन्छ । कविताको शैली तथा सौन्दर्यवृद्धिमा यसको उल्लेख्य भूमिका हुन्छ । बिम्ब विनाको कविता निर्जीव प्राणीसरह हुन्छ । यो वस्तु, व्यक्ति वा घटनाहरूको मानसचित्र हो । बिम्बालङ्कार कवितामा सौन्दर्य अभिर्भावका लागि अपरिहार्य तत्त्व हो ।[८६]

---

[८३] ईश्वरी प्रसाद गैरे र कृष्णप्रसाद आचार्य, **नेपाली कविता काव्य, पूर्ववत्,** पृ ३३४ ।

[८४] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग-२),** ते.सं. (काठमाडौं : साझा प्रकाशन, २०४९), पृष्ठ ५३६ ।

[८५] ऐजन ।

[८६] कुमारबहादुर जोशी, **कविता चर्चा**, (काठमाडौं: सा. प्र., २०४०), पृष्ठ ८ ।

### ३.४.४ लय

कविताको महत्त्वपूर्ण तत्त्व लय हो । लयले उच्चारणका क्रममा उत्पन्न हुने आरोह अवरोहगत साङ्गीतिक ध्वनि वा स्वरलाई जनाउँछ । कवितामा छन्द र अनुप्रासले लय उत्पन्न गर्छ र लयको दृष्टिले कविता छन्दयुक्त वा पद्य कविता र छन्दमुक्तवा गद्य कविता हुन्छ । छन्दयुक्त कवितामा छन्द र अनुप्रासको सुनियोजित व्यवस्था हुँदैन ।[८७] लय कविताको स्पन्दन जस्तै हो र यसको चालले कविता वाचनमा मिठास ल्याउँछ र पाठक वा श्रोताको मनमस्तिष्कमा एकाग्रता उत्पन्न गराई अन्तरात्मामा झङ्कृति उत्पन्न गराउँछ ।

### ३.४.५ शैली

कवितामा विषय र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाका वर्ण, पद शब्दले रागात्मकता, लयात्मकता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । यो शैली सूक्ष्म र सङ्क्षिप्त कलात्मक हुन सक्नु पर्दछ । कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ । जसले उत्कृष्ट भाव वहन गर्न सकोस् । यस किसिमको भाषाशैली कविताको मूल तत्त्व हो । यो भाषा शैली पद्यात्मक गद्यात्मक दुवै हुने गर्दछ ।[८८] शैली कविताको आन्तरिक तत्त्व हो । यसले कविताको भावलाई जीवन्त राख्ने गर्दछ । भावनात्मकता, रागात्मकता र प्रवाहमयता शैलीका विशेषता हो । शैलीको यही विशेषताले कवितालाई कलात्मक उच्चता प्रदान गर्दछ ।

## ३.५ निष्कर्ष

कविता साहित्यको एक प्रमुख भेद हो । कविताको सैद्धान्तिक इतिहास पूर्वीय र पाश्चात्य साहित्यमा प्राचीन कालमै स्थापित भएर वर्तमानसम्म प्रचलित छ । नेपाली कविता परम्परा पूर्वीय र पाश्चात्य दुवैबाट प्रभावित भए पनि मूलतः पूर्वीय साहित्य सिद्धान्तबाट अनुप्राणित छ । पूर्वीय काव्य परम्पराकै स्वरूप र संरचना पद्धति हो । तदनुसार कविताका लघुत्तम, लघु, मझौला र वृहत् स्वरूपको काव्य लेखन परम्परा नेपाली साहित्यमा रहेको छ र त्यस स्वरूपभित्र पनि विभिन्न प्रयोगहरू हुँदै आएका छन् । कवितामा विषयवस्तु, भाव, बिम्ब र शैलीको समुचित संयोजन गरिन्छ । यस्तो संयोजनले कविता प्रभावपूर्ण बन्छ ।

---

[८७] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, **नाटक र इतिहास,** ( कीर्तिपुरः नवीन प्रकाशन २०६०), पृष्ठ २ ।

[८८] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, २०५९, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** (कीर्तिपुर : न्यु हिरा बूक्स इन्टरप्राइजेज २०५९ ), पृष्ठ ३३६ ।

# चौथो अध्याय
# अमर त्यागीका कविता कृतिहरूको विश्लेषण

## ४.१ अमर त्यागीको अक्षरहरूको देश कविता कृतिको विश्लेषण
### ४.१.१ विषय प्रवेश

साहित्यका अनेक भेदहरू हुन्छन् । कविता पनि साहित्यको एक प्रमुख भेद हो ।यो रागात्मक, रसात्मक र सौन्दर्यपरक भेद हो । यसमा जीवन, जगत, भोगाइ र अनुभूतिको कलात्मक अभिव्यक्ति गरिएको छ । यसको प्रयोग व्यावहारिक र बौद्धिक प्रयोजनभन्दा भिन्न सौन्दर्यात्मक भावसन्धानका लागि हुन्छ ।[८९] कविता भाषिक अभिव्यञ्जनामूलक सौन्दर्यधर्मी लयात्मक गद्येत्तर साहित्यिक रचनाको रूपमा प्रसिद्ध रहेको छ । यो अनुभूतिमूलक हुन्छ । यो गद्यात्मक र पद्यात्मक दुवै शैलीमा रचिन्छ । यो कविकथन वा एकालापीय अभिव्यक्ति तथा आख्यानीकरणको आयतनमा संरचित हुन्छ । यो कतै नाटकीकरणको रूपमा पनि संरचित हुन्छ । यसको आयतन सूक्ष्मदेखि स्थूल एक लाइनदेखि वृहत्तर महाकाव्यसम्म विस्तारित हुन्छ । यसको रचनामा अन्तर्साङ्गीतिकतालाई निरवच्छिन्न रूपमा एकाकार गर्दै लगिएको हुन्छ । त्यसैले कविता साहित्यका अन्य भेदहरू कथा, उपन्यास, निबन्ध, नाटकभन्दा भिन्न अस्तित्व भएको विशिष्ट भेदको रूपमा रहेको छ ।[९०]

साहित्यका हरेक विधागत भेदका आआफ्नै सार तत्त्वहरू रहेका हुन्छन् । कविताका पनि आफ्नै निजी तत्त्वहरू छन् । कल्पना, भाव, वृत्ति, रस, ध्वनि र दर्शन कविताका आन्तरिक तत्त्वहरू हुन् । त्यस्तै रीति, गुण, अलङ्कार, औचित्य कविताका बाह्य तत्त्वहरू हुन् । बाह्यान्तारिक तत्त्वहरूलाई संयोजित गरेर कविता रचनाका लागि शीर्षक, संरचना, विषयवस्तु, भाषाशैली, केन्द्रीय कथ्य वा भाव र बिम्बलङ्कारलाई मूख्य तत्त्वको रूपमालिइएको छ । यस्ता तत्त्वहरूको कुशल संयोजन गरेर रचिएका कविताहरू आश्वाद्य वा संवेद्य बन्छन् र हृदयमा अमीर छाप छोड्न सफल हुन्छन् ।

अमर त्यागी मूलतः कवि हुन् । उनले कवितामा आफूलाई पोखेका छन् । समाजलाई चित्रण गरेका छन् । यथार्थको सन्धान गरेका छन् । उनका असङ्ख्य फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । प्रकाशित-अप्रकाशित कविताहरूमध्ये केहीलाई सङ्कलित गरेर उनले पुस्तकाकार कृतिको स्वरूप पनि दिएका छन् । गीत,

---

[८९] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, सो.सं.(ललितपुरः सा. प्र. २०५३) पृष्ठ १५ ।

[९०] ऐजन ।

कविता, ताङ्का साहित्यको कविताकै भेदअन्तर्गत परे पनि गद्य वा पद्य कवितात्मक स्वरूप भएका त्यागीका दुई कविताकृतिहरू **अक्षरहरूको देश** र प्रयोगात्मक सूत्र कविताकृति **अनुभूतिको जुलुस** हुन् ।

### ४.१.२ अक्षरहरूको देश कविताकृतिको परिचय

अक्षरहरूको देश अमर त्यागीको दोस्रो पुस्तकाकार कृति तथा पहिलो कविता कृति हो । यो कृति साहित्यकार जुनु क्षेत्री, कलैया, बाराबाट २०५८ साल चैत्र १९ गते प्रथम प्रकाशनको रूपमा एक हजार एक सय एक प्रति प्रकाशित भएको हो । यसमा जम्मा पृष्ठसङ्ख्या त्रियासी रहेको छ भने मूल्य साधारण पैतालिस रूपैयाँ र विशेष सय रूपैयाँ रहेको छ । यसको आवरण प्रसिद्ध कवि कलाकार रमेश श्रेष्ठले बनाएका हुन् । यो कृति प्रतीक प्रकाशन समूह वीरगन्जबाट मुद्रित भएको हो । यो कृति २०५९ साल बैशाख १ गते निजगढ साहित्य परिषद्बाट आयोजित साहित्यिक समारोहमा डा. केशव उपाध्यायबाट विमोचित भएको हो । यस कृतिमा कसैको पनि भूमिका रहेको छैन र कविले आफ्नो मन्तव्य पनि लेखेका छैनन् । कृतिमा सङ्कलित कविताकै विषयमा भूमिका लेखिने हुँदा कविता नै भूमिका होर कविता पढेरैसबैकुरो बुझिने आशयअनुरूप यसमा कसैको भनाइ वा भूमिका समावेश नगरेको प्रतीत हुन्छ । यस कृतिमा विभिन्न विषय, संरचना, भाव र प्रस्तुतिका चवालीस थान कविताहरू सङ्कलित छन् ।

### ४.१.३ अक्षरहरूको देश कविताकृतिको शीर्षक

शीर्षक कुनै पनि कृति वा कविताको नामकरण भन्ने बुझिन्छ । कृति वा कविताको शीर्षक समग्र रचनाको केन्द्रीय विषय वा भावको आधारमा गरिएको हुन्छ । कृति वा कविताको केन्द्रीय भाव वा सारतत्व शीर्षकमै निहित हुने भएकोले शीर्षक सार्थक वा औचित्यपूर्ण हुनुपर्दछ । शीर्षक अभिधात्मक वा प्रतीकात्मकमध्ये कुनै एकलाई आत्मसात गरेको हुनुपर्छ । शीर्षक कविताको अनिवार्य तत्त्व हो । **अक्षरहरूको देश** अमर त्यागीको कविता कृति हो । यस कृतिको शीर्षक कृतिभित्र कविताहरूको मूल स्वर तथा विचारलाई प्रतिनिधित्व गर्ने अभिधात्मक र प्रतीकात्मक दुवै अर्थमा राखिएको छ । अभिधात्मक अर्थमा अक्षरहरू संयोजित एउटा पूर्ण स्वरूपको रचना नै **अक्षरहरूको देश** हो भन्ने भाव झल्कन्छ भने प्रतीकात्मक अर्थका अक्षरहरू चेतना तथा ज्ञानका अजस्र स्रोत र देश चेतना वा ज्ञानको समष्टि स्वरूप हुन् भन्ने भाव वा विचारको झलक दिन्छ । तसर्थ **अक्षरहरूको देश** कृतिको नामकरण अभिधात्मक वा प्रतीकात्मक दुवै अर्थमा सार्थक रहेको छ ।

**अक्षरहरूको देश** कविता कृतिभित्र जम्मा चौवालिस थान कविताहरू सङ्कलित छन् । प्रत्येक कविताको छुट्टाछुट्टै शीर्षकहरू रहेका छन् । चौवालिस कवितामध्ये एउटा कविताको शीर्षक **अक्षरहरूको देश** रहेको छ । त्यही कविताको शीर्षकबाटै सिङ्गो कृतिको नामकरण गरिएको छ । सम्पूर्ण कविताहरूको शीर्षक मूल विषय वा भावको आधारमा राखिएको छ । घटीमा दुई अक्षरको एक शब्ददेखि बढीमा एघार अक्षरका दुई शब्दसम्मका आक्षरिक वा शाब्दिक संरचनाका आधारमा शीर्षक विधान संयोजन गरिएको छ । कविताका शीर्षकहरू अभिधात्मक र प्रतीकात्मक दुवै अर्थमा प्रयुक्त छन् । देश, काल, परिस्थिति, समाज, जीवन, भोगाइ, प्रकृति र संस्कृतिका विविधाङ्गी झाँकीहरू उद्घाटन गर्ने क्रममा प्रयुक्त शीर्षकविधान सान्दर्भिक रूपमा सार्थक रहेको छ । **अक्षरहरूको देश** कृतिभित्रका कविताहरूको शीर्षक अनुभूतिका प्रतिबिम्बहरू, आत्मबोध, **अक्षरहरूको देश** निर्झर, पहाड, ज्वारभाटा, चेतनाको आलोक, अरण्य रोदन, कवि, माउसुली, संवेदना,बुद्धहरू, जिजीबिषा, सम-विषम, पोखरी, विमति, महानगर, सहर, अन्तर, पुन्टी दमिनी, माटो, नदी, दृश्य-परिदृश्य, कविता, बिम्ब-प्रतिबिम्ब, कारागार, विभेद, द्वन्द्व, कुकुरदेखि सावधान, पुनरावृत्ति, अपरराजित आस्था, विडम्बना, अस्तित्वबोध, रीतिथिति, अवस्था, गाउँ, अभिव्यक्ति, मालिक साहेब, फूलहरू, आत्मपीडा, उपहास, आधुनिकता, सलाम र गाउँबाट रहेका छन् ।

**अक्षरहरूको देश**भित्रका प्रत्येक कविताहरूको मूल कथ्य विषय र भाव अनुसार शीर्षकीकरण गरिएको हुँदा शीर्षकविधान औचित्यपूर्ण रहेको छ । **अक्षरहरूको देश**भित्रका हरेक कविता चेतना, अनुभव र भोगाइका एक एक परिदृश्य हुन् र प्रत्येक कविताको शीर्षक त्यस परिदृश्यका एक एक भावबिम्ब हुन् । अमर त्यागीको **अक्षरहरूको देश** कविता कृतिका कविताहरूको शीर्षक विधानगत विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ ।

- अधिकांश कविताको शीर्षक व्यञ्जनात्मक रूपमा संयोजित,
- कही कविताको मात्र शीर्षक अभिधात्मक रूपमा समायोजित,
- सम्पूर्ण कविताको शीर्षक एक वा दुई शाब्दिक स्वरूपमा निर्मित,
- विषयवस्तुगत अभिव्यक्तिको समग्रता शीर्षक समन्वित,
- विषयवस्तुगत अभिव्यक्तिको समग्रता शीर्षक समन्वित,
- हरेक शीर्षक भावनात्मक र कोमल शाब्दिक स्वरूपमा सङ्गठित,
- हरेक शीर्षक भावनात्मक र कोमल शाब्दिक स्वरूपमा सङ्गठित,
- कविताका शीर्षकबाट विषयगत विविधता उद्बोधित,
- कविताको मूल विषय, भाव वा सन्देश शीर्षकबाटै सम्बोधित,
- शीर्षकको औचित्य कविताको समग्र भावबाट प्रमाणित ।

### ४.१.४ अक्षरहरूको देश कविताकृतिको विषयवस्तु

कुनै पनि घटना, परिस्थिति परिवेश, भोगाइ, सङ्गति, विसङ्गति आदिले कविको मनलाई चस्स छुन्छ भने अन्तर्मनमा भावनात्मक तरङ्ग उठ्छ र कविताको रूपमा प्रकटित हुन्छ । अमर त्यागीका कविताहरू पनि विविध स्थिति-परिस्थिति र परिवेशजन्य भोगाइबाट अन्तर्मनमा उठेको भावनात्मक तरङ्गको प्रकटीकरण हो । अर्थात् त्यागीका कविताको उद्गम क्षेत्र हाम्रै समाज, जीवन, भोगाइ, परिवेश र परिस्थिति हुन् । हाम्रै राष्ट्र, राष्ट्रियता, स्वाभिमान, स्वाधीनता र स्वगौरव हुन् । हाम्रै परम्परा, सभ्यता, संस्कार, संस्कृति र रीतिथिति हुन् । हाम्रै प्रकृति, परिवृत्ति, परिणति र आत्मवृत्ति हुन् । हाम्रै हर्ष, पीडा, माया र घृणा हुन् । हामी भित्रकै राजनीति, विकृति, विसङ्गति र समसामयिक यथार्थ हुन् । जीवन भोगाइका क्रममा अनुभूत सत्यतथ्यहरू नै अमर त्यागीका कविताका मूल विषय हुन् । यद्यपि उनका कविताहरूको विषयवस्तुमा विविधता रहेको छ र यो विविधता देश,काल र परिस्थिति अनुरूप संयोजित भएको छ ।

**अक्षरहरूको देश**भित्रका कतिपय कविताहरूमा राष्ट्रराग छ भने कतिपय कवितामा प्रेमराग छ । धेरैजसो कवितामा विसङ्गतिबोध छ भने केही कवितामा स्वत्वबोध पनि छ । अधिक कवितामा विकृतिचेत छ भने केही कवितामा संस्कृतिचेत पनि छ । अधिक कवितामा प्रगतिवादी मूल्य छ भने कतिपय कवितामा मानवतावादी भाव पनि छ । केही कवितामा विभेदजन्य यथार्थको उद्बोध छ भने केही कविता मानवीय स्वत्वसङ्गतिको भावबोध पनि छ । केहीमा ग्रामीण सभ्यताको झलक छ भने केहीमा सहरी संस्कारको विकृत स्वरूप पनि छ । समग्रमा त्यागीको **अक्षरहरूको देश**भित्रका कविताहरूको विषयवस्तु व्यापक र विश्वजनीन छ ।

राष्ट्रिय अस्तित्ववोध, मानवीय स्वत्ववोध, सामाजिक यथार्थवोध, युगीन विसङ्गतिवोध, राजनैतिक निकृष्टतावोध तथा व्यक्तिवादी प्रवृत्तिवोध त्यागीको **अक्षरहरूको देश**भित्रका कविताको विषयगत विशेषता हो । साथै माटो र मानवताको माया, राष्ट्र र राष्ट्रियताप्रति आस्था, कर्म र कर्तव्यप्रति निष्ठा पनि उनका कवितामा व्यक्त विषयगत क्षेत्र हुन् । विकृति र विसङ्गतिको उद्घाटन, विभेद र विषमताको विरोध, राष्ट्रिय स्वाभिमान र मानव अस्तित्व विघटनप्रति चिन्ताभाव पनि उनका कविताका कथ्य विषय हुन् । समानता र स्वतन्त्रता, मानवता र स्वाभिमान, राष्ट्रिय अखण्डता र एकताको मूलभाव सम्प्रेषण उनका कविताका मूल प्रवृत्तिगत विशेषता हुन् ।

अमर त्यागीका **अक्षरहरूका देश**भित्रका कविताका विषयवस्तुको विश्लेषण गर्दा उनी मानवता, राष्ट्रियता, स्वाभिमान, स्वाधीनता, समानता, स्वमूल्य र मान्यताका कवि हुन् भन्ने कुरा स्पष्ट हुन्छ । उनी सामाजिक असमानता, भेदभाव, विसङ्गति र विभावनाका विरोधीका रूपमा रहेका छन् । अन्तः उनी देश जनताका कवि हुन् । उनका

कवितामा देश र जनताका दुरवस्थाको चित्रण छ र समानता, स्वतन्त्रता र स्वाभिमानको संवर्धनको सन्देश छ । **अक्षरहरूको देश**भित्रका त्यागीका कविताका केही दृष्टान्तहरू :

अक्षरहरूको संविधानमा
अक्षरहरूनै सर्वशक्तिमान हुन्छन्
अक्षरहरूको देशमा
अक्षरहरूनै सार्वभौम सम्पन्न हुन्छन्

-**अक्षरहरूको देश**, पृष्ठ १२ ।

जीवन र मृत्यु
शाश्वत सत्य हो
समय सत्ताको

-निर्झर, पृष्ठ १४ ।

पहाड चराहरूको आस्था हो
पहाड उचाइ चराहरूको प्रतिष्ठा हो
पहाडमा चराहरू सधैंसधैं उन्मुक्त चिर्बिराई रहन्छन्
पहाड सधैंसधैं निश्चल रहन्छ

-पहाड, पृष्ठ १७ ।

सधैं भेदविभेद अहम्ले छातीभित्र दुख्छ भने देश
बारम्बार मन्दिर, मस्जिद र चर्चमा विभाजित हुन्छ भने देश
लाग्छ सर्म्पूण वेद, कुरान र बाइबल जलाऊँ
र एउटा नचलेको प्रथा चलाऊँ
एउटा नलेखेको इतिहास लेखूँ
एउटा नदेखेको संसार देखूँ

-अरण्यरोदन, पृष्ठ २३ ।

बुद्धहरू किसानहरू हुन्
कवि कलाकारहरू हुन्
देशका मजदुर हुन्
धर्तीका सुन्दर फूलहरू हुन्

-बुद्धहरू, पृष्ठ ३१ ।

सहर हेर्दा उज्यालो छ
सुगम छ
भोग्दा असाध्यै अँध्यारो छ
एकदमै विकट छ

-सहर, पृष्ठ ४४ ।

म त आकाशमा बारूद राखिएको भन्ठानेर
टाउको उठाएर हेर्न पनि डराइरहेछु
म बुद्ध, केवल डराइरहेछु

-द्वन्द्व, पृष्ठ ६० ।

यो देशको अवस्था देखेर मलाई
कहिले क्वाँक्वाँ रोऊँ जस्तो हुन्छ
कहिले अट्टाहास हाँसू जस्तो हुन्छ
भन्नेस् न महाशय ! मलाई किन यस्तो हुन्छ ?

-अवस्था, पृष्ठ ७० ।

अमर त्यागीको **अक्षरहरूको देश**भित्रका कविताका बान्कीहरू हेर्दा उनी मानवतार राष्ट्रका पुजारीको रूपमा रहेको तथ्य स्पष्ट हुन्छ । उनका कविताका विषयवस्तु विविध रहेका छन् । उनले प्राकृतिक, सामाजिक, सांस्कृतिक र जैविक प्रतीकका माध्यमबाट विषयवस्तुलाई प्रकटीकरण गरेका छन् । अक्षरहरू (जनता) को सर्वशक्तिसम्पन्नता, समयसत्ताको सर्वोच्चता, पहाड (राष्ट्रिय स्वत्व) को अटलता र चराहरू (जनता) को स्वतन्त्र अस्तित्व, वर्गीय तथा वर्ण विभेद र समानताबोध, कवि, किसान, मजदुर, कलाकारको उच्च स्वमान्यता, सहरी सभ्यताको अस्मेलता, वार्तमानिक सन्त्रास र देशको दुरवस्था उनका कवितामा प्रतीकात्मक र अभिधात्मक दुवै रूपमा सशक्तता साथ अभिव्यक्त भएको छ । अमर त्यागीका **अक्षरहरूको देश** कविताकृतिका कविताहरूको विषयवस्तुगत विशेषतालाई निम्नानुसार रेखाङ्कन गर्न सकिन्छ ।

- विविध सामाजिक सङ्गति, असङ्गति र अस्मेलता समायोजित,
- विविध मानवीय आवेग, संवेग र उद्‌वेग उद्दीपित,
- वैयक्तिक अनुभव, अनुभूति र भोगाइ विम्बाङ्कित,
- प्रगतिवादी मूल्य, मान्यता र भावधारा सम्प्रेषित,
- राष्ट्र, राष्ट्रियता र सार्वभौमिक सर्वोच्चता अभिव्यञ्जित,

- राजनीतिक र व्यक्ति चरित्रका अनेकानेक स्वरूप चित्राङ्कित,
- ग्रामीण र सहरी परिवेशजन्य विविध परिस्थिति प्रतिविम्बित,
- विविध भाव र यथार्थ विविध शैली र विम्बका माध्यमबाट प्रकटित ।

### ४.१.५ 'अक्षरहरूको देश' कविताकृतिको संरचना

**अक्षरहरूको देश** फुटकर कविताहरूको सङ्ग्रह हो । यसमा जम्मा चौवालीस थान कविताहरू सङ्कलित छन् । त्रिचालिस मुक्त गद्य रचना विधानमा संरचित छन् भने एउटा शास्त्रीय अनुष्टुप छन्दमा संरचित छ । केही कविता मुक्तकीय संरचनाका छन् । अधिक कविताहरू लघु आयामका छन् । यस कृतिका कविताहरू कम्तीमा चौध हरफ ( आत्मपीडा) र बढीमा चौवन्न (अभिव्यक्ति) हरफसम्मका छन् । कविताका संरचनागत आयामका दृष्टिले एक पृष्ठदेखि तीन पृष्ठ सम्मको विस्तृति रहेको छ । शब्दसङ्ख्याका दृष्टिले तीन अक्षरका एकशब्द (निर्झर) देखि पच्चीस अक्षरको आठशब्द (संवेदना) सम्म संयोजन गरिएको छ । दुई पङ्क्तीय (उपहास) तीन पङ्क्तीय (बिम्ब-प्रतिबिम्ब र आत्मबोध) चार पङ्क्तीय (संवेदना, दृश्य-परिदृश्य, कविता र गाउँबाट) तथा चारभन्दा बढी जोर- बिजोड पङ्क्तीय (सम-विषम, विमति, रीतिथिति र अभिव्यक्ति) अनुच्छेद योजनाका साथै अनुच्छेद विभाजनहीन मुक्त प्रवाहका कविताहरू यस कृतिमा रहेका छन् । यस कृतिका अधिकांश कविताहरू संरचना विधानका दृष्टिले गद्य प्रवाहमा संरचित हुन् र ती कविताहरू आन्तरिक तथा बाह्य बनोट सुगठित भावमय र आस्वाद्य छन् । आक्षरिक, शाब्दिक तथा आनुच्छेदिक संरचना स्वरूपका केही कविताहरू दृष्टान्तका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

म एउटा इमान्दार कवि
मेरो उठीवास भएको छ

-उपहास, पृष्ठ ८० ।

पूर्णतामा रिक्त हुनु
रिक्त भएकैले पूर्ण हुनु
केही नभएकोले केही हुनु रहेछ

-अस्तित्वबोध, पृष्ठ ६६ ।

कुन अक्षरले लेखूँ लेखी नसकिने व्यथा
कुन लहरमा पोखू पोखी नसकिने कथा
आँसु पनि स्वयम् रून्छ : रून्छ मानवता जहाँ

दुःख पनि स्वयम् दुख्छः दुख्छ जीवनै त्यहाँ

-गाउँबाटः पृष्ठ ८३ ।

निर्झर

सधैँसधैँ

उज्यालोको गीत सुसाउँछ

स्वाधीनताको प्रीत सुसाउँछ

-निर्झर, पृष्ठ १४ ।

**अक्षरहरूका देश**भित्रका कविताहरूको आन्तरिक संरचना भावात्मक, चिन्तनमय र बिम्बात्मक रहेको छ भने बाह्य संरचना श्रुतिमधुर, लयात्मक र प्रवाहमय रहेको छ । हरेक कविताहरूमा आरोह र अवरोह वा गति र यतिको समुचित संयोजन गरिएको छ । आन्तरिक भाव र वाह्य पठन वा श्रवणका दृष्टिले हरेक कविताहरू प्रभाव र प्रवाहपूर्ण रहेका छन् । सुरिलो, खिरिलो, भरिलो र रसिलो अभिव्यक्ति नै **अक्षरहरूको देश** कविताकृतिको संरचना विधान हो । अमर त्यागीको **अक्षरहरूको देश** कविताकृतिका कविताहरूको संरचना विधानगत विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ ।

- एक कविताबाहेक सबै कविता मुक्त गद्यात्मक स्वरूपमा संरचित,
- 'गाउँबाट' शीर्षकीय एक कविता मात्र अनुष्टुप् छन्दमा बन्धित,
- कविताका आन्तरिक र बाह्य दुवै संरचना सुगठित,
- बाह्य बनोटमा शाब्दिक विविधता कुशल रूपमा प्रयुक्त,
- आन्तरिक बनौटमा भावको गहनता र वौद्धिकता सम्पुटित,
- कवितात्मक आरोह-अवरोह वा गति र यति अन्तर्गर्भित,
- कविताहरू भावनात्मक, चिन्तनपरक र विम्बात्मक रूपमा सङ्गठित,
- कविताहरूमा निश्चित भाव, विषय वा सन्देश सशक्त रूपमा समाहित ।

### ४.१.६ 'अक्षरहरूको देश' कविताकृतिमा भाव तथा उद्देश्य

रचनाकारले कुनै पनि रचनामा आफ्नो निजी दृष्टिकोण, विचार वा भावलाई सम्प्रेषित गरेको हुन्छ । भाव वा दृष्टिकोण विनाको रचना निरर्थक हुन्छ रत्यस्ता रचना सृजनाको कुनै औचित्य रहँदैन । यही भाव, विचार वा दृष्टिकोण कविताको उद्देश्य हो अर्थात कविता रचनाको प्रयोजननै यसको उद्देश्य हो । हरेक कवितामा स्रष्टाको निजी दृष्टिकोण, भाव वा विचार अन्तर्भूत हुन्छ । अक्षरहरूको देशभित्रका प्रत्येक कविताहरू रचनाका दृष्टिले उद्देश्य मूलक छन् । हरेक कविताहरू कविको निजी दृष्टिकोण वा विचार

संपृक्त छ । जीवन, समाज रदेशका विकृति, विसङ्गति र विभेदजन्य नकारात्मक पक्षहरूलाई चिर्दै शान्ति, सद्भाव, एकता, भातृत्व, मानवता, समानता, स्वाधीनता, स्वाभिमान, स्वगौरव र स्वत्व संरक्षण र संवर्धन गर्दै एउटा सम्पन्न जीवन, समतामूलक समाज र समुन्नत राष्ट्र निर्माण गर्ने सन्देश संवाहन गर्नु नै अक्षरहरूका देशभित्रका कविताको मूल भाव वा उद्देश्य रहेकोदेखिन्छ । साथै राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सौर्वभौमिकतालाई अक्षुण्ण राख्नुपर्ने वा राष्ट्रिय स्वत्व र अस्तित्वको संरक्षण गर्नुपर्ने विचार पनि यस कृतिका कविताहरूमा संवाहित छ । लिङ्ग, वर्ण, जाति र धर्म संस्कृतिगत विभेदको अन्त्य एवम् समान हक, अधिकार र अवसरको माध्यमबाट समाज र राष्ट्रको समुन्नति गर्न सकिने दृष्टिकोण पनि यस कृतिका कविताहरूमा अन्तर्निहित छ । साथै त्याग, समर्पण, जिम्मेवारीपन र कर्मशीलताले जीवनलाई अग्रगति प्रदान गर्ने तथा जनहित, देशहित र कर्तव्य निष्ठतामा जीवनलाई सार्थक हुने तथ्य पनि यस कृतिभित्रका कविताका भावभूमि हुन् । भावविधानका दृष्टिले यस कृतिभित्रका केही कवितांशहरू दृष्टान्तका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

खै, कहिलेदेखि नेटो काट्न थामिएला
गाउँघरबाट लेकाली बतास !
खै, कहिलेदेखि गाउँबेसीमै मग्मगाउला
बुकीफूलको मौलिक सुवास !!

-अनुभूतिका प्रतिबिम्बहरू, पृष्ठ ९ ।

नसोचेको सोचे जस्तो
नखुलेको खुलेजस्तो
निरवच्छिन्न प्रतीति
अजस्र स्फर्ति
कहाँ छेकिन्छ हत्केलाले
कहाँ थिचिन्छ र पैतालाले

-चेतनाको आलोक, पृष्ठ २० ।

देश मुटु हो
राष्ट्रियता स्पन्दन हो
सभ्यता र संस्कृति
स्वपहिचान हो
म एकचिम्टी माटो

उठाएर यस भूमिबाट
निधारमा टीका लाउँछु र भन्छु
यो मेरो देशको माटो हो
मेरो वर्चस्व हो, मेरो सर्वस्व हो
-माटो, पृष्ठ ४९ ।

आफूभित्रको उकुसमुकुस
एउटा अदृश्य हाहाकार झैं लाग्छ
आफू बाँचेको परिवेश
एउटा अदृश्य हाहाकार झै लाग्छ
-कारागार, पृष्ठ ५७ ।

**अक्षरहरूको देश**भित्रका अधिकांश कविताहरूमा सामाजिक असङ्गति, राष्ट्रिय स्वत्वको ह्रासोन्मुख अवस्था, राजनैतिक दुरवस्था, भोगाइका विछृङ्खलता तथा विभेदजन्य परिस्थितिको चित्रण पाइन्छ र यस्ता नकारात्मक अवस्थाको अन्त्यको लागि मानवीय सद्भाव, मेल, समझदारिता, राष्ट्रिय एकता, स्वाभिमान, स्वतन्त्रता, समानता र स्वत्व पहिचानको लागि हरेक मानव सचेत र चिन्तनशील हुनुपर्ने भाव तथा विचार सम्प्रेषित गरिएको छ । स्वदेशी शक्ति स्वदेशमै लगाउनु पर्ने, नयाँ चेतना र ज्ञानका लागि हरेक व्यक्ति चिन्तनशील हुनुपर्ने देश तथा माटोलाई श्रद्धार सम्मान गर्नुपर्ने, यथास्थितिको अन्त्य र समाज परिवर्तन गरी राष्ट्र समुन्नत बनाउनु पर्ने अग्रगामी सोच नै **अक्षरहरूको देश**भित्रका कविताहरूको भाव वा उद्देश्यविधान हो । अमर त्यागीको **अक्षरहरूको देश** कविताकृतिका कविताहरूको भाव तथा उद्देश्य विधानगत विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ –

- राष्ट्र, समाज र विश्वप्रतिको निजी विचार र दृष्टिकोण सम्प्रेषित,
- विविध युगीन विकृति र विसङ्गतिको अन्त्यको भाव उन्मेषित,
- मानवीय मूल्य, मान्यता, स्वत्व, अस्तित्व र प्रतिष्ठाको संरक्षणको चाह व्यक्त,
- यथास्थितिको परिवर्तन र समानता स्थापनाको अभिष्ट अभिव्यञ्जित,
- समान अधिकार, अवसर र उन्नतिको अभिप्सा उद्बोधित,
- नारी, सहिद, प्रजातन्त्र र राष्ट्रप्रति निष्ठा र आस्थाभाव संपृक्त,
- एकता, प्रेम, सद्भाव, भ्रातृत्व वा विश्वबन्धुत्वको स्वर प्रतिध्वनित,
- हस्तक्षेपरहित शान्त, स्वतन्त्र र समुन्नत राष्ट्रिय सार्वभौमिकताको चाह अभिलक्ष्यित ।

### ४.१.७ 'अक्षरहरूको देश' कविताकृतिमा बिम्बालङ्कार

प्रतीकको शाब्दिक अर्थ अवयव, चिन्ह, सङ्केत वा निशान हुन्छ । प्रतीकको कुशल समायोजनले कुनै पनि रचनाको भाव गम्भीर र शिल्प कलात्मक बन्छ । कुनै पनि वस्तु व्यक्ति वा भावको प्रतिकृति, छाया, प्रतिमा वा मूर्तिलाई बिम्ब भनिन्छ । प्रतीकात्मक बिम्बयोजनाबाट उत्पन्न लाक्षणिक भावव्यञ्जनालाई अलङ्कार भनिन्छ । बिम्बालङ्कारको कुशल समायोजनले काव्य चमत्कारपूर्ण बन्छ । अलङ्कार वाह्य र आन्तरिक दुई किसिमका हुन्छन् । बाह्य अलङ्कार शाब्दिक सौन्दर्य हो भने आन्तरिक अलङ्कार भावसौन्दर्य हो । अर्थात शब्दगत विचित्रताको माध्यमबाट कवितालाई सुशोभित गर्ने प्रशाधनलाई शब्दालङ्कार र अर्थगत विचित्रताको माध्यमबाट काव्यलाई सुशोभित पार्ने प्रशाधनलाई अर्थालङ्कार भनिन्छ । **अक्षरहरूको देश**भित्रका हरेक कविताहरूमा प्रतीक, बिम्ब र अलङ्कारको समुचित समायोजन गरिएको पाइन्छ । देश, काल, परिस्थिति, प्रकृति, संस्कृति, धर्म,दर्शन, इतिहास, पुराण र मानवीय प्रवृत्तिजन्य प्रतीक र बिम्बहरूको संयोजन यस कृतिभित्र गरिएको छ । यस्ता बिम्ब र प्रतीकहरू आलाङ्कारिक रूपमा प्रयुक्त भएका छन् । सामाजिक, विकृति, विसङगति, विमति, विभेद र विरोधाभासपूर्ण वास्तविकता तथा राष्ट्रिय एकता, स्वाभिमान, स्वाधीनता, समानता एवम् मानवीय स्वत्व, अस्तित्व र स्वाधिकारको प्रकटनमा प्रतीकात्मक भाव सम्प्रेषण गर्दा बिम्बालङ्कारको कुशल समायोजन यस कृतिभित्र भएको छ । ज्वारभाटा, सागर, चाल्नो, नाङ्लो, अक्षर, निर्झर, इन्द्रेणी, पसीना, क्षितिज, आकाश, घाम, जून प्रवाह, पहाड, बिनायो, चरा, बाढी, माउसुली, पुतली, चिबे, परेवा, बाज, छाला, डमरू, बिस्कुन, चटकी, पोखरी, भ्यागुता, चेपागाडा, कुकुर बिरालो, आगो, कमल, भमरा, नदी, कारागार, मुर्चुङ्गा, साढे, दाँत, नङ् जस्ता प्रतीकात्मक बिम्बहरूका साथै बुद्ध, गान्धी, हिटलर, बोकासा, लादेन, रावण, कंश, शकुनि, दौपदी, एकलव्य, शिखण्डी, ग्यासच्याम्बर, मुर्कुट्टा, वायु, पिशाच जस्ता पौराणिक, ऐतिहासिक र पारम्परिक बिम्बविधान यस कृतिका कवितामा सशक्त र ओचित्यपूर्ण रूपमा रहेको छ । त्यस्तै प्रतीकात्मक बिम्ब योजनाको क्रममा शब्दिक अलङ्कार योजना अन्तर्गत श्लेष, यमक, अनुप्रास, वक्रोक्ति तथा पुनरूक्तवदाभास तथा अर्थगत अलङ्कार विधान अन्तर्गत उपमा, उत्प्रेक्षा, दृष्टान्त, लोकोक्ति, स्वभावोक्ति सम्भावना, संस्कृष्टि र प्रश्नालङ्कारहरू प्रयुक्त भएको पाइन्छ । **अक्षरहरूको देश** कृतिभित्रका कवितामा प्रयुक्त बिम्बालङ्कार विधानका केही दृष्टान्तहरूलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

१) प्रतीकात्मक भावभिव्यक्ति

पहाडको संविधानमा

सबै चराहरूलाई
स्वतन्त्र बाँच्ने अधिकार हुन्छ
-पहाड, पृष्ठ १७।

समुद्रमा माछा खाने माछाहरू छन्
खतरनाक अक्टोपसहरू पनि छन्
-ज्वारभाटा, पृष्ठ १९ ।

२) बिम्बात्मक भावाभिव्यक्ति
अक्षरहरू बुद्धहरू हुन्
गान्धीहरू हुन्
मण्डेलाहरू हुन्
-**अक्षरहरूको देश**, पृष्ठ ११ ।

बदला, छल वा डाहा सबै
तपाईभित्र सल्बलाइरहेको
सर्पको अभिव्यक्ति हो
-अभिव्यक्ति, पृष्ठ ७२ ।
३) शब्दालङ्कारजन्य भावाभिव्यक्ति
चिन्तनको चालनोमा
चालेर चेतनाहरू
म विचारका बिम्बहरू टिप्छु
-आत्मबोध, पृष्ठ १० ।
समुद्रको ज्वारभाटाले
मान्छेको घरबार बगाउँछ
आस्थाको दरबार बगाउँछ
-ज्वारभाटा, पृष्ठ १८ ।

४) अर्थालङ्कारजन्य भावाभिव्यक्ति
देशका बुद्धहरू
किसानहरू हुन्
कलाकारहरू हुन्

मजदुर हुन्
धर्तीका सुन्दर फूलहरू हुन्
-बुद्धहरू, पृष्ठ ३१ ।

चराहरूको रिमिझिमी पहाडको प्रकृति हो
चराहरूको रीतिभाति पहाडको संस्कृति हो
- पहाड, पृष्ठ १७ ।

कवितालाई प्रतीकले विशेष अर्थयुक्त बनाई सौन्दर्यमय बनाउँछ ,बिम्बले व्यञ्जनायुक्त तुल्याउँछ भने अलङ्कारले चमत्कारपूर्ण बनाउँछ । **अक्षरहरूको देश**का दृष्टान्त कविताशंहरूमा पहाड, देश, चराहरू, जनता तथा समुद्र राजनीतिर अक्टोपस राजनीति कर्मीको प्रतीकको रूपमा प्रयुक्त छन् । त्यस्तै अक्षरहरू बुद्ध, गान्धी र मण्डेला तथा वदला छल वा डाहालाई सर्पको बिम्बको रूपको रूपमा प्रयुक्त छन् । त्यस्तै चिन्तन, चाल्नो चेतना चालेर तथा विचार बिम्बहरू शाव्दिक संयोजनले अन्तरअनुप्रास एवम् मान्छेको घरबार र आस्थाको दरबार जस्ता शाव्दिक संयोजनमा बार बारको पुनरावृत्तिलेयमक अलङ्कारको प्रयुक्तिलाई जनाउँछ । त्यसैगरी बुद्धलाई किसान, कलाकार, मजदुरकोदृष्टान दिएर दृष्टान्त अलङ्कार तथा सबैलाई फूलको उपमा दिएर उपमा अलङ्कारको संयोजनबाट संसृष्टि अलङ्कार एवम् चराहरूका रिमीझिमीलाई पहाडको प्रकृति र रीतिभाँतिलाई संस्कृतिको सम्भावना कल्पित गरिदा उत्प्रेक्षा अलङ्कार संयोजित भएको छ । यस्ता अनेक बिम्बालङ्कारहरू यस कविताभित्र प्रयुक्त भएका छन् । अमर त्यागीको अक्षरहरूको देश कविताकृतिका कविताहरूको विम्बालङ्कार विधानगत विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ ।

- हरेक कवितामा कुन न कुनै विम्ब, प्रतीक वा अलङ्कार प्रयुक्त,
- प्रतीकात्मक विम्बयोजनाबाट लाक्षणिक भाव संयोजित,
- जैविक, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र पौराणिक विम्ब संयोजित,
- विम्बालङ्कारबाट मानवीय चरित्रको निकृष्टता र उत्कृष्टता उद्घाटित,
- समाज, राजनीति र विश्वजनीन यथार्थलाई बिम्बालङ्कारका माध्यमबाट संश्लेषित,
- शब्दगत र अर्थगत आलङ्कारिक सौन्दर्यबाट कविता सुशोभित,
- कोमल र भावनात्मक रूपमा अलङ्कार विधान उद्भाषित,
- विम्बालङ्कारबाट कवितामा भाव गाम्भीर्य, शील्प सौन्दर्य र श्रुति माधर्म उद्दीपित ।

### ४.१.८ 'अक्षरहरूको देश' कविताकृतिमा भाषाशैली

भाषा भाव प्रकाशन गर्ने माध्यम हो भने शैली भाव प्रकाशनको तौर तरिका, विधि, पद्धति ढाँचा वा विशेष किसिमको प्रक्रिया हो । कवितामा विशिष्ट किसिमको भाषा प्रयोग गरिन्छ । भाव प्रकाशनको लागि गरिने अभिव्यक्ति कौशल नै भाषाशैली हो । कवितामा आउने भाषाको वर्ण, पद, पदावलीमा सुललितता, रागात्मकता र श्रुतिमधुरता तथा शैलीमा प्रतीकात्मकता, बिम्बात्मकता र आलाङ्कारिता हुनुपर्दछ । यस तथ्यको आधारमा **अक्षरहरूको देश** कविता कृतिभित्रका कविताहरूको भाषिक योजना सुललित, रागमय र श्रुतिमधुर छ भने शैली प्रतीकात्मक बिम्बात्मक र आलाङ्कारिक रहेको छ । जटिल भाषाशैलीको प्रयोग नगरी सरल, सुबोध्य र सहज भाषाशैली प्रयोग गरिएको छ **अक्षरहरूको देश**मा । यस कृतिका केही कविता अभिधार्थी छन्, भने केही व्यञ्जनार्थी र केही व्यङ्ग्यार्थीसमेत छन् । व्यञ्जनार्थी वा व्यङ्ग्यार्थी भाषिक योजनामा पनि सहज र सुवोध्य पद-पदावलीको संयोजन रहेको छ । नाटकीय तथा वर्णानात्मक शैलीको समेत यथास्थानमा संयोजित यस कृतिका चौवालीस कविताहरूमा त्रिचालिस कविताहरू मुक्त गद्य भाषिक शैलीमा रचिएका छन् भने एउटा कविता मात्र अनुष्टुप पद्य भाषिक शैलीमा रचिएको छ । यस कृतिका हरेक कविताहरू मुक्त लयात्मक, प्रवाहमय र श्रुतिमधुर रहेका छन् । कवितामा तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको विषय र प्रसङ्गानुकूल रूपमा प्रयुक्त छन् । अधिकांश कवितामा तत्सम शब्दको प्रयोग अधिक रहेको छ । बोधिऋचा, हृदय, हार्दिक, सद्भाव, निर्झर, अन्तश्चेत, शाश्वत, अक्षर, अध्याय, सञ्चेतना, संवाहन, संसृष्ट, कलुषता, प्रज्ञासौन्दर्य, भावउद्वोध, मूर्तउद्भाष, स्वाधीनता, निरवच्छिन्नजस्ता अनेक तत्सम शब्दहरू आँसु, गाउँ, दसैं, गाई, दाँत, चुच्चो, नाइके, उज्यालो, दुध, माटो, तिर्खा, भमरा, सपनाजस्ता अनेक तद्भव शब्दहरू एड्स, वम, बारूद, चैन, कुल्ली, दरबार, इमान, फेशन, कानुन, महल, गरिब, ग्यासच्याम्वर, निस्फिक्री, कारागारजस्ता अनेक आगन्तुक शब्दरू र गिजोल्नु, छोइछिटो, लघार्नु, हाइसञ्चो, जुठोपुरो, कछाड, गुन्यू चोली, लेक, बेसी, ठाडो, डल्लेठो,चपरी, डल्ला, हलो,बारी, हलगोरू, छिर्के, लिंडे जस्ता अनेक झर्राजस्ता नेपाली शब्दहरू एवम् धप्पधप्प, झरझर, धुरूधुरू, तुरूतुरू, क्वाँक्वाँ, घुँक्कघुँक्क, सुँक्कसुँक्क, हिंक्कहिंक्क, खित्तखित्त, ट्वार्रट्वार्र, सल्याङमल्याङ, ग्वाम्ल्याङ्गजस्ता अनेक अनुकरणात्मक पदपदावलीको प्रयोग यस कृतिका कवितामा गरिएको छ । भाषाशैलीगत विविध स्वरूपका केही कविताशंलाई दृष्टान्तको रूपमा प्रस्तुत गर्नसकिन्छ ।

अक्षरहरू आफैमा सार्वभौम हुन्छन्
अक्षरहरू आफैमा सर्वशक्ति सम्पन्न हुन्छन्

-**अक्षरहरूको देश**, पृष्ठ ११ ।

इतिहासको
परम्पराको
संस्कारको
कथासुसेलेर
निर्झर
निरन्तर
झरझर
झरिरहन्छ

- निर्झर, पृष्ठ १५ ।

एकान्त वन
बन्दुकको आवाज
झसङ्ग मन

- बिम्ब-प्रतिबिम्ब, पृष्ठ ५८ ।

मेरा हाकिमसाहेबलाई
सधैँ सलाम टक्र्याउने मेरो बानी
एकदिन झुक्किएर हत्तपत्त
कालो कुकुरलाई सलाम ठोकेछु

- सलाम, पृष्ठ ८२ ।

छ आफ्नै घरबारी यो छ आफ्नै घरबार यो
छ सुख दुःखको आफ्नै सुन्दर दरबार यो
ठेला तानी बनी कुल्ली एकपेट जुटाउँछौ
किन रगत् पसीनामा आफूलाई लुटाउँछौ ?

- गाउँबाट, पृष्ठ ८३ ।

**अक्षरहरूको देश**भित्रका कविताहरूको भाषाशैली सरल, सुवोध्य, सहज र प्रवाहमयताका साथै अभिधार्थी व्यञ्जनार्थी पनि रहेका छन् । तत्सम, तद्भव, आगन्तुक, झर्रा र अनुकरणात्मक पद-पदावलीको समायोजनबाट भाषिक संरचना प्रतीकात्मक र आलाङ्कारिक एवम् शैलीशिल्प गतिशील र प्रभावशील रहेका छन् । व्यञ्जनात्मक शैली संयोजित गरिएका **अक्षरहरूका देश**भित्रका कविताहरू लयात्मक, श्रुतिमधुर र मनोहारी

रहेका छन् । अमर त्यागीको **अक्षरहरूको देश** कविताकृतिका कविताहरूको भाषाशैलीविधानगत विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ ।

- हरेक कविता सरल, सहज र सुबोध्य रूपमा विरचित,
- कविताका भाषिक वर्ण, पद, पदावली सुललित तथा व्याकरिणक स्वरूप सुगठित,
- शैलीगत रागात्मकता, श्रुतिमधुरता र आलाङ्कारिकता समाहित,
- विविध स्रोत, वर्ग र बनोटका शाब्दिक स्वरूप सबलरूपमा प्रयुक्त,
- कवितामा अभिधार्थी, व्यञ्जनार्थी र व्यङ्ग्यार्थी तीनै अभिव्यक्ति समायोजित,
- कवितामा मूलतः आत्मालापीय, वर्णनात्मक र नाटकीय भाषाशैली प्रबोधित,
- विम्बात्मक, प्रतीकात्मक र आलाङ्कारिक शैली मूल रूपमा संश्लेषित,
- तरल, प्रवाहमय र लयात्मक भाषाशैली मूल प्रवृत्तिको रूपमा उद्‍बोधित ।

### ४.१.९ अक्षरहरूको देश कविताकृतिको प्रवृतिगत विशेषता

हरेक रचना प्रवृत्तिगत विशेषताका दृष्टिले आफैमा पूर्ण हुन्छ । हरेक रचना बाह्यान्तरिक संरचना, भाव र प्रवृत्तिगत रूपमा सबल र स्वतन्त्र हुन्छ । नेपाली साहित्यमा कविता विधाको प्रारम्भिक कालदेखि वर्तमान काल खण्डसम्मको प्रवृत्तिगत विशेषता भिन्नभिन्न रहेको छ । वीरता, भक्ति, शृङ्गार, परिष्कार, स्वच्छन्द भावधारापछि प्रगतिवादी, प्रयोगवादी र समसामयिक सञ्चेतना संवाहन नेपाली कविताको ऐतिहासिक प्रवृत्तिगत विशेषता हो । नेपाली कविताको समसामयिक धाराको उत्तरवर्त्ती कालखण्डका सञ्चेतनावादी धारका सचेत कवि अमर त्यागीका कविताको मूल प्रवृत्ति सञ्चेतनावादी मूल्य मान्यता, प्रगतिवादी-मानवतावादी स्वत्व र अस्तित्वको संरक्षण, संबर्धन र प्रतिष्ठापन रहेको छ । साथै देशप्रेम, संस्कृतिप्रेम, प्रकृतिप्रेम, स्वाभिमानप्रेम, स्वत्वप्रेम र मानवमूल्यप्रेम पनि उनका कविताका मूल प्रवृत्ति हुन् । सामाजिक तथा राष्ट्रिय असमानताको अन्त्य, समानता, स्वतन्त्रता र पूर्ण स्वाधिकारको स्थापना, नारीप्रति श्रद्धा र सम्मान, तमाम भेदभावको उन्मूलन र समतामूलक समाज, राष्ट्र र राष्ट्रियताको निर्माणको भाव पनि **अक्षरहरूको देश**भित्रका कविताहरूको मूल पूवृत्ति हो । सांस्कृतिक, राजनैतिक र आर्थिक विभेदको अन्त्यबाटै समाजबाट भोक, गरिबी, अभाव र समस्याको अन्त्य गर्न सकिने भावको प्रक्षेपण पनि यस कृतिको प्रवृत्तिगत विशेषता हो । नेपाल र नेपालीको स्वाभिमानलाई सदासर्वदा उच्च राखी गौरवमय देशको गौरवशाली नागरिक भएर बाँच्ने सन्देशको संवाहन नै **अक्षरहरूको देश** कविता कृतिको मूल प्रवृत्तिगत विशेषता हो । अमर त्यागीको अक्षरहरूको देश कविता कृतिको प्रवृत्तिगत विशेषतालाई निम्नानुसार वर्गीकरण गर्नसकिन्छ ।

- समसामयिक मानवीय चेतनाका कविता,

- युगबोध, जीवनबोध, समाजबोध र राष्ट्रबोधका कविता,
- मानवतावादी, राष्ट्रवादी र प्रगतिवादी संचेतनाका कविता,
- मानवीय स्वत्व, अस्तित्व, मूल्य, मान्यता र महत्ताबोधका कविता,
- वैयक्तिक संवेदना, रागविराग र अनुरागका कविता,
- स्वाभिमान, स्वगौरव, स्वाधीनता र समानताका कविता,
- राजनैतिक दृश्य-परिदृश्यप्रति व्यङ्ग्यात्मक कविता,
- प्रणय, प्रकृति, संस्कृति, चेतना, चिन्तन र स्वाभिमानका कविता ।

### ४.१.१० निष्कर्ष

चालिसको दशकमा नेपाली काव्य क्षितिजमा उदाएका अमर त्यागीका आभ्यासिक चरणदेखि परिपक्व चरणसम्मका कविताहरूको सङ्कलन **अक्षरहरूको देश** पहिलो कविताकृति हो । नेपाली कविताको समसामयिक धाराको उत्तरार्द्ध कालखण्डका कविका रूपमा परिचित त्यागीका **अक्षरहरूको देश** कविताकृतिका कविताहरूमा राष्ट्र, जीवन, समाज, परिस्थिति, परम्परा र वर्तमानका अनेकानेक झाँकीहरूलाई उद्घाटन गरिएको छ । सामाजिक विकृति, राजनैतिक असङ्गति, पारिस्थितिक परिणति र मानवीय कुप्रवृत्तिको उद्घाटनका साथै समग्र यथास्थितिको परिवर्तन र समतामूलक राष्ट्रिय समाजको निर्माणको भाव **अक्षरहरूको देश** कविताकृतिमा अन्तर्निहित छ । विषयगत विविधता भावगत गहनता, शिल्पगत कलात्मकता हुँदाहुँदै पनि सरल, तरल, सहज र सम्प्रेषण भाषाशैली यस कृतिको विशेषता हो । शाब्दी र आर्थी व्यञ्जना धर्मिताका साथै बिम्बात्मक, प्रतीकात्मक र आलाङ्कारिक शिल्पधर्मिता **अक्षरहरूको देश**मा रहेका छन् अर्थात् **अक्षरहरूका देश**भित्रका हरेक कविताहरू जीवनका, भोगाइका, समाजका, परिस्थितिका, परिवर्तनका, राष्ट्रिय स्वाभिमानका र मानवीय मूलसत्ताका एकएक झाँकी हुन् । भागवात, शिल्पगत, संरचनागत र विषयगत सशक्तताका कारण **अक्षरहरूको देश** कृतिले अमर त्यागीलाई नेपाली कविताको उत्तरवर्ती कालखण्डको एक सचेत मानवतावादी प्रगतिवादी कविको प्रतिष्ठा दिएको छ ।

## ४.२ 'अनुभूतिको जुलुस' सूत्र कविताकृतिको विश्लेषण

### ४.२.१ विषय प्रवेश

कव् धातुमा इ प्रत्यय लागेर कवि एवम् कविमा त् र आ बाट बनेको ता प्रत्यय लागेर निर्मित भएको कविता तत्सम शब्द होर यसको अर्थ कविको सृजना वा कविद्वारा गरिएको सृजना भन्ने हुन्छ साहित्यका चारविधा कविता, आख्यान, नाटक र निबन्ध मध्ये कविता सर्व प्राचीन विधा हो र यसमा भावनाको कलात्मक अभिव्यञ्जना गरिएको हुन्छ ।

कविताका चारवटा स्वरूपगत भेदहरू रहेका छन् जसमा लघुत्तम रूप, लघु रूप, मझौला रूप र वृहद् रूप पर्दछन् । लघुत्तम रूपमा मुक्तक, हाइकु, ताङ्का, छेस्का, चोइटा, अणु र सूत्रकविता पर्दछन् भने लघु रूपमा फुटकर कविताहरू पर्दछन् । त्यस्तै मझौला रूपमा खण्डकाव्य, कोष काव्य, शोक काव्य आदि पर्दछन् भने वृहत् रूपमा महाकाव्य र वृहत्तर रूपमा विकासशील वा विकसित महाकाव्य पर्दछन् । कविका सैद्धान्तिक स्वरूपमा पनि विभिन्न परिवर्तन भएका छन् र तिनमा नयाँ नयाँ प्रयोग परम्परा चलेको छ । कविताको लघुत्तम रूपमा पनि अणु, छेस्का र सूत्रकविता लेखन जस्ता नवीन प्रयोग भएका छन् ।

नेपाली कविताका क्षेत्रमा परम्परादेखि नै भाव, संरचना र स्वरूपमा परम्परादेखि नयाँ नयाँ प्रयोग हुँदै आए तापनि मोहन कोइरालाबाट स्पष्ट रूपमा प्रयोगवादी धारा विकसित भएको हो । प्रयोगवादी धारा, प्रतीकवादी, अतियथार्थवादी, शून्यवादी, विसङ्गवादी, अस्तित्ववादी वौद्धिक चिन्तनको उपज हो । यही प्रयोगवादी नेपाली कविता परम्परामा कान्छो प्रयोगको रूपमा नेपाली साहित्यमा सूत्र कविताको जन्म भएको हो । सूत्रकविताको पहिलो प्रयोक्ता युवाकवि अमर त्यागी हुन् । सूत्र कविता बिम्बात्मक, प्रतीकात्मक, सङ्केतात्मक, ध्वन्यात्मक वा लाक्षणिक अभिव्यक्तिको उपज हो ।

संस्कृतमा अनेक सूक्तिहरू रहेका छन् । त्यतै लोक जीवनमा पनि अनेक सूत्रात्मक उक्तिहरू प्रचलित छन् । त्यता सूक्ति तथा उक्तिहरूले गहन भाव वा विचारको अभिव्यक्ति गरेका हुन्छन् । एक वा दुई हरफका यस्ता सूक्ति तथा उक्तिहरूले एउटा काव्य वा फुटकर कविताको भाव सम्प्रेषित गरेको हुन्छ । यही संस्कृतका सूक्ति तथा लोक प्रचलित उक्तिबाट प्रभाव ग्रहण गरेर अमर त्यागीले नवीनतम प्रयोगको रूपमा सूत्र कविताको प्रणयन गरेका हुन् । त्यस्तै जापानी मूलका ताङ्का, हाइकु र नेपाली मूलकै छेस्का, चोइटा, अणु कविताको प्रभाव पनि सूत्रकविता प्रणयनमा प्रभाव परेको देखिन्छ । सूत्र कविता संरचनागत सूक्ष्मता, भाषागत स्वतःस्फूर्तता भावगत लाक्षणिकता भएको अमूतताभित्र मूर्त अभिव्यक्ति हो । यो एउटा सिङ्गो भोगाइ वा अनुभूतिलाई एउटै पङ्क्ति वा एउटै सूत्रमा समेटेर व्यक्त गर्ने चाहको प्रतिफल हो । यो अभिव्यक्तिलाई लाक्षणिक वा प्रतीकात्मक रूपमा प्रस्तुत गर्ने आन्तरिक अभीष्टको उपज हो । कविको यो अभीष्ट क्रियारहित एक लाइनको सूत्रात्मक अभिव्यक्ति भएको सूत्र कविताका रूपमा प्रकट भएको छ । सूत्र कविता प्रणयनका सम्बन्धमा सूत्र कविको कथन यसप्रकार रहेको छ :

- साहित्य नित्य प्रयोगशील हुन्छ ।
- प्रयोग नित्य नवीन र सुष्ठु हुन्छ ।
- प्रयोग तथ्यपूर्ण र वैज्ञानिक हुन्छ ।
- प्रयोग समय सापेक्ष र सर्वमान्य हुन्छ ।
- प्रयोग भाषिक शिल्प र सौन्दर्यपूर्ण हुन्छ ।

- आजको युग विज्ञान र प्रविधिको युग हो ।
- न्यून समयमा अत्यधिक कार्यशीलताको युग हो ।
- न्यून समयमा अत्यधिक चिन्तनशीलताको युग हो ।
- न्यून समयमा अत्यधिक ग्रहणशीलताको युग हो ।
- न्यून समयमा अत्यधिक प्रभाव प्रक्षेपणको युग हो ।
- अर्थात् आजको युग सूत्र संरचनाको युग हो ।
- यही सन्दर्भमा सूत्रकविताको जन्म भएको हो ।
- सूत्रकविता सूत्रात्मक रूपमा एक हरफमा रचिन्छ ।
- एक हरफमा सिङ्गो युग जीवनको चित्राङ्कन गरिन्छ ।
- एक हरफमा सिङ्गो जीवन भोगाइको प्रतिबिम्बन गरिन्छ ।
- एक हरफमा सिङ्गो मानवीय संवेदनाको प्रतिरूप उतारिन्छ।
- एक हरफमा सिङ्गो काव्यिक संचेतनाको दस्तावेज उतारिन्छ ।
- सूत्रकविता स्वयम्मा स्वतन्त्र र परिपूर्ण हुन्छ ।
- यसमा स्वतन्त्र अनुभवका अन्तर्क्रियालाई एउटै सूत्रमा संलिष्ट गरिन्छ ।
- यसमा स्वतन्त्र चिन्तनका अन्तर्घटकलाई एउटै सूत्रमा आबद्ध गरिन्छ ।
- यसमा स्वतन्त्र अन्तर्दृष्टिलाई सूक्ष्म सङ्केतद्वारा एउटै सूत्रमा अन्वित गरिन्छ ।
- यसमा स्वतन्त्र अन्तर्भावलाई सार्थक बिम्बद्वारा एउटै सूत्रमा अभिव्यक्त गरिन्छ ।
- सूत्रकविता मेरो नव्य काव्य सोचको सार्वभौम दृष्टिचित्र हो ।
- मेरो आत्मिक **अनुभूतिको जुलुस** हो ।
- मेरो भावुक भावनाको भुल्का हो ।
- मेरो नवीन चैतन्यको चिराग हो ।
- मेरो स्वतन्त्र विचारको बिम्ब हो ।[९१]

त्यस्तै सूत्र कविताका सम्बन्धमा सूत्र कथा एवम् सूत्र उपन्यासका प्रणेता डा. ध्रुवचन्द्र गौतमको धारणा यसप्रकार रहेको छ :
- सूत्र कविता नेपाली साहित्यको सबभन्दा कान्छो प्रयोग भएको छ ।
- यो सार्थक छ ।
- आजको युगले कविसित मागेको उपहार दिएका छन् कविले ।
- यसलाई पढेर बेग्लै अनुभूति हुन्छ नवीनताको ।
- हाइकुभन्दा पनि सानो, नियमरहित सूत्रकविता ।
- प्रतिभाले फराकिलो भावनात्मकताले भरिएको ।

[९१] अमर त्यागी, **अनुभूतिको जुलुस**, (काठमाडौं : हेमकुमार श्रेष्ठ, २०६०), पृष्ठ १६ ।

- देश र जनताको नारी छामि रहेका सूत्र कविताहरूको स्वागत छ ।[९२]

त्यसैगरी सूत्र कविताका सन्दर्भमा सूत्र समालोचनाका प्रणेता डा. लक्ष्मणप्रसाद गौतमको धारणा यसप्रकार रहेको छ :

- सूत्र कविता एउटैको संरचना छ ।
- कविता र अनुभूतिका बीच संयोजन छ ।
- भावना र अनुभूतिको तीव्रता छ ।
- युगबोध र जीवनबोध छ ।
- संवेदनाको प्रकटीकरण छ ।
- एउटा भावबिम्बलाई एउटै पङ्क्तिमा अटाउने कौशल छ ।
- सूत्र कविता नवप्रयोगको आन्तरिक प्रेरणा र त्यसको उपज हो ।
- अनुभूतिलाई थोरै शब्दमा समाउने प्रयास हो ।
- काव्य चेतनामा नवीन प्रयत्नको प्रत्याभूति हो ।
- कविताको विधागत परिवर्तनको स्वाभाविक प्रस्तुति हो ।
- स्वयम्मा पूर्ण छोटो छरितो कवितात्मक प्रस्तुतिको हो ।
- थोरै शब्दमा भावको घनत्वपूर्ण प्रस्तुतिको प्रयास हो ।[९३]

यद्यपि सूत्र कविता नेपाली काव्य क्षेत्रको नवीनतम प्रयोगको रूपमा आएको सूक्ष्मतम काव्यिक रूप हो । यसमा भावना वा अनुभूतिको एक झोक्कालाई एकै पङ्क्तिमा सूत्रात्मक रूपमा अभिव्यक्त गरिन्छ ।

## ४.२.२. 'अनुभूतिको जुलुस' सूत्र कविताकृतिको परिचय

**अनुभूतिको जुलुस** नेपाली साहित्यको नवीनतम प्रयोगात्मक कृति हो । यसका सर्जक युवाकवि अमर त्यागी हुन् । यस कृतिमा कविताको लघुत्तम स्वरूप अन्तर्गतको सूक्ष्मतम अभिव्यक्ति भएका तीनसय चौबिस वटा सूत्र कविताहरू सङ्कलित गरिएका छन् । यो त्यागीको तेस्रो पुस्तकाकार कृति हो । यस कृतिको प्रकाशन २०६० साल चैतमा काठमाडौं गोङ्गबु निवासी सर्जकका सहोदर भाइ हेमकुमार श्रेष्ठले गरेका हुन । प्रथम प्रकाशनको रूपमा एकहजार एकसय एकप्रति प्रकाशित यो कृति सर्जकसँग हाल एकप्रति मात्र रहेको छ ।[९४] यस कृतिका आवरणकला पोखराका चर्चित कवि-कलाकार रमेश श्रेष्ठले सजाएका छन् । यो कृतिको मुद्रण प्रतीक प्रकाशित समूह, वीरगन्जमा

---

९२ ध्रुवचन्द्र गौतम, **अनुभूतिको जुलुस**, पूर्ववत्, पृष्ठ ७ ।

९३ लक्ष्मणप्रसाद गौतम, **अनुभूतिको जुलुस**, पूर्ववत्, पृष्ठ १० ।

९४ शोधनायकको कथनअनुसार ।

भएको हो । यस कृतिको विमोचन तत्कालीन प्राज्ञ सनत रेग्मीले २०६१ साल बैशाख १ गते उद्योग वाणिज्य सङ्घ, कलैयाको सभाकक्षमा भव्य रूपमा गरेका थिए । जम्मा बहत्तर पृष्ठको यस कृतिमा डा. ध्रुवचन्द्र गौतम, रमेश गोर्खाली र लक्ष्मण प्रसाद गौतमको प्रमुख भूमिका रहेको छ । यस कृतिका सूत्र कविताहरूमा वैयत्तिक जीवन भोगाइ, अनुभूति, अनुभव र अन्य सामाजिक यथार्थको प्रकटीकरण तथा सामाजिक भोगाइ र अनुभूतिको साधारणीकरण एवम् समसामयिक असङ्गति, विकराल विकृति र बिब्ल्याँटा परिस्थितिहरूप्रति तीव्र व्यङ्ग्य गरिएको छ । यसमा एउटा अनुभूतिलाई विस्तार नगरीकन एकै पङ्क्तिमा व्यक्त गर्ने प्रवृत्ति तथा नवीन काव्यिक चिन्तन र प्रयोग रहेको छ । भावना, विचार र दृष्टिकोणहरूलाई सूत्रैसूत्रैमा उनेर असंपृक्त भावबिम्बहरूलाई पनि संपृक्त बनाउने प्रयास यसमा गरिएको छ । साथै विविध संवेदना, रागात्मकता, अनुभूति र भावहरूलाई कवितात्मक सङ्गठन गरिएको छ । भावविविधता, विषयविविधतार अनुभूति विविधताको विकीर्णताको माध्यमबाट सूत्र कविता स्वयंपूर्णतामा भाव र शिल्पका बीचको संयोजन कसिलो रूपमा गरिएको छ ।[९५] **अनुभूतिको जुलुस** एकवाक्य वा एकलाइने नव्य काव्यिक चेतनका दृष्टिले नवीनतम बान्की हो । यसमा विश्वजीवनको बोधानुभूतिका नवीन रूप र अत्यन्त विकसित देशको सजीव चित्र छ । कृतिमा विकासोन्मुख देशमा वर्गवादी समाजर अतिवादी जटिलताको निन्दनीय सन्दर्भसमेत घनीभूत छ । यसमा बहुलताको केन्द्री वस्तुवाद र वस्तुवादी बहुलताको स्वार्थी मनोविज्ञानको घृणित तस्वीर पनि चित्रित छ । काव्यिक तत्त्वका शीर्षक, कथ्य, कथनपद्धति, आयाम भाषाशैली, संरचना र शिल्पप्रविधिले निरूपण गर्दा कृतिमा निजत्व समायोजन भेटिन्छ ।[९६] अमर त्यागी प्रयोगवादी काव्यपरम्पराका क्लिष्ट तथा अमूर्त चेतनप्रवाह पद्धतिको विघटनपछि हुर्किएको सहज सम्प्रेष्य वा मूर्तचेतन प्रवाह पद्धतिका कवि हुन् र उनको **अनुभूतिको जुलुस** कथ्य र शिल्प दुवैका दृष्टिले नवीनतम काव्यिक कृति हो । विद्यमान प्रचलनभन्दा भिन्न, नवीन र विशिष्ट प्रवृत्ति अवलम्बन गरी रचना गरिएको यस कृतिमा लाक्षणिक अभिव्यञ्जनाका माध्यमबाट राष्ट्र, राष्ट्रिय, स्वाभिमान, स्वतन्त्रता, स्वत्व, अस्तित्व र स्वपहिचानको खोजी गरिएको छ ।

### ४.२.३. 'अनुभूतिको जुलुस' सूत्र कविताकृतिको शीर्षक

**अनुभूतिको जुलुस** नवीनतम मान्यता बाकेको कृति हो । अनुभूतिको तात्क्षणिकतालाई काव्यमा उतार्ने क्रममा यस कृतिको जन्म भएको देखिन्छ । मान्छेका

[९५] लक्ष्मणप्रसाद गौतम, **अनुभूतिको जुलुस**, पूर्ववत्, पृष्ठ १२ ।

[९६] रमेश गोर्खाली, **अनुभूतिको जुलुस**, पूर्ववत्, पृष्ठ १० ।

विचारहरूको जुलुस, भावनाहरूको जुलुस, अनुभूतिहरूको जुलुस, पीडाहरूको जुलुस, आवेग र संवेगहरूको जुलुस, असङ्गत परिवेशहरूको जुलुस जस्ता विशिष्ट अर्थ संयोजित जुलुसहरू र सूत्रै सूत्रका रूपमा संयोजित तीनसय चौबीस वटा भावनात्मक पङ्क्तिहरूको जुलुस यस कृतिमा समाहित गरिएका छन् । विशिष्ट अर्थ अन्तर्गत व्यञ्जनार्थ र सामान्य अर्थ अन्तर्गत अभिधार्थ दुवै दृष्टिले **अनुभूतिको जुलुस** शीर्षक औचित्यपूर्ण रहेको छ । साथै तीन सय चौबिसवटै पङ्क्तिपुञ्जका अभिव्यक्ति लाक्षणिक रहेका छन् भने तिनका तीनसय चौबिसवटै शीर्षकविधान व्यञ्जनात्मक रहेका छन् ।

एउटा मूल शीर्षकको प्रतीकात्मक अभिव्यक्ति नै सूत्रकविता हो । एउटा सग्लो अनुभूति वा भावनाको झोक्कालाई एउटै सूत्रात्मक पङ्क्तिमा उनले क्रममा हरेक झोक्काका शीर्षक लाक्षणिक रूपमा राखिएका छन् ती सार्थक रहेका छन् । ती शीर्षकहरू मान्छे जीवन र उसका विवश परिस्थितिहरूको यथार्थ अङ्कन, विविध परिवेशको माध्यमबाट वर्तमानका असङ्गति तथा राजनीति र त्यसबाट उत्पन्न विकृति एवम् विसङ्गतिप्रतिको तीव्र व्यङ्ग्यात्मक अभिव्यक्तिका क्रममा सटीक रूपमा राखिएका छन् । त्यस्तै व्यक्ति बिम्बको आदर्शीकरण, व्यक्ति बिम्बको अनादर्शीकरण, पदको दुरूपयोग गरेर भ्रष्टाचार गर्नेहरूप्रतिको तीब्र व्यङ्ग्य, विविध विषय, विस्तु, तत्त्व र परिवेशको मूर्तीकरण, प्राकृतिक परिवेशको विविधतामय अभिव्यञ्जना, साहित्यिक चेतनाको माध्यमबाट आदर्शको सङ्केत, सन्त्रस्त परिवेशको चित्रणद्वारा वर्तमानबोध, मान्छेका आवेग, संवेग र मनोवेगको प्रकटन तथा संवेदनात्मक अभिव्यक्तिका रूपमा तीनसय चौबिसवटै पङक्ति-पुञ्जका शीर्षकहरू संयोजित छन् । ती शीर्षकहरू अमर त्यागी, जिन्दगी, चाहना, भाग्य, महँगी, समस्या, सपना, बिपना, आफन्त, घर, परिवार, जोखिम, अन्तर्द्वन्द्व, सम्झना, कसुर, विरोध, अहङ्कार, वैमनस्यता, गाउँ, सहर, शिक्षक, विद्यार्थी, नारी, पुरुष, जीवन, विचार, जागीर, मान्छे, यौवन, स्वाधीनता, चेतना, यथार्थ, आदर्श, पक्षपात, पुरुषार्थ, शिक्षा, स्वास्थ्य, यातायात, प्रज्ञान, हर्ष, विषाद, अकर्मण्यता, कटाक्ष, सम्पत्ति, फेशन, परिणति, झझल्को, संवेदना, विवाह, सत्य, आधुनिक, अस्मिता, ढोंग, न्याय, भावना, मन, नागरिकता, संस्कृति, तादात्मय, राष्ट्र, राष्ट्रियता, राष्ट्रभक्ति, प्रतिष्ठा, मातृत्व, सदाशयता, नैतिकता, प्रतिभा, श्रद्धा, जन्मभूमि, मैत्रीत्व, रीति, अहम्मन्यता, बैंस, वात्सल्य, अनित्य, स्वभाव, विमति, गर्व, इतिहास, प्रकल्पना, आडम्बर, पौरख, दुष्कृत्य, सहिद, वर्तमान, किसान, हाँसो, आँसु, महत्ता, परिस्थिति, कर्मण्यता, मुक्ति, सौभाग्य, नेता, राजनीति, दुःख, सुख, चिन्ता, उत्साह, सामर्थ्य, समानता, कमजोरी, भिन्नता, आत्मबल, मर्यादा, निरर्थकता, थिन्ले, सार्वभौमिकता, धर्म, प्रपञ्च, कानुन, भोक, दुर्भावना, स्वाभिमान, डर, वासना, स्वार्थ, मोह, ईर्ष्या, शान्ति, अहिंसा, मानवता, रीतिरिवाज, बहुदल, इमान, शिर, अनाचार, अभिसार, औपचारिकता, सारांश, प्रतिफल, शिष्टता, विभेद, अर्थनीति, अशुभ,

परिकल्पना, संभोग, समय, चरित्र, मान्यता, दृष्टिकोण, सृष्टि, योजना, आत्मा, रगत, आँखा, सदिच्छा, समाज, वेवारिस, उदारता, स्वत्व, रहस्य, स्थिति, वलिवेदी, दृष्टि, सन्तति, वितण्डा, अर्थ, मृत्यु, विमुक्ति, विभ्रम, गान्धी, मण्डेला, पासाङ, टेरेसा, बुद्ध, सुकरात, कर्मचारी, व्यापारी, डाक्टर, वकिल, लादेन, बुस, ज्यामी, न्यायाधीस, विभावना, द्वन्द्व, सिद्धान्त, पतझड, वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त, शिशिर, कवि, कविता, कृति, साहित्य, संसार, सान्त्वना, प्रेम, प्रेमिका, प्रेमी, उत्कण्डा, सम्बन्ध, हल्ला, विश्वास, प्रजातन्त्र, हिंसा, बजार, भ्रष्टाचार, उपद्रव, ईश्वर, आक्रोश, सत्ता, इज्जत, त्रास, आखेट, बन्दीगृह, नियति, याचना, स्वरूप, आगत, मौनता, कर्म, साइनो, जिजीविषा, मुक्ति, स्रष्टा, मितेरी, सन्देश, पेशा, दुर्गति, आकाश, स्वतन्त्रता, चुनाव, बुद्धत्व, आशा, निराशा, ममता, प्रतीक्षा, अन्तर्दृष्टि परम्परा, सुरक्षा, सहानुभूति, विजय, बदला, विस्मात, उमेर, मित्रता, दुनियाँ, जीवनी, आकाङ्क्षा, अस्तित्वहीनता, रानीपोखरी, धरहरा, काठमाडौं, आन्मत्रण, फूल, सूल, अभिव्यक्ति, विषकन्या, लीला, बह, जन्म, दासत्व, त्याग, दया, धैर्य, प्रकाश, लक्षाण, जनता, रोष, बिलौना, हार्दिकता, सन्त्रास, विवशता, विरक्ति, हत्या, सदाचार, दुराचार, उत्खनन, योग्यता, सम्प्रभुता, हृदय, करूणा, कायरता, सङ्घर्ष, जुलुस, कफर्यु, सरकार, प्रशासन, कर्तव्य, असङ्गति, चाहना, मोलाहिजा, विज्ञान, विभीषिका, अराजकता, खुशी, बेथिति, दुर्भाव, अनुदान, बुद्ध, कूटनीति, नरमेध, अपकृत्य, प्रवञ्चना, व्यामोह, बिहान, सारङ्गी, अभाव, कृतघ्नता, मनस्ताप, विदीर्णता, रहेका छन् ।

**अनुभूतिका जुलुस**मा मानवीय भावना, विचार, चेतना, चिन्तन, अनुभूति र भोगाइका विविध सन्दर्भहरूलाई प्रतीकात्मक रूपमा, व्यक्त गरिएको छ । यस्ता सन्दर्भहरूलाई प्रतीकात्मक व्यक्त गर्ने क्रममा राखिएका शीर्षकहरू पनि प्रतीकात्मक नै रहेका छन् । समग्र प्रतीकात्मक पङ्ति पुञ्जहरूको समष्टि सङ्ग्रह **अनुभूतिको जुलुस** पनि विशिष्ट अर्थमा प्रतीकात्मक नै रहेको छ । अमर त्यागीको सूत्र कविता कृतिको सूत्र कविताहरूको शीर्षक विधानगत विशेषता निम्नानुसार छन् :

१. जीवन र भोगाइसँग सम्बन्धित अनेक स्वरूपको संयोजन छ ।

२. राष्ट्र, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशसँग सम्बन्धित विविध परिस्थितिको अङ्कन छ ।

३. सामाजिक र सांस्कृतिक मूल्य र मान्यताका विविध रूप-प्रतिहरूको दस्तावेज छ ।

४. नीति, नैतिकता र आदर्शका विविध वास्तविकताको प्रतिचित्र छ ।

५. मानवीय भावना, विचार, चेतना र चिन्तनगत यथार्थको प्रतिबिम्ब छ ।

६. मान्छेका आवेग, संवेग र असङ्गत परिवेशजन्य भावको प्रतिरूप छ ।

७ युगनी जटिलता संवेदनहीनता स्वमूलय विघठनगत तथ्यको प्रतिचछाया छ ।

८. चेतन, अर्द्धचेतन र अचेतन मनका तत्क्षणिक अनुभूतिको प्रतिमूर्ति छ ।

९. प्रगतिवादी, मानवतावादी अस्तित्ववादी र विसङ्गतिवादी मान्यताको प्रतिदृष्टि छ ।

### ४.२.४ 'अनुभूतिको जुलुस' सूत्र कविताकृतिको संरचना

कविता साहित्यको कलात्मक संरचना भएको विधा हो । कवितामा बाह्य र आन्तरिक सांरच्य स्वरूप रहेको हुन्छ । यसको बाह्य संरचनामा लय, गुण, पाउ, चरण वा पङ्क्तिपुञ्ज शब्दगुच्छाको संयोजन आदि पर्दछन् भने आन्तरिक संरचनामा कविको कथनशिल्प वा कविताको मूल भाव विचार वा उद्देश्यहरू पर्दछन् । तसर्थ संरचना विधान कविताको एउटा महत्त्वपूर्ण तत्त्व हो । कविताका चार संरचनात्मक स्वरूप रहेका छन् । ती लघुत्तम, लघु, मझौला र वृहद् रूप हुन् । विश्लेष्य कृति **अनुभूतिको जुलुस** लघुत्तम संरचनात्मक स्वरूपको तीनसय चौबिस कविताहरूको समष्टि रूप हो । यस कृतिका हरेक कविताहरू सूक्ष्म सूत्रात्मक संरचना विधानमा संरचित छन् । अर्थात् हरेक कविताहरू एक लाइनमा संरचित छन् । यस कृतिका सबै कवितामा समापक क्रियाको प्रयोग गरिएको छैन् तथा हरेक कविताहरू क्रियाहिन छन् । कविताको पङ्क्ति पुञ्जमा सूक्तिमय ढाँचाको निर्मिति छ । यसमा हाइकुको निर्मिति पनि अन्तगर्भित छ । रहेक कविता विस्तृत कथनको व्यतिरेकमा सूत्रात्मक कथन हो । स्थूल संरचनाको व्यतिरेकमा सूक्ष्म संरचना हो । खुकुलो बन्धनको व्यतिरेकमा कसिलो बन्धन हो ।[९७]

**दःख**

पुस महिनाको ठिहिरो सिरेटो

**भाग्य**

कर्कलाको पातमा अडिएको पानी

**शिक्षक**

हजारौलाई पार गरिरहने नदी किनारको माझी

**न्ययधीस**

हिउँलाई कालो र अँगारलाई सेतो बनाउने जादूगर

**कर्मचारी**

हरियो परियो चर्न नपाए कामै नगर्ने सरकारी जन्तु ।

सूक्तिमय संचरना रहेको **अनुभूतिको जुलुस** कविता कृतिका हरेक कविताहरू प्रतीकात्मक रहेका छन् अर्थात् हरेक सूत्र कविताहरू प्रतीकात्मक ढाँचामा संरचित छन् । हरेक सूत्र कविता बिम्बात्मक र आलाङ्कारिक छन् । **अनुभूतिको जुलुस**भित्रका सूत्र कविताको संरचनागत विशेषताहरू यस प्रकार रहेका छन् ।

१. सूत्र कविता सूत्रात्मक तथा सूक्रिमय छन् ।

---

[९७] लक्ष्मणप्रसाद गौतम, अनुभूतिको जुलुस, पूर्ववत्, पृष्ठ ९ ।

२. सूत्र कविता एक वाक्यात्मक छन् ।

३. सूत्र कविता सकर्मक क्रियाविहीन छन् ।

४. सूत्र कविता मुक्तकीय वा हाइकु ढाँचाका छन् ।

५. सूत्र कविता प्रतीकात्मक, बिम्बात्मक वा आलाङ्कारिक छन् ।

६. सूत्र कविता तीव्र अनुभूतिपरक छन् ।

७. सूत्र कविता व्यञ्जनाधर्मी वा व्यङ्ग्यार्थी पनि छन् ।

८. सूत्र कविता सूक्ष्म संरचनात्मक स्वरूपका छन् ।

९. सूत्र कविता तृतीय पुरुष कथन पद्धतिमूलक छन् ।

१०. सूत्र कविता कसिला, भरिला र रसिला रूपमा सङ्गठित छन् ।

### ४.२.५ 'अनुभूतिको जुलुस' सूत्र कविताकृतिको विषयवस्तु

कविता रचनाका लागि चयन गरिएको वस्तु नै कविताको विषयवस्तु हो । कविताका विषयवस्तु राष्ट्र, राष्ट्रियता, समाज, संस्कृति, राजनीति, विसङ्गति, विकृति, प्रकृति, मानवीय, प्रवृति, अनुभव, अनुभूति जस्ता अनेकानेक वस्तुस्थिति हुनसक्छन् । कविले कविता रचनाको क्रममा जस्तोसुकै विषय छनौट गर्न स्वतन्त्र रहन्छ । मन चस्स छुने विषयवस्तुलाई टप्प टिपेर कलापूर्ण र प्रभावकारी रूपमा प्रस्तुत गर्ने क्षमता भएका कविले नै विषयवस्तुको सहज ग्रहण गरेका हुन्छन् । कविले ग्रहण गरेको विषयवस्तुको सशक्त र जीवन्त रूपमा संयोजान गर्ने कलालाई विषयवस्तु विधान भनिन्छ । विषयवस्तुको गहनतालाई कलात्मक बान्कीमा प्रस्तुत गर्ने क्षमता नै कवि-कौशल हो । **अनुभूतिको जुलुस** सूत्र कविता कृतिमा विषयवस्तु ग्रहण र संयोजनका दृष्टिले कवि कौशलको उच्च र प्रभावकारी रूपमा प्रर्दशन भएको छ ।

सूत्र कविता सूक्तिमय नवीनतम एक पङ्क्तीय काव्यभेद हो । यो आन्तरिक नव-प्रयोगको अभीप्साको उपज हो । यसमा जीवनमा आइपरेका घटना-दुर्घटना, सामाजिक विकृति-विसङ्गति, युगीन समस्या-पीडा, राष्ट्रिय स्थिति-परिस्थिति, मानवीय मूल्य-मान्यता, राजनीति थिति-बेथिति, स्वाभिमानप्रति आस्था-निष्ठा, प्राकृतिक दृश्य-परिदृश्य, भोगाइका आरोह-अवरोह र जीवनको सत्व-अस्तित्व विषयवस्तु बनेका छन् । यसभित्र मानवीय विचार, भावना, अनुभूति, पीडा, आवेग, संवेग, तथा असङ्गत परिवेश विशिष्ट अर्थमा जुलुसको रूपमा समुपस्थितछन् । यसभित्र भावना, विचार, चेतना, अनुभव र दृष्टिकोणहरूलाई सूत्रैसूत्रैमा उनेर असंपृक्त भावहरूलाई पनि संपृक्त बनाउने प्रयत्न गरिएको छ । यसमा विविध संवेदना, संचेतना, रागात्मकता, भावनात्मकताको सङ्गठन प्रभावकारी रूपमा गरिएकोछ । साथै मानवीय प्रेम, विरह, वेदना, प्रकृति, वैयक्तिकता, सहरिया एवम् ग्रामीण सभ्यता, संस्कृति, संस्कार र स्वत्वको मुक्त, स्वच्छन्द तथा

प्रतीकात्मक प्रस्तुतीकरण नै सूत्र कविताको मूल विषयगत स्वरूप हो । प्राकृतिक, सामाजिक, ऐतिहासिक, पौराणिक क्षेत्रका अनेक बिम्ब, प्रतीक र मिथकको प्रयोग गरी एक वाक्यमा अनुभूति वा दृष्टिकोणको व्यापकतालाई समाहित गर्नसक्नु सूत्र कविताको सृजनात्मक विशेषता हो । सूत्र कविता कृतिका पङ्क्ति पुञ्जहरूमा प्रतीकवादी, अतियथार्थवादी, विसङ्गतिवादी, शून्यवादी, अस्तित्ववादी चिन्तनका स्वरहरू पनि मुखरित छन् । साथै मानवता, समानता, स्वतन्त्रता, मुक्ति, क्रान्ति, विद्रोह, सङ्घर्ष, परिवर्तन र वितण्डाप्रति व्यङ्ग्यपूर्ण विरोध तथा उत्पीडित वर्गप्रति सहानुभूतिका प्रगतिशील भावहरू पनि सूत्रात्मक पङ्क्तिपुञ्जहरूमा प्रतिबिम्बित छन् । एक पङ्क्तीय स्वरूपका संरचनाभित्र पनि विषयवस्तुगत व्यापकता ग्रहण गरी मानवता, सामाजिकता, राष्ट्रियता, विश्वबन्धुता र वर्गीय समानता आदिलाई प्रयोगशील तथा ध्वन्यात्मक पाराले सम्प्रेषित गर्नसक्नु सूत्र कविता रचनाको मूल प्रवृत्तिगत स्वरूप हो । यस्ता सूत्र कविताका केही दृष्टान्तहरू यहाँ प्रस्तुत गर्न सकिन्छ ।

स्वाधीनता
सहिदको चिहानमा फुलेको सुगन्धित फूल
गाउँ
मैत्री, सद्भाव र संस्कृतिको फूलबारी
विवाह
स्वतन्त्र मनहरूको परतन्त्र बन्धन
नागरिकता
अभावमा पनि भजाउन नसकिने चेक
वात्सल्य
चौतारीमा वर पिपलको शीतल छहारी
परिस्थिति
गर्धनमाथि झुण्डिएको धारिलो हतियार
स्वाभिमान
बेकसुर सुलीमा चढाइएको साधु
मानवता
वगरमा गिद्धले लुछिरहेको सिनो

समग्रमा सूत्र कविताको विषय वस्तु विधानमा विविधता रहेको छ । इतिहास, धर्म, दर्शन, प्रकृति, संस्कृति, परिस्थिति, परिवृत्ति, भोगाइ, अनुभव आदिका विविधाङ्गी बान्कीहरूको समष्टि रूप नै सूत्रकविताको विषय वस्तुविधान हो । **अनुभूतिको जुलुस** सूत्र कविताभित्र मानवतावादी भाव, प्रकृतिवादी चिन्तन, प्रगतिवादी मान्यता, व्यङ्ग्य-विद्रोह

चेतना, परिवर्तनको चाहना, समतावादी दृष्टिकोण, स्वमूल्य र मान्यताको पहिचान, राष्ट्रिय गौरवबोध, नारीप्रति सम्मान, प्रणयवादी भावना, जीवनवादी मूल्य-स्थापना र सामाजिक परिवृत्तिगत अनेकानेक विषय वस्तु रहेका छन् । यस सूत्र कविता कृतिका भावबिम्बहरू सङ्गठित रूपमा संयोजित छन् । स्थूलविषयलाई सूक्ष्म रूपमा व्यक्त गर्नसक्ने कौशलछ । अमूर्ततालाई मूर्तता साथ उद्घाटित गर्नसक्ने शिल्प छ । त्यसैले हरेक सूत्र कविताहरू अनुभूतिका एकएक झोक्का हुन् । **अनुभूतिको जुलुस**भित्रका सूत्र कविताका विषय वस्तुगत विशेषताहरू यस प्रकार रहेका छन् :

१. युगीन विकृति, विसङ्गति, जटिलता र संवेदनाहीनताको अभिव्यक्ति छ ।

२. राजनैतिक अस्तव्यस्तता र प्रजातान्त्रिक मूल्यहीनताको उद्घाटन छ ।

३. समस्याग्रस्त राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश र परिस्थितिको चित्राङ्कन छ ।

४. वैयक्तिक जीवन भोगाइका अनुभव, अनुभूति र सामयिक यथार्थको प्रकटीकरण छ ।

५. सङ्कटग्रस्त मानवाधिकार र ह्रासोन्मुख मानवीय अस्तित्वको वर्णन छ ।

६. सामाजिक, आर्थिक र राजनैतिक असङ्गति र बिब्ल्याँटा प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य छ ।

७. राष्ट्र, राष्ट्रियता, स्वाधिमान, स्वमूल्य र स्वगौरवको प्रतिबिम्बन छ ।

८. मानवीय आस्था, निष्ठा, प्रतिष्ठा र आदर्शका सार्थक उद्देश्यहरूको समीकरण छ ।

९. प्राकृतिक, सांस्कृतिक र पारिस्थितिक दृश्य-परिदृश्यहरूको अभिलेखन छ ।

१०. प्रगतिवादी मूल्य मान्यता, स्वतन्त्रता र समानताको अभिव्यञ्जना छ ।

### ४.२.६ 'अनुभूतिको जुलुस' सूत्र कविताकृतिको भाव तथा उद्देश्य

कुनै पनि रचनाको मूल तत्त्व नै भाव हो । भावबिना कुनैपनि रचना पूर्ण हुँदैन । भाव कविताको मेरूदण्ड हो । भावको समुचित संयोजनविना कविता उत्कृष्ट बन्न सक्दैन । तसर्थ कवितामा भाव केन्द्रीय तत्त्व वा मूल विधायक अस्तित्वको रूपमा समाहित भएको हुन्छ । कविताको भाव विधान मानवीय जीवन जगतका यावत् विषय वस्तुलाई अनुभूतिको रागात्मक र कलात्मक निष्कर्षका रूपमा विशिष्ट सन्देश प्रवाह गर्न सक्ने उच्च भावपूर्ण हुनुपर्दछ । भाव कै माध्यमबाट कविताको स्तर निर्धारण हुने हुँदा उच्च उद्देश्य मूलक भाव र कलात्मक प्रस्तुति कवितामा अनिवार्य रूपमा रहनुपर्छ । सृजन प्रक्रियाका क्रममा उठेका विचार तरङ्गलाई कलात्मक स्वरूप प्रदान गरी संवेद्य रूपमा गरिएको संयोजनलाई कविताको उत्कृष्ट भाव तथा उद्देश्य विधान मान्न सकिन्छ । कविताका स्वरूपगत भिन्नता अनुसार भाव विधानगत स्वरूप पनि भिन्न रहेका हुन् । महाकाव्यको भाव विधानगत आयाम विशाल हुन्छ भने खण्डकाव्यको भावविधान खण्डीय स्वरूपको हुन्छ । त्यस्तै फुटकर कविताको भावविधान लघु स्वरूप र

मुक्तकीय संरचनाका कविताको भाव विधान सूक्ष्म स्वरूपको हुन्छ । झन् एक पङ्क्तीय सूत्र कविताको भाव विधान सूक्ष्मतम स्वरूपको हुन्छ ।

संस्कृतका सूक्ति तथा लोक प्रचलित उक्तिहरू एक पङ्क्तीय संरचनाका हुन्छन् तर त्यस भित्रको भाव वा उद्देश्य भने व्यापक र गहन रहेको हुन्छ । एक पङ्क्तीय सूक्ति वा उक्ति कै ढाँचामा प्रतीकात्मक रूपले संरचित भएको हुँदा सूत्रकविताको भाव वा उद्देश्य पनि गहन र व्यापक रहेको देखिन्छ ।एक पङ्क्तिमा एउटा सिङ्गो महाकाव्य, खण्डकाव्य वा फुटकर कवितामा अटाउन सक्ने भाव अन्तगर्भित रहेको छ । त्यसैले पनि एक पङ्क्तीय सूक्तिमय संरचना भएको यस्ता कविताको नामकरण सूत्रकविता गरिएको हो । अनुभूतिको जुलुस भित्रका सूत्र कविताको भाव र उद्देश्यमा विविधता रहेको छ । देश, काल, परिस्थिति, राष्ट्रिय, अन्तराष्ट्रिय, मानवीय जीवन भोगाइका अनेकानेक दृश्य-परिदृश्यहरूको उद्घाटन गर्दै समग्रता यथार्थको पहिचान गराउनु र एउटा समुन्नत समाज, राष्ट्र र विश्वको निर्माणमा सम्पूर्ण मानव जातिलाई उत्प्रेरित गर्नु सूत्र कविताको मूल भाव तथा उद्देश्य रहेको देखिन्छ ।

नेपाली साहित्यमा कविता रचनाको प्रचलित परम्पराभन्दा भिन्न नवीनतम मान्यताको रूपमा सूत्र कविता संरचित भएको देखिन्छ । अनुभूतिको एक झोक्कालाई एक पङ्क्तिमा उन्ने क्रममा देशमा देखिने राजनैतिक विकृति, विसङ्गति, असमानता, अन्याय, अत्याचार, अनाचार, भ्रष्टाचार, कुशासन, कुरीति, अन्धविश्वास आदिलाई छलङ्ग देखाएर समानता, स्वतन्त्रता, सद्भाव, एकता, मानवता, सुव्यवस्था, सुशासन, स्वाभिमान, सहभाव, सहअस्तित्व, र विश्व वन्धुत्वको स्थापना गर्ने सन्देश संवाहन गर्नु नै समग्रतामा अनुभूतिको जुलुस सूत्रकविता कृतिको भाव तथा उद्देश्य विधान हो । सामाजिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय जीवन भोगाइका विविध परिस्थितिहरूको यथार्थ अङ्कन गरेर मानवीय स्वत्व, अस्तित्व र मूल्यको खोजी गर्नु पनि सूत्र कविताको भाव तथा उद्देश्य विधान हो । साथै मान्छेका आवेग, संवेग वा मनोवेगहरूको प्रकटीकरण एवम् संवेदनात्मक अभिव्यक्तिको माध्यमबाट मानवीय तथा राष्ट्रिय महत्ताबोधको चेतना प्रसारण गर्नु र भोगाइको सार्थकतालाई पर्गेलेर जीवनको सर्वोपरि अस्मिताबोधको भाव प्रक्षेपण गर्नु यथार्थमा सूत्र कविताको भाव तथा उद्देश्य विधान हो । यस्ता भाव वा उद्देश्य संयोजित सूत्र कवितात्मक दृष्टान्तहरू यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

राजनीति

पसेपछि निस्कनै नसकिने मायावी पोखरी

भोक

जति निभाए पनि बारम्बार बलिरहने आगो

फेसन

सुन्दर देखिन गरेको नग्नताको कुरूप प्रदर्शन

आफन्त

आफूवरिपरि घुमिरहने आफ्नै सिकारी

महँगी

गरिबको पिठ्यूँमा लादिएको गह्रुङ्गो भारी

समस्या

जोगीको घरमा आएको सन्यासी पाहुना

नेता

छल चलचित्रको सफल अभिनेता

सत्ता

भोका कुकुरहरूका बीचमा रहेको आलो हड्डी

सामाजिक, सांस्कृतिक, परिस्थिति र पारम्परिक बिम्बहरूको माध्यमबाट जीवन, जगत र भोगाइको यथार्थलाई प्रतिबिम्बन गर्नु, समतामूलक मानवीय तथा राष्ट्रिय संचेतना संवाहन गर्नु, सूत्र कविताको सांरच्य भावविधान हो । भौतिकतावादी विकासको उत्कर्ष र त्यसबाट उत्पन्न समस्याका साथै परम्परागत विसङ्गति एवम् बेथितिका कारण उत्पन्न विभेदपूर्ण अवस्थालाई अनवरण गर्दै राष्ट्रिय सार्वभौमिक स्वतन्त्रता र मानवीय महत्ताको प्रतिस्थापन गर्ने चेतना उद्बोधन गर्नु समग्रमा **अनुभूतिको जुलुस** सूत्र कविता कृतिको मूल भाव वा उद्देश्य विधान हो । अनुभूतिको जुलुस सूत्र कविता कृतिभित्रका सूत्र कविताको भाव तथा उद्देश्यगत विशेषताहरू यस प्रकार छन् –

१. मानवीय मूल्य र मान्यताको आदर्शीकृत उद्दीपन छ ।

२. युगीन राजनीतिक विसङ्गतअवस्थाको उद्घोषण छ ।

३. स्वतन्त्रता, समानता र मुक्तिको भावोद्बोधन छ ।

४. आर्थिक र पारिस्थितिक विभेदको उद्भावन छ ।

५. सामाजिक, असामानता वा असङ्गतिजन्य तथ्यको प्रकटन छ ।

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चेतनाको संवाहन हो ।

७. जीवन भोगाइ र अनुभूतिका विविध संवेदनाको उच्छालन छ ।

८. नारीवादी, प्रणयवादी र मानवाधिकारवादी मूल्यको सञ्चालन छ ।

९. कर्म, कर्तव्य र मानवीय निष्ठाको सर्वोपरि संलिष्टि छ ।

१०. प्रगतिवादी, मानवतावादी राष्ट्रवादी र समतावादी महत्ताको उद्भास छ ।

### ४.२.७ 'अनुभूतिको जुलुस' सूत्र कविताकृतिमा बिम्बालङ्कार

कुनै पनि रचनाको वाह्यान्तिक सौन्दर्य बढाउने प्रशाधनलाई बिम्ब, प्रतीक वा अलङ्कार भनिन्छ । कविता भाषिक अभिव्यञ्जनायुक्त सौन्दर्यमूलक साहित्यिक भेद भएको हुँदा यसमा बिम्ब, प्रतीक, वा अलङ्कार विधानको विशिष्ट महत्त्व रहेको हुन्छ । बिम्ब भन्नाले प्रतिमा, छाया, प्रतिबिम्ब, प्रतिकृति, प्रतिरूप, प्रतिच्छवि, प्रतिच्छाया, मूर्तिमत्ता, चित्रात्मकता, मानसिकचित्र, प्रत्यङ्कित रूप, दर्पण, सादृश्य वा समानता भन्ने बुझिन्छ भने प्रतीक भन्नाले सङ्केत, चिन्ह, लक्षण, वा निसााना भन्ने हुन्छ । त्यस्तै अलङ्कार भन्नाले सामान्य अर्थमा गहना वा आभूषण र विशेष अर्थमा सौन्दर्य वा वैदग्ध्यपूर्ण चमत्कार सृजना गर्ने प्रशाधन भन्ने हुन्छ । कवितालाई भावपूर्ण, चमत्कारपूर्ण वा व्यञ्जनापूर्ण बनाउने वा कवितात्मक सृजन वैशिष्ट्यलाई ओजस्वितामय बनाउने प्रशाधनलाई बिम्बअलङ्कार भनिन्छ । कविता सृजनप्रक्रियामा बिम्बात्मक प्रतिच्छाया वा मानसिक चित्रलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दा उत्पन्न हुने सौन्दर्य वा वैदग्ध्यबाट आलाङ्कारिकता उत्पन्न हुन्छ र कविता ओजस्वी बन्छ । यस्ता बिम्बमय वा प्रतीकमय भाषिक अभिव्यञ्जनाबाट उत्पन्न हुने अलङ्कार शब्दगत र अर्थगत अलङ्कारले दुवै रूपमा रहेका हुन्छन् । शब्दगत अलङ्कारले शाब्दिक सौन्दर्य र अर्थगत आर्थी सौन्दर्यलाई जनाउँछ । यस्ता शब्दालङ्कार र अर्थालङ्कारका पनि अनेक भेद रहेका छन् । भावाभिव्यक्तिको लाक्षणिकताबाट अलङ्कार विधान संयोजित हुने हुँदा कवितालाई अलङ्कारले सौन्दर्यपूर्ण बनाउँछ ।

सूक्तिमय अभिव्यक्तिको रूपमा आएको सूत्रकविता लाक्षणिक वा व्यञ्जनामूलक हुन्छ । अनुभूतिको जुलुस कृतिभित्रका तीनसय चौबिसवटै कविताहरू बिम्बात्मक भावच्छायामा संरचित छन् ती प्रतीकात्मक रूपमा भावाभिव्यञ्जित पनि छन् । बिम्बात्मक वा प्रतीकात्मक भावाभिव्यञ्जनावाट आलाङ्कारिक रूपमा सुशोभित पनि छन् । सार्वकालीक र सार्वदेशीय स्वरूपका पारम्परिक, पौराणिक, सामाजिक, प्राकृतिक र पारिस्थिक बिम्ब र प्रतीकहरूको सफल समायोजन यस कृति रहेको छ । त्यस्तै अनेक पौराणिक तथा आद्य बिम्बहरूको समेत यस कृतिमा प्रयुक्ति रहेको छ । सूत्रकविताका हरेक शीर्षक एक एकवटा बिम्बहरू हुन् ती बिम्बहरू कवितामा प्रतीकात्मक रूपमा प्रयुक्त छन् । अनन्त परिभाषाका रूपमा प्रष्टिने एउटा एउटा बिम्ब नै एउटा एउटा सूत्र कविता हो । अनुभूतिका तात्क्षणिकतालाई प्रतीकात्मक रूपमा उतार्दा हरेक सूत्र कविता आलङ्कारिक बनेका छन् र आलाङ्कारिक अभिव्यक्ति शब्दगत र अर्थगत दुवै रूपमा प्रकटित छन् । सूत्र कवितामा कोमल, शीत, निलो, चम्किलो, उज्यालो, अँध्यारोजस्ता सरल बिम्ब दया, सत्य, विचार, सपना, विपना, धर्म, भोक, अभिसारजस्ता तात्कालीक बिम्ब, गोष्ठी, इच्छा, साहस, सदिच्छा, मोहजस्ता विकीर्ण, बिम्ब, अर्थनीति, रानीपोखरी,

कूटनीति, विषकन्या, रक्त क्रान्तिजस्ता संयुक्त बिम्ब बालुवाको महल, सन्यासी पाहुना, समस्याको कारागारजस्ता मिश्रबिम्ब, भद्र, सत्य, मातृत्व, वात्सल्य, शालीन, करूणजस्ता अमूर्त बिम्ब, इमान्दार प्रेम, चैतन्य सेतुबन्ध, परतन्त्र, बन्धनजस्ता संयुक्त अमूर्त बिम्बको संयोजन पाइन्छ । त्यस्तै सपना, विपना, घर, परिवार, झझल्को, ढोग, नागरिकता जस्ता परम्परागत प्रतीकका साथै कटाक्ष, श्रद्धा, मैत्रीत्व, विमति, पौरुषता, चिन्ताजस्ता वैयक्तिक प्रतीक, फूल, भमरा, बिहान, सन्ध्या, वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त, शिशिरजस्ता प्राकृतिक प्रतीक, गान्धी, मण्डेला, पासाङ, वुद्ध, टेरेसा, सुकरात, लादेन, बुसजस्ता मानवीय प्रतीकको संयोजनले सूत्र कविताहरू व्यञ्जना तथा व्यङ्ग्यधर्मी बनेका छन् । त्यसैगरी शब्दालङ्कार अन्तर्गत अनुप्रास, यमक, श्लेष, वक्रोक्ति र पुनरूक्तवदाभास तथा अर्थालङ्कार अन्तर्गत, उपमा, दृष्टान्त, उत्प्रेक्षा, लोकोक्ति, स्वाभावोक्ति, संसृष्टि, समासोक्ति, अतिशयोक्ति अलङ्कारहरू सशक्त रूपमा संयोजित छन् । यस्ता बिम्ब, प्रतीक र अलङ्कार विधानको समायोजनबाट हरेक सूत्र कविताहरू लाक्षणिक रूपमा भाव गाम्भीर्य, श्रुति माधुर्य र शिल्प चातुर्यपूर्ण बनेका छन् ।

अमर त्यागी
परिस्थितिको चक्रव्यूहमा फसेको अभिमन्यु
जिन्दगी
डेबिट क्रेडिट नमिलेका केरमेट बासलात
चाहना
बगरमा बनाइएको बालुवाको महल
भाग्य
कर्कलाको पातमा अडिएको पानी
आतङ्क
उत्पात उत्कर्षक उद्वेगको उदण्डऊर्मि
समस्या
जोगीको घरमा आएको सन्यासी पाहुना
सम्प्रभुता
सर्वदा सर्वोपरि सञ्चेतनाको सुस्थिर सगरमाथा
विज्ञान
बाज र परेवाको चल्ला सँगै कोरल्ने माउपोथी

**अनुभूतिको जुलुस**भित्रका हरेक सूत्र कवितामा बिम्बात्मक, प्रतीकात्मक र आलाङ्कारिक भावाभिव्यञ्जना रहेको छ । एउटै पङ्क्तिमा एउटा सिङ्गो भावाभिव्यक्तिलाई लाक्षणिक रूपमा सम्प्रेषित गर्दा बिम्ब, प्रतीक र अलङ्कार स्वतःस्फूर्त

रूपमा संयोजित भएको छन् र यस्ता बिम्ब, प्रतीक र अलङ्कारहरू स्वाभाविक रूपमा स्वतः सहज र सर्वग्राहय रूपमा आएका छन् । सूत्र कविता स्वतःस्फूर्त रूपमा प्रकट भएका यस्ता बिम्बादिले कवित्व शक्तिको पहिचान दिनाका साथै भाव, शिल्प र प्रस्तुतिमा समेत गहनता थपिएको छ । **अनुभूतिको जुलुस** कृतिमित्रका सूत्र कविताको बिम्बालङ्कार विधानगत विशेषताहरू यस प्रकार छन् :

१. अनेक बिम्ब, प्रतीक र मिथकहरूको प्रयुक्ति हो ।
२. प्रयुक्त बिम्ब र प्रतीकहरूबाट आलाङ्कारिक भावको निर्मिति छ ।
३. बिम्बालङ्कारको संयोजनबाट व्यञ्जनात्मक अभिव्यक्तिको उपस्थिति छ ।
४. शाब्दी र आर्थी दुवै अलङ्कारको सबल समन्विति छ ।
५. अनुप्रास, यमक, श्लेष, पुनरुक्तवदाभास र वक्रोक्तिपूर्ण अभिव्यक्ति छ ।
६. उपमा, उत्प्रेक्षा, रूपक, दृष्टान्त, अतिशयोक्ति र लोकोक्तिको संयुक्ति छ ।
७. माधुर्य, ओज र प्रसाद गुणयुक्त रीतिको प्रविष्टि छ ।
८. भावगाम्भीर्य शिल्पसौन्दर्य र अर्थचातुर्यपूर्ण ओजस्विता छ ।
९. कलात्मक रचनाविधानगत उत्कर्षतिर उन्मुख छ ।
१०. बिम्ब, प्रतीक, मिथक् र अलङ्कारको प्रयुक्ति स्वाभाविक छ ।

### ४.२.८ अनुभूतिको जुलुस सूत्र कविताकृतिको भाषाशैली

भाषा भावाभिव्यक्तिको सशक्त माध्यम हो । भाषाको माध्यमबाट साहित्यिक कृतिको रचना गरिन्छ । साहित्यका सबै विधाको अभिव्यक्ति भाषाकै माध्यमबाट गरिएको हुन्छ । साहित्यिक भाषा विशिष्ट प्रकारको हुन्छ । त्यसमा पनि कविताको भाषा, सूक्ष्म, लयात्मक, रागात्मक, कलात्मक र विशिष्ट अभिलक्षणायुक्त हुन्छ । त्यसैगरी भावाभिव्यक्तिको विशिष्ट ढाँचा, तरिका, ढङ्ग, विधि, पद्धति वा प्रक्रियालाई शैली भनिन्छ । भाषिक सुसङ्गठनको माध्यमबाट विचार वा भावलाई रसात्मक, रागात्मक, लालित्यमय वा माधुर्यपूर्ण सम्प्रेषण कला नै शैली हो । यसर्थ भाषा र शैलीबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । साहित्यका गद्य र पद्य दुई किसिमका शैली हुन् । त्यस्तै अभिधार्थ, लक्षणार्थ र व्यञ्जनार्थजस्ता शब्द शक्तिमा पनि भाषा शैलीगत विशेषता अन्तगर्भित रहेको हुन्छ ।

कविताको भाषा लाक्षणिक हुन्छ भने शैली व्यञ्जनात्मक हुन्छ अर्थात् कविताको भाषाशैली विशिष्ट प्रकारको आलाङ्कारिक हुन्छ । झन् सूत्र कविताको भाषाशैली सूक्ष्म व्यञ्जनार्धी प्रतिकात्मक हुन्छ । अनुभूतिको जुलुस एक पङ्क्तिमा संरचित सूक्तिमय भावभिव्यक्ति भएको सूक्ष्मतम स्वरूपको सूत्र कविताहरूको सङ्ग्रह हो । यसका हरेक कविता प्रतीकात्मक भाषिक विधानमा संरचित छन् । आर्थी व्यञ्जनाका वाच्यार्थ, लक्ष्यार्थ

र व्यङ्ग्यार्थबोधक भाव विधान संरचित हरेक सूत्र कवितामा सुललित पदपदावलीयुक्त भाषिक सङ्गठन गरिएको छ भने श्रुतिमधुर, तरल, प्रवाहमय, प्रतीकात्मक र आलाङ्कारिक शैलीशिल्पको सुसंयोजन रहेको छ । एउटा गहन बिम्ब वा प्रतीकको माध्यमबाट अनुभूतिको एक झोक्कालाई आलाङ्कारिक रूपमा सम्प्रेषण गर्नु नै सूत्र कविताको भाषाशैलीगत विशेषता हो । व्यापक विषयलाई एकै पङ्क्तिमा अटाएर सूक्ष्म सूक्तिमय रूपमा भावको प्रकटन गर्नसक्नु पनि सूत्र कविताको भाषाशैलीगत स्वरूप हो । विषय वस्तुको तात्क्षाणिक अनुभूतिलाई सम्प्रेषित गर्ने क्रममा सूत्रकविता तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरू स्वतस्फूर्त रूपमा प्रयुक्त भएका देखिन्छन् । विशेषतः तत्सम शब्दहरूको प्रयोगाधिक्य रहेको सूत्र कवितामा शब्द संयोजनकला पनि वाच्यार्थ वा व्यङ्यार्थमय रहेको छ । चक्रव्यूह, अभिमन्यु, सद्भाव, निर्झर, अनवरत, शिष्ट, सहभाव, संसृष्टि, दीपशिखा, अकर्मण्यता, कटाक्ष, लिप्सा, सङ्कीर्ण, प्रकल्पना, अविचलन, अविकल, दृष्कृत्यजस्ता अनेकानेक तत्सम शब्दहरू चैत, बिम्ब, काम, धाम, रगत, मासु, भात, गाउँ, आँसु, आगो, सेतो, गाईजस्ता अनेक तद्भव शब्दहरू एवम् डेबिटक्रेडिट, गरिब, कसुर, जोखिम, जागिर, सहर, वकिल, डाक्टर, न्याय, चेक, सहिद, कानुन, इमान, बेवारिस, सुकरात, मण्डेला, लादेन, बुस, सरकार, दरबार, कारागार, बन्धन, अपराध, बेकसुर, क्यानभासजस्ता विभिन्न आगन्तुक शब्दहरूलाई प्रतीकात्मक र बिम्बात्मक रूपमा सूत्र कवितामा संयोजन गरिएको छ । सूत्र कविताहरू व्यञ्जनात्मक, प्रतीकात्मक आलाङ्कारिक भाषिक तथा शैल्पिक वस्तु सङ्गठनमा संरचित भए पनि सरल र संवेद्य छन् । तरल, प्रवाहमय र प्रभावपूर्ण मुक्त गद्यात्मक भाषा शैली प्रयुक्ति रहेकाले हरेक सूत्र कविताहरू बोधगम्य र सौन्दर्यमय रहेका छन् । भाषा शैलीगत दृष्टान्तका रूपमा केही सूत्र कविताहरूलाई प्रस्तुत गर्नु यहाँ सान्दर्भिक ठहर्छ ।

नैतिकता

सदाबहार सच्चरित्रता संरचनाको आधारशीला

अहमन्यता

नशा नखाएरै लागेको नशालु मात

मुक्ति

पिँजडाबाट छुटेको पन्छीको स्वच्छन्द उडान

सार्वभौमिकता

मुलुकको मुटु चलायमान राख्ने अदृश्य शक्ति

दुर्भावना

मनको आकाशमा फैलिएका प्रदूषणको तुवाँलो

शान्ति

बाजहरूको पञ्जामा छट्पटाइरहेको परेवा
स्वाभिमान
बेकसुर सुलीमा चढाइएको निरीह साधु
इमान
सस्तो मूल्यमा बिक्री भइरहेको महँगो वस्तु
सदाचार
स्वस्थ सहभाव समन्वितिको स्वच्छ सद्भाव संवृत्ति

**अनुभूतिको जुलुस**भित्रका सूत्रकविताको भाषाशैली बिम्बात्मक, प्रतीकात्मक र आलाङ्कारिक रहेको छ । त्यस्तै शाब्दी र आर्थी व्यञ्जनाधर्मी भाषिक योजना अन्तर्गत वा व्यञ्जनामूलक सौन्दर्ययुक्त शैल्पिक भावविधानको समेत सूत्र कवितामा कुशल समायोजन गरिएको छ । एउटै वर्षासमूह भिन्न भिन्न अर्थमा शब्दैपिच्छे क्रमिक रूपमा प्रयोग गरेर कतिपय सूत्र कवितामा साङ्गीतिक झङ्कारसमेत सृजना गरिएको छ । यसर्थ सूत्र कविताको भाषा शैली विशेष प्रकारको लाक्षणिक अभिव्यञ्जनायुक्त र आलाङ्कारिक रहेको छ । अनुभूतिको जुलुस कृतिभित्रका सूत्र कविताको भाषा शैलीगत विशेषताहरू यस प्रकार छन् –

१. स्वतन्त्रता वा स्वच्छन्द सृजन-पद्धतिको समन्वयन छ ।
२. सरल, सहज र सम्प्रेषण भाषाशैलीको प्रयोग छ ।
३. भाव र शिल्पबीच अन्योन्याश्रित अन्तर्सम्बन्ध छ ।
४. तरल प्रवाह, साङ्गीतिक झङ्कारलय सौन्दर्यप्रतिको अनुराग छ ।
५. अमूर्तताभित्र पनि मूर्त र यथार्थपरक संसृष्टितिरको उन्मुखता छ ।
६. अभिधात्मक, व्यञ्जनात्मक र लक्षणात्मक प्रवृत्तिको प्रस्तुति छ ।
७. अवचेतन मनको तात्क्षणिक अनुभूतिको बिम्बात्मक कथन छ ।
८. आलाङ्कारिक भाषिक संरचनात्मक मूर्तिकरण छ ।
९. परम्पराभन्दा भिन्न भाषा शिल्पगत स्वरूपको प्रयोग छ ।
१०.कथ्य र भावबीच नवीनतम सौन्दर्यपूर्ण अभिव्यञ्जनाको संयोजन छ ।

### ४.२.९ अनुभूतिको जुलुस सूत्रकविताकृतिको प्रवृत्तिगत विशेषता

हरेक साहित्यिक सृजनाको आआफ्नै प्रवृत्तिगत मूल्य र महत्ता रहेको हुन्छन् । हरेक सृजनाको वैयक्तिक उद्देश्य र महत्त्व रहेको हुन्छ । विधागत भिन्नता अनुसार त्यसका आयाम र प्रवृत्ति पनि भिन्न भिन्न हुनसक्छन् । कविता रागात्मक, भावात्मक र संवेदनात्मक साहित्यिक भेद हो । कविताको सृजन परम्परा अनुसार त्यसको प्रवृत्ति वा विशेषता पनि भिन्न हुन सक्छन् । वीर, भक्ति, शृङ्गार, परिष्कार, स्वच्छन्द भाव धारागत

प्रवृत्ति हुँदै नेपाली कविता प्रयोगवादी मान्यताबाट समसामयिक सञ्चेतनावादी मोडमा उभिएको छ । यसर्थ वर्तमान नेपाली कविताको मूल प्रवृत्ति भनेको सञ्चेतनावादी मोड हो । यही सञ्चेतनावादी मोडमा रचिएका सूत्र कविताहरूमा राष्ट्रिय, अन्तर्राष्ट्रिय र मानवीय सञ्चेतनावादी भावधारा अन्तर्गर्भित छ । अस्तित्ववादी, विसङ्गतिवादी, मानवतावादी, प्रगतिवादी, राष्ट्रवादी र सामाजिक वस्तुवादी मूल्य र महत्ताको उद्बोधन नै **अनुभूतिको जुलुस** सूत्र कविताकृतिको मूल प्रवृत्तिगत विशेषता हो । विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको माध्यमबाट सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, व्यावहारिक विसङ्गति र विकृतिको उद्घाटन गर्दै स्वमूल्य, स्वमान्यता, स्वप्रतिष्ठा, स्वाधिकार, स्वाधीनता र समानता स्थापनाको सन्देश संवाहन गर्नु सूत्र कविता कृतिको प्रवृत्तिगत विशेषता हो र यस विशेषताले हरेक सूत्र कविताहरू ओतप्रोत छन् ।

### ४.२.१० निष्कर्ष

आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी प्रगतिवादी धारापछि आएको प्रयोगवादी दुरूहताको विरुद्धमा समसामायिक धारा विकसित भएको हो । समसामायिक धाराको उत्तरार्द्धमा सञ्चेतनावादी प्रवृत्ति विकसित भएको छ । यही सञ्चेतनावादी मोडमा प्रयोगवादी मान्यतालाई समसामायिक सहजतामा ढालेर सूत्र कविताको रचना गरिएको देखिन्छ । सूत्र कविताका प्रणयन युवाकवि अमर त्यागीले गरेका हुन् । संस्कृतका भावपूर्ण सूक्ति, लोक प्रचलित गहन अर्थपूर्ण उक्ति, नेपाली कविता परम्पराका छेस्का, चोइटा एवम् जापानी मूलका हाइकु आदिको प्रभावमा एक हरफको सूत्र कविताको प्रणयन गरिएको देखिन्छ। सूत्र कविता एउटा सिङ्गो भावाभिव्यक्तिलाई एकै हरफमा समेटेर लाक्षणिक रूपमा सम्प्रेषित गर्ने आन्तरिक अभीप्साको उपज हो । अनुभूतिको एक झोक्कालाई सूक्ष्म सूक्तिमय ढङ्गले प्रस्तुत गर्नु यसको विशेषता हो अर्थात् अनुभूतिका जुलुसभित्रका हरेक सूत्र कविताहरू अनुभूतिका एकएक झोक्का हुन् । भावनाका एकएक झुल्का हुन् । चेतनाका एकएक झल्का हुन् । एउटा सिङ्गो भावाभिव्यक्तिलाई एकै हरफमा उतार्ने उद्देश्यमा सूत्र कवि अमर त्यागी सफल रहेका छन् । उनको यस प्रणयनले नेपाली कविताको क्षेत्रमा कान्छो प्रयोगको रूपमा प्रतिष्ठा प्राप्त गरेको छ ।

# पाँचौं अध्याय
# शोधसार तथा निष्कर्ष

## ४.१ शोधसार

"अमर त्यागीका कविता कृतिहरूको अध्ययन" शीर्षकको यस शोध-पत्रलाई सुव्यवस्थित बनाउन पाँच अध्यायमा विभाजन गरिएको छ । हरेक अध्ययभित्र पर्न विभिन्न बुँदागत उपशीर्षकहरू रहेका छन् । अध्याय एकको मूल शीर्षक शोधपरिचय रहेको छ र यसभित्र शोध शीर्षक शोध पत्रको प्रयोजन, शोधपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोध कार्यको क्षेत्र र सीमा, शोधविधि र शोधपत्रको रूपरेखाजस्ता बुँदागत उपशीर्षकहरू रहेका छन् । यस अध्यायमा शोधकार्यको प्रारूप निर्माण गरिएको छ ।

दोस्रो अध्यायको मूलशीर्षक अमर त्यागीको जीवनी, व्यक्तित्व र साहित्य यात्रा रहेको छ । यसभित्र जन्म र पुर्ख्यौली, बाल्यकाल र शिक्षादीक्षा, पारिवारिक स्थिति, विवाह र दाम्पत्य, बसोबास र आजीविका, कार्यक्षेत्रमा प्रवेश र जागिरे जीवन, साहित्यमा प्रवेश र निरन्तरता, सङ्घ-संस्था स्थापना र सञ्चालन, पत्रकारिता क्षेत्रमा गरेको कार्य, जीवनका अविस्मरणीय घटना, पुरस्कार र सम्मान, भ्रमण रुचि र जीवनदर्शनजस्ता उपशीर्षकहरू रहेका छन् ।

यस अध्यायमा अमर त्यागीका जीवनीका विविध झाँकीहरूलाई देखाइएको छ । त्यसैगरी अमर त्यागीको निजी व्यक्तित्वअन्तर्गत शारीरिक व्यक्तित्व, र स्वभावगत व्यक्तित्व सार्वजनिक व्यक्तित्वअन्तर्गत साहित्येतर व्यक्तित्वमा सामाजिक व्यक्तित्व, शिक्षक-प्राध्यापक व्यक्तित्व, सङ्घसंस्था सञ्चालक व्यक्तित्व र सम्पादक पत्रकार व्यक्तित्व तथा साहित्यिक व्यक्तित्वको स्रष्टा व्यक्तित्वमा कवि, गजलकार ताङ्काकार र कथाकार व्यक्तित्व एवम् द्रष्टा व्यक्तित्वमा समालोचक, पुस्तक समीक्षक र भूमिकाकार व्यक्तित्व जस्ता बुँदागत उपशीर्षकहरू रहेका छन् । यस खण्डमा अमर त्यागीका व्यक्तित्वका विभिन्न पाराहरूलाई देखाउने काम गरिएको छ ।

तेस्रो अध्यायको मूल शीर्षक कविता सिद्धान्तको परिचय रहेको छ । यसभित्र कविताको परिचय र परिभाषा, पाश्चात्य साहित्यका सन्दर्भमा कविताको परिभाषा, पूर्वीय साहित्यका सन्दर्भमा कविताको परिभाषा, नेपाली साहित्यका सन्दर्भमा कविताको परिभाषा कविताको स्वरूप, लघुत्तम स्वरूप, लघुस्वरूप मझौला स्वरूप, वृहत् स्वरूप, कविताका संरचक घटकहरूमा विषय वस्तु, भाव विधान, विम्ब विधान, लय विधान, शैली विधानजस्ता बुँदागत उपशीर्षकहरू रहेका छन् । यस अध्यायमा कविताको सैद्धान्तिक

स्वरूपलाई देखाउने प्रयत्न गरिएको छ । अमर त्यागीको साहित्य यात्रा भित्र अमर त्यागीको परिचय, अमर त्यागीको साहित्य यात्राको चरण विभाजन, प्रथम चरण र प्रवृत्ति, द्वितीय चरण र प्रवृत्ति, अमर त्यागीको मूल काव्यप्रवृत्तिजस्ता बुँदागत उपशीर्षकहरू रहेका छन् । यस खण्डमा अमर त्यागीको साहित्यिक सृजनपरम्परा र प्रवृत्तिगत विशेषतालाई निरूपण गर्ने प्रयत्न गरिएको छ ।

चौथो अध्यायको मूल शीर्षक अमर त्यागीका कविता कृतिहरूको विश्लेषण रहेको छ र यसभित्र अमर त्यागीका दुई कविता कृति **अक्षरहरूको देश** र **अनुभूतिको जुलुस**को परिचय, शीर्षक, संरचना, विषयवस्तु, भाव तथा उद्देश्य, बिम्बालङ्कार, भाषाशैलीविधान, प्रवत्तिगत विशेषताजस्ता बुँदागत उपशीर्षकहरू रहेका छन् । यस अध्यायमा अमर त्यागीका कविता कृतिहरूको कविता तत्वको आधारमा विश्लेषण गर्दै मूल प्रवृत्तिको निरूपण गरिएको छ ।

पाँचौं अध्यायको मूल शीर्षक शोधसार र निष्कर्ष रहेको छ र यसभित्र पहिलो खण्डमा शोधको सार रहेको छ भने दोस्रो खण्डमा शोधको निष्कर्ष रहेको छ । अन्त्यमा प्रमुख पुस्तक पत्रिका र शोधपत्र सूची तथा शोध नायकको व्यक्तिगत विवरण समावेश गरी शोध पत्रलाई पूर्णता प्रदान गरिएको छ ।

## ५.२ निष्कर्ष

नेपाली साहित्यको आधुनिक कालको उत्तरवर्ती कालखण्डको चालीसको दशकमा काव्य सृजनाको माध्यमबाट साहित्यिक क्षितिजमा उदाएका अमर त्यागीको जन्म विक्रमाब्द २०२५ भाद्र कृष्णाष्टमीका दिन ओखलढुङ्गाको यसम गा.वि.स. वडा नं ९, मभ्फुवामा भएको हो । रणवहादुर श्रेष्ठ र लक्ष्मी श्रेष्ठका जेष्ठ सुपुत्रको रूपमा जन्मेका त्यागीको बाल्यकालको पूर्वाद्ध चरण सगोलकै परिवारमा रहेका कारण सुखद र उत्तरार्द्ध चरणमा परिवारिक कलहपछि छुट्टीभिन्न भएका कारण दुखद रहेको देखिन्छ । बाल्यकालमै मातृ वियोगको पीडा भोग्नुपरेका त्यागीले गाउँकै विद्यालयबाट प्राथमिक तहको शिक्षा आर्जन गरी बाराको कलैयामा स्थानान्तरित भई प्रवेशिका, प्रमाणपत्र तह, स्नातक तह र चितवनबाट स्नातकोत्तर तहसम्मको शिक्षा हासिल गरेका हुन् । तराई आन्दोलनपछि काठमाडौंमा स्थानान्तरित भई विद्या वारिधि तहको शिक्षा ग्रहणमा तल्लीन रहेका त्यागीले बाराको कलैयामा अध्यापन पेशामा संलग्न भई विभिन्न निजी माध्यमिक विद्यालयहरू हुँदै हाल उच्च माध्यमिक र कलेज स्तरीय प्राध्यापन पेशामा संलग्न रहेका छन् ।

सामान्य किसान परिवारमा जन्मेर जीवन, प्रकृति, संस्कृति, परम्परा र वर्तमानलाई आफ्नै किसिमले बुझ्दै र भोग्दै जीवन यापन गरि रहेका त्यागीको २०५०

सालमा सामाजिक परम्परा अनुसार अन्तर्जातीय विवाह सम्पन्न भएको थियो र उनका हाल पुत्ररत्नको रूपमा एउटा सन्तान रहेको छ । उनकी जीवन सङ्गिनी जुनु क्षेत्री पनि नेपाली विषयमा स्नातकोत्तर गरेकी एक नारी बुद्धिजीवीका साथै नेपाली साहित्यकी एक सशक्त नारी सर्जक रहेकी हुनाले त्यागीको पारिवारिक जीवन सौहार्दपूर्ण रहेको छ । बाल्य कालदेखि नै त्यागी भावुकर चिन्तनशील व्यक्तिका रूपमा रहेका देखिन्छन् । उनी कक्षा ३ मा पढ्दादेखि नै कविता सृजनामा प्रवृत्त भएका हुन् । तीन कक्षामा पढ्दा विकास शीर्षकको कविता रचेर गाउँ सभामा सुनाउँदा उनी पुरस्कृत समेत भएका थिए । कलैया स्थानान्तरित भएर संस्कृत विद्यालयमा भर्ना भई पढ्दा संस्कृतका मीठा सूत्रहरू रट्ने र अर्थ लगाउने प्रवृत्तिबाट प्रोत्साहित भएर सूक्तिमय मोती शीर्षक कविता रचेर कवि गोष्ठीमा सुनाउँदा पनि उनी पुरस्कृत भए । यसपछि उनी कविता सृजनामा तल्लीन भएका उनका अनेक फुटकर कविताहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित हुँदै गए । नेपाली साहित्यमा आएको गजल लेखन परम्परामा समाहित भएर उनी यस विधाको लेखन र अनुसन्धानमा समेत संलग्न भई अग्रणी गजलकार र गजल चिन्तकको रूपमा समेत स्थापित भए । नयाँ नयाँ लेखनमा अभिरूचि राख्ने त्यागी जापानी मूलको हाइकु, ताङ्का र सेदोका लेखनमा समेत सङ्लग्न भए भने संस्कृतका सूक्ति, नेपालीका उक्ति, छेस्का, चोइटा, अणु कविता लेखन परम्पराबाट प्रभावित भएर कविताको सबैभन्दा भिन्न र सूक्ष्म स्वरूप रहेको एक हरफको सूत्र कविताको प्रणयन गरेर प्रयोगवादी कविको रूपमा समेत स्थापित भए । उनका **बाँसुरीमा आँसुको गीत** (२०५७), गजलकृति, **अक्षरहरूको देश** (२०५८), कविताकृति, **अनुभूतिको जुलुस** (२०६०), सूत्र कविताकृति **अभियुक्त ईश्वर** (२०६२) ताङ्काकृति प्रकाशित छन् भने आधा दर्जन कृतिहरू प्रकाशनको तयारीमा छन् ।

बारा जिल्लामा रहँदा भाषा साहित्यको उत्थानका लागि उनले साहित्यिक सङ्घ - संस्थाको गठन र सञ्चालन, पत्र-पत्रिका र कृतिहरूको सम्पादन र प्रकाशन पुरस्कारको स्थापना र सञ्चालन समेत गरेका थिए । यस क्रममा बारा साहित्य परिषद्का सचिव, बारा वाङ्मय प्रतिष्ठानका सचिव, देवकोटा स्मृति सभाका महा-सचिव, नारायणी वाङमयप्रतिष्ठानको सचिव, नेपाल भोजपुरी प्रतिष्ठानका प्रमुख सल्लाहकार, नेपाली आख्यान समाजका सदस्य, नेपाल भोजपुरी प्रतिष्ठानको सदस्यको रूपमा साहित्यिक सङ्घ-संस्थामा उनी सक्रिय रहेका थिए । हाल उनी नेपाल कोरिया साहित्य समाजका सदस्य, नेपाल हाइकु महासङ्घका महासचिव, अभिज्ञान आन्दोलनका उपाध्याक्ष, गजल गुँडका अध्यक्ष, रणलक्ष्मी पुरस्कार र मूर्च्छना गजल सम्मानका संस्थापक र सञ्चालकका रूपमा सङ्लग्न छन् । नेपाली भाषा साहित्यमा उनले गरेको योगदान स्वरूप उनी प्रतीक कथा पुरस्कार, अस्तित्व साहित्यमा सम्मान, नारायणी वाङ्मय पुरस्कार, वीसाप काव्य

पुरस्कार, राष्ट्रिय वाङ्मय सम्मान, सूत्रस्रष्टा सम्मान, गजल गौरव सम्मानबाट सम्मानित-पुरस्कृत समेत भएका छन् ।

समसामायिक नेपाली कविताको उत्तरार्द्ध कालखण्डको सञ्चेतनावादी मोडका प्रयोगवादी-प्रगतिवादी भावधाराका एक सचेत कविका रूपमा अमर त्यागी परिचित छन् । अमर त्यागीका आफ्नै मौलिक रचनाशैली रहेको छ । मानवीय जीवन, जगत र भोगाइका विविध झाँकीहरूलाई कवितामा उतारेर प्रस्तुत गर्नु उनको लेखनको अभीष्ट देखिन्छ । उनका कविता कृतिहरूको शीर्षक, संरचना, विषय, भाव, बिम्बालङ्कार र भाषाशैलीमा विविधता र सशक्तता रहेको छ । विषयवस्तुगत, भावगत, र शैलीशिल्पगत उच्चताले उनको कवित्वलाई माथि उठाएको छ । बाह्यान्तरिक संरचनागत सबलता र प्रस्तुतिगत लाक्षणिकताका कारण उनका कविता कृतिहरू उच्च कोटिका बनेका छन् । कतै कतै भावको पुनरावृत्ति र अभिव्यक्तिगत अस्पष्टताबाहेक उनको काव्य सृजनालाई खोट लगाउने ठाउँ छैन । राष्ट्रिय, अन्तर्राष्ट्रिय र मानवीय मूल्य मान्यता र महत्ताबोध तथा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक विकृतिजन्य विभेदको अन्त्य र स्वाधीन र समतामूलक राष्ट्रनिर्माणको भाव उनका कविताको मूल प्रवृत्ति हो । विसङ्गतिवादी, अस्तित्ववादी, मानवतावादी, प्रगतिवादी र प्रयोगवादी मान्यता र प्रवृत्तिद्वारा अमर त्यागीका कविता कृतिहरू अनुप्राणित छन् । अमर त्यागी समसामायिक नेपाली कविताको उत्तरवर्ती कालखण्डको सञ्चेतनावादी मोडको सरल प्रयोगवादी, प्रगतिवादी, मानवतावादी कविका रूपमा प्रतिष्ठित छन् ।

अमर त्यागीका कविताकृतिका बारेमा अध्ययन अनुसन्धान गर्ने भावी अध्येताहरूका लागि निम्नलिखित शीर्षकहरू उपयुक्त रहेका छन् ।

१) अमर त्यागीको **अनुभूतिको जुलुस** सूत्रकविता सङ्ग्रहको कृतिपरक अध्ययन

२) अमर त्यागीको **अभियुक्त ईश्वर** ताङ्का सङ्ग्रहको कृतिपरक अध्ययन

३) अमर त्यागीका कवितामा प्रगतिवादी चेतना

४) अमर त्यागीका कविताहरूको बिम्बपरक विश्लेषण

५) अमर त्यागीका कविताहरूको शैलीवैज्ञानिक अध्ययन

# सन्दर्भसूची


उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश** ललितपुर : साझा प्रकाशन, २०५९ ।

के.सी., दिवाकर, "अमर त्यागीको **बाँसुरीमा आँसुको गीत** गजल सङ्ग्रहको विद्या तात्त्विक अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, २०६८ ।

खनाल, यदुनाथ, **समालोचना सिद्धान्त** ललितपुर : साझा प्रकाशन, २०२३ ।

जोशी, कुमारबहादुर, **कविता चर्चा** ललितपुर : साझा प्रकाशन, २०४० ।

ढुङ्गेल, भोजराज र अन्य, **नेपाली कविता र काव्य परिचय** काठमाडौं : एम.के. पब्लिसर्स, २०६४ ।

त्यागी, अमर, **बाँसुरीमा आँसुको गीत** बारा : देवकोटा स्मृति सभा, २०५७ ।

**_______, _______, अक्षरहरूको देश** बारा : जुनु क्षेत्र, २०५८ ।

**_______, _______, अनुभूतिको जुलुस** काठमाडौं : हेमकुमार श्रेष्ठ, २०६० ।

**_______, _______, अभियुक्त ईश्वर** काठमाडौं : कौशिकी साहित्य प्रतिष्ठान, २०६३ ।

त्रिपाठी, वासुदेव (सम्पा.) **नेपाली कथा भाग १** काठमाडौं : साझा प्रकाशन, २०६० ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** २ ललितपुर : साझा प्रकाशन, २०४९ ।

दहाल, हरिप्रसाद, "अमर त्यागीको **अक्षरहरूको देश** कविता सङ्ग्रहको कृतिपरक अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रि.वि. त्रिचन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६८ ।

पाण्डेय, बालिकादेवी, देवेन्द्र लम्सालको शान्तिको खोजीमा कविता सङ्ग्रहका कविताहरूको विश्लेषण र मूल्याङ्कन, पाल्पा : त्रि.वि. त्रिभुवन बहुमुखी क्याम्पस, २०६५ ।

बराल, ईश्वर, **नेपाली साहित्यकोश** ।

मल्ल, लोकबहादुर, "अमर त्यागीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन", रूपन्देही : भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६८ ।

रिजाल, नवराज, बाराजिल्लाको साहित्यिक योगदान, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०५५ ।

**_______, _______, नेपाली समालोचना** : परम्परा र प्रवृत्ति वाराणसीः भूमिका

प्रकाशन, २०६१ ।
प्रसाइँ, नरेन्द्र, **नेपाली साहित्यको समालोचक र समालोचना**, काठमाडौँ : एकता प्रकाशन, २०५७ ।
लुइँटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।
लुइँटेल, खगेन्द्रप्रसाद, **कविताको विश्लेषण** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।
लोहनी, सचिता, "बारा जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविता कृतिको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि., केन्द्रीय नेपाली विभाग, २०६१ ।
शर्मा, मोहनराज र अन्य, **नाटक र इतिहास** कीर्तिपुर : नवीन प्रकाशन, २०६० ।
सुवेदी, राजेन्द्र (सम्पा.) **स्नातकोत्तर नेपाली कथा** ललितपुर : साझा प्रकाशन, २०५१ ।

## परिशिष्ट

अमर त्यागीको व्यक्तिगत विवरण

नाम : अमरबहादुर श्रेष्ठ

साहित्यिक नाम : अमर त्यागी, अन्जान बागी

जन्ममिति : विक्रमाब्द २०२५ भाद्र कृष्णाष्टमी

पितामाता : रण बहादुर श्रेष्ठ, स्व. लक्ष्मी श्रेष्ठ

पत्नी : जमुना कुमारी क्षेत्री (जुनु क्षेत्री)

सन्तान : अजस्र श्रेत्री

धर्म : मानवता

राष्ट्रियता : नेपाली

शैक्षिक योग्यता

| क्र.सं. | स्तर | संस्था | वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | एस.एल.सी. | श्री सिद्धेश्वर संस्कृत मा.वि., कलैया | २०४२ | द्वितीय |
| २ | स्नातक तह | रामराजा बहुमुखी क्याम्पस, कलैया | २०४९ | द्वितीय |
| ३ | स्नातक तह | ठाकुर राम बहुमुखी क्याम्पस, वीरगन्ज | २०५२ | द्वितीय |
| ४ | स्नातकोत्तर तह | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | २०६० | प्रथम |
| ५ | विद्यावारिधि | नेपाल संस्कृत विश्व विद्यालय | अनुसन्धानरत | |

व्यवसाय : अध्यापन, प्राध्यापन, साहित्यिक लेखन र पत्र-कारिता

अनुभव

१. वि.सं. २०४६ देखि हालसम्म विभिन्न निजी विद्यालयहरूमा अध्यापनरत

२. वि.सं. २०५९ देखि हालसम्म विभिन्न महा विद्यालय र कलेजहरूमा प्राध्यापनरत,

३. विद्यालय स्तरमा सहायक प्र.अ. तथा महा विद्यालय स्तरमा नेपाली विभागका प्रमुख रूपमा समेत कार्य सम्पन्न,

४. महा विद्यालयस्तरको नेपाली विषयको तालिम प्राप्त,

५. साहित्यिक लेखन, सम्पादन, प्रकाशन र सङ्घ-संस्था सञ्चालनमा विगत तीन दशकदेखि कार्यरत ।

सम्प्रति : सहायक प्राध्यापक, रेन्बो इन्टरनेशनल कलेज, काठमाडौं

प्रमुख : नेपाली विभाग

**प्रकाशन**

१. बाँसुरीमा आँसुको गीत (गजल कृति) २०५७

२. अक्षरहरूको देश (कविता कृति) २०५८

३. अनुभूतिको जुलुस (सूत्र कविता कृति) २०६०

४. अभियुक्त ईश्वर (ताङ्का कृति) २०६२

५. विभिन्न पत्र पत्रिकामा ५०० भन्दा बढी कविता, गजल, हाइकु, ताङ्का, सेदोका, कथा, निबन्ध, समालोचना प्रकाशित ।

**पुरस्कार-सम्मान**

| | |
|---|---|
| १. प्रतीक तथा पुरस्कार २०४५ | : प्रतीक प्रकाशन, वीरगन्ज, |
| २. अस्तित्व साहित्य सम्मान २०५२ | : अस्तित्व साहित्य परिवार, रौतहट, |
| ३. विसाप काव्य पुरस्कार २०५९ | : वीरगन्ज साहित्य परिषद्, वीरगन्ज |
| ४. नारायणी वाङ्मय पुरस्कार २०६० | : नारायणी वाङ्मय प्रतिष्ठान, वीरगन्ज |
| ५. सूत्र-स्रष्टा सम्मान २०६१ | : बारा दर्पण साप्ताहिक, बारा |
| ६. राष्ट्रिय वाङ्मय सम्मान २०६२ | : उद्योग वाणिज्य सङ्घ, बारा |
| ७. गजल गौरव सम्मान २०६२ | : सगर प्रकाशन समूह, वीरगन्ज |

८. विभिन्न प्रतियोगिताहरूमा १२ पटक प्रथम र द्वितीय पुरस्कारबाट पुरस्कृत

**संलग्नता**

| | |
|---|---|
| १. संस्थापक | : रणलक्ष्मी राष्ट्रिय प्रतिभा पुरस्कार, |
| २. संस्थापक | : मूर्च्छना गजल सम्मान |
| ३. अध्यक्ष | : गजल गुँड, नेपाल |
| ४. उपाध्यक्ष | : अभिज्ञान आन्दोलन, नेपाल |
| ५. महा-सचिव | : देवकोटा स्मृति सभा |
| ६. महा-सचिव | : नेपाल हाइकु महा-सङ्घ |
| ७. महा-सचिव | : नेपाल राष्ट्रिय गजल प्रतिष्ठान |
| ८. महा-सचिव | : नेपाली आख्यान समाज |
| ९. सचिव | : नारायणी वाङ्मय प्रतिष्ठान |
| १०. सचिव | : बारा वाङ्मय परिषद् |
| ११. सचिव | : हास्य व्यङ्ग्य समाज |

१२. सदस्य : नेपाल कोरिया साहित्य समाज

१३. सदस्य : भोजपुरी वाङ्मय प्रतिष्ठान

१४. सल्लाहकार : नेपाल भोजपुरी प्रतिष्ठान

**सम्पादन**

१. सह-सम्पादक : सोपान साहित्यिक

२. सह-सम्पादक : सगर साहित्यिक

३. सम्पादक : जनहित ज्योति साहित्यिक

४. कार्यकारी सम्पादक : मूर्च्छना, गजल पत्रिका

५. प्रधान सम्पादक : बारा दर्पण साप्ताहिक

६. सम्पादक : बारा महोत्सव स्मारिका

७. सम्पादक : गढीमाई मेला स्मारिका

८. सम्पादक : रामराजा क्याम्पस रजत महोत्सव स्मारिका

९. सम्पादक : अश्रुपूरित आँखाहरू (गलल सङ्ग्रह)- रामप्रसाद साह

१०. सम्पादक : प्रतिमा र प्रसङ्ग (निबन्ध सङ्ग्रह)- सुशील मुडमरी

११. सम्पादक : सोझा प्रश्न : बाउँठा उत्तर (हास्य-व्यङ्ग्य) - मुकुन्द आचार्य

१२. सम्पादक : जलनको आँसु (गजल-सङ्ग्रह) - रामेश्वर जलन

प्रवर्तन : सूत्र कविता, अभिज्ञान आन्दोलन

सम्पर्क : सरस्वती नगर, मैत्रेय मार्ग, चावहिल, काठमाडौं

मोबाइल : ९८४१९४५५१६, ९७५१००२९८१, ९८१३५१०३३३, ९८१३६४११६४

इमेल : amartyagee@yahoo.com